शुभारम्भ

❖ प्राज्ञ प्रा.डा. हेमनाथ पौडेल

राम विनयका नियात्रा कृतिको अध्ययन गर्दा उनी अविदिततर्फको होइन, विदिततर्फको यात्रामा रमाएका देखिन्छन् । उनका नियात्रामा गत्यात्मकता, वस्तुपरकता, स्थानीयता, परिवेशको सुस्पष्ट अङ्कन, निजात्मकता, कल्पनाशीलता, चित्रात्मकता, संस्मरणात्मकता, संवादात्मकता एवम् वैचारिकताजस्ता विशेषता पाइन्छन् । पढ्दा पाठकलाई आफैँ यात्रा गरिरहेको छुजस्तो लाग्नेगरी सजीव चित्रण गरिएका उनका नियात्राहरू निकै रोचक र पठनीय पनि छन् । उनका यसअघि प्रकाशित नियात्राहरू र यो नियात्राले पाठकलाई प्रशस्त खुराक दिएका छन् । उनका नियात्रा पढ्दा लाग्छ उनी केवल मनोरञ्जनका लागि मात्र यात्रा गरिरहेका छैनन्, उनी स्वउद्देश्यपूर्ण यात्रामा छन् । उनका यात्रानिबन्धमा यात्रागत वर्णन मात्र होइन, आर्थिक, सामाजिक सन्दर्भका साथै इतिहास, संस्कृति, राजनीति र साहित्यजस्ता विषयहरू पनि सँगसँगै आइरहेका पाइन्छन् । विषय तथा शीर्षकलाई सङ्क्षिप्त र सुगठितरूपमा प्रस्तुत गरिएका उनका नियात्रा कृतिमा राष्ट्र, राष्ट्रियता र स्वदेशप्रतिको अगाध प्रेम तथा चिन्ता प्रचुर मात्रामा प्रकट भएको पाइन्छ ।

राम विनय प्रतिबद्ध वैचारिक साहित्यकार हुन् । उनी हरेक कुरालाई विचारका कोणबाट हेर्छन् र विश्लेषण गर्छन् । उनले अमेरिका पुगेर त्यहाँको रमझम मात्र देखेनन्, त्यहाँको पुँजीवादी सरकारले गरेका व्यवहार र लिएका आर्थिक, सांस्कृतिक नीतिलाई पनि नजिकबाट नियालेका छन् ।

*(**प्राज्ञ प्रा.डा.हेमनाथ पौडेल** : नियात्राकार राम विनयको 'अमेरिकामा नब्बे दिन' नियात्रासङ्ग्रहको भूमिकाबाट साभार)*

❖ सम्पादकीय

ज्वाईं, छोरी, भाइ र आफन्तको चौघेरामा रूमल्लिएको लोकतन्त्र !

मुलुकमा लोकतन्त्र आयो भनेर जनताले खुसी मनाए । अब मुलुकमा विकासले गति लिन्छ, जनजीविकाका लागि खाडीमा गएर पचपन्न डिग्रीको तापक्रममा रगतपसिना बगाउनुपर्ने अवस्थाको अन्त्य हुन्छ, शोषण र विभेदको अन्त्य हुन्छ; ढौंग, आडम्बर र पाखण्डको पनि अन्त्य हुन्छ, समान अवसर प्राप्त हुन्छ, विधिको शासन हुन्छ, जनाधिकारको सदुपयोग गर्नपाइन्छ, सत्तामा बस्नेहरूले बाँदर नाच देखाउँदैनन् र सुशासनको अनुभूति गर्नपाइन्छ भन्ने जनअपेक्षामा दिनप्रतिदिन यसरी क्षयीकरण भइरहेको छ कि अन्ततः चटके नटबरलालहरूको तमासाले लोकतन्त्र भनेको 'बाँदरको हातको नरिबल' हो भन्ने प्रमाणित गरिदिने सम्भावना बढिरहेको छ ! मानौं लोकतन्त्र भनेको अरौटे खेतालाहरूले गर्ने लुटको धन फुपूको श्राद्ध हो, जे मन लाग्यो त्यही गरे हुन्छ ! मानौं लोकतन्त्र भनेको यिनै लुटेराहरूको पाँडेपजनी हो, जो ज्वाईं, छोरी, भाइभन्दा पर पुग्न सक्तै सक्तैन ! मानौं लोकतन्त्र भनेको भ्रमको बेलुन फुलाउने, उडाउने अनि अवसरजति आफ्नै वरिपरिका पोल्टामा मात्र हाल्ने चरम अवसरवादी शासनव्यवस्था हो, जसले आफन्तबाहेक कतै कोही देख्तै देख्तैन भन्ने अबगालको बढोत्तरी भइरहेको छ र अन्ततः जनताको बलिदानी सङ्घर्षले प्राप्त गरेको लोकतन्त्रको उपहास भइरहेको छ ! या त चटके नटबरलालहरूले लोकतन्त्रको खिल्ली उडाइरहेछन् !

शासनसत्ताको जिम्मेवारी दिँदा इमान हेर्नु नपर्ने, विषयविज्ञता नचाहिने, भोलिसम्मका लागि मुलुक डोहोऱ्याउने दूर दृष्टि आवश्यक पर्छ भन्ने कुराको पनि हेक्का नराख्ने र क्षमताविहीन, नालायक, अपरिपक्व, अदूरदर्शी ठेटनाका जिम्मामा जिम्मेवारी सुम्पिएपछि न ऊ आफ्नो क्षमताले काम गर्छ, न ऊ अरूमाथि भरोसा गर्ने क्षमता राख्छ, न उसले को विशेषज्ञ हो र कसको भरोसा गर्नुपर्छ भन्ने छ्यानविचार गर्नसक्छ ! केही गर्न सक्तै सक्तैन ! बरु ऊ त 'नपाउनेले केरा पायो बोक्रैसँग खायो' भनेझैं आफैं विद्वान भइटोपल्छ, विशेषज्ञ भइटोपल्छ ! उसको अनभिज्ञता बन्धनबाट एकाएक फुत्किएको कोरलीजस्तो बुर्कुसी मार्नथाल्छ र भड्खालोमा जाकिन्छ । आफू जाकिएपछि मात्र एकाएक झल्याँस्स हुन्छ अनि अन्तस्करणमा पश्चातापबोध त हुन्छ तर त्यो अज्ञानी चेतना आधा गाग्रो पानी छचल्किएजस्तो भएर आफूलाई सुधार्नीतिर होइन असफलताको, असक्षमताको र आफ्नो सम्पूर्ण नालायकीको दोष अरू कसैलाई थोपरेर पानीमाथिको ओभानो हुने चेष्टा गर्दछ । विचरा ! मेरो देश अहिले यस्तै अपरिपक्व, स्वार्थी, अल्पज्ञानी, अनभिज्ञ ठेट्नाको निरुद्देश्य दौडमा दौडिन बाध्य हुँदा आर्थिक सङ्कटको भुमरी झेल्न बाध्य भइरहेको छ !

एउटा सिङ्गो आर्थिक वर्ष सकिनलाग्दा विकास बजेट पच्चिस प्रतिशत खर्च भएको हुँदैन ! साधारण खर्च धान्नै नसक्ने अवस्थामा पुग्छ, बजार अनियन्त्रित छ, सरकार भएको भान कोही कसैलाई हुँदैन

र जसले जे गर्नसक्छ त्यही गरे भएको छ, मनलाग्दी छ ! जनताको चुल्हो बल्नै नसक्ने अवस्था सिर्जना भइसकेको छ तर 'कसैलाई केको भन्दा घरज्वाइँलाई खानको धन्दा' भनेझैं परमादेशी डफेदारहरू ज्वाइँलाई राजदूत बनाउने ध्याउन्नमा छन् ! भाइलाई सांसद बनाउने र अवसरजति आफ्नै थालमा मात्र घोप्ट्याउने होडमा दौडेका छन् ! सार्वभौम भनिएको संसद्को उपहास गरेर हिजोको गुन तिर्न टीके मन्त्री बनाउने होडबाजी चलेको छ ! आफूले दिनदहाडै बिच बाटोमा निर्लज्ज उभिएर पिसाब गरेको ठिक तर हिजो उसले छेउमा उभिएर त्यही काम गरेको बेठिक साबित गर्न मच्चिई मच्चिई भाषण गरिरहेका छन्, तमासा देखाइरहेका छन् ! दिउँसै सपना देखिरहेका छन्, बर्बराइरहेका छन् !

मुलुकलाई औद्योगिकीकरण गर्ने, उत्पादकत्व बढाउने, आयात प्रतिस्थापन गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने र युवालाई विदेश पलायन हुनबाट रोक्नेखालका न योजना बन्छन्, न त्यसतर्फ कोही कसैको चिन्ता नै छ ! बरु अरौटे खेतालाहरूका समग्र दुष्कर्मको विरोध गर्ने युवाशक्ति विदेश पलायन भए पनि त्यहाँबाट रेमिट्यान्स आइदिए मुलुक चल्छ भन्ने अदूरदर्शी मानसिकता रछ्यानमा हलक्क भएको मुलाजस्तो मौलाएको छ ! निर्यात बढेन भने विदेशी मुद्राको सञ्चिती घट्छ, विदेशी मुद्राको अभाव हुनासाथ देशका लागि अत्यावश्यकीय आयात गर्ने जोहो हुनसक्तैन त्यसैले अन्धाधुन्द आयात रोक्नुपर्छ भनेर मुलुकको हितमा कसैले सल्लाह दियो भने यो जान्ने भएको ! हामीले चुनावखर्च उठाउनुपर्दैन ? भनेर खोचे थाप्ने, लुकाएर विदेश पुर्‍याएर फिर्काएको कालो धनलाई सेतो पार्न नदिने ? भनेर कोही कसैलाई दोषी करार गर्नखोज्ने र आफ्नो अकर्मण्यता लुकाउने निर्लज्ज उरन्ठेउलाहरूको असक्षताको सिकार देशले हुनुपरेको छ र प्रकारान्तरले जनता पिल्सिन बाध्य हुनुपरेको छ !

मुलुकमा सिटामोलको भाउ बढेको छ ! मानवजीवन रक्षाका लागि अत्यावश्यक साबित भएको जीवनजलको उत्पादन ठप्प भएको छ ! यसमा न चिन्ता छ न चासो नै ! बरु अब यी औषधिका लागि पनि मालिकका उत्पादनले एकाधिकार बजार प्राप्त गर्ने छन्, मालिक खुसी हुने छन् र आशीर्वाद प्राप्त भइरहने छ, सपनामै अरौटे खेतालाहरू बर्बराहइरहेका छन्, 'अब हामी पहिला हुन्छौं त्यो सकियो !' ए बाबा ! हत्केलाले सूर्य छेक्न सकिँदैन, निषेध गरेर कोही कसैलाई मटियामेट पार्नसकिँदैन, आफैं सुतेको ओछ्यानमा पिसाब गरेर न्यानो भएको अनुभूति दीर्घ कालसम्म रहँदैन भन्ने हिजोको निरङ्कुश शासनव्यवस्थामै सिकिएको होइन र ! हिजो निरङ्कुश कालमा रूपान्तरणका सपना देख्ने र त्यस दिशामा काम गर्नखोज्नेलाई निषेध गर्ने हरसम्भव कोसिस भएको थिएन र ? तर निषेध सम्भव भएको थियो त ? मतदाताको विवेकको प्रयोग हुँदा सारा खोलोपैरो एकातिर लाग्दा पनि समानरूपमा मत प्राप्त हुननसकेको र एक्लैले पनि पैंतालिस प्रतिशत मत ल्याएको नेपाल बारको निर्वाचनको दृष्टान्तले प्रमाणित गरिसकेन र ?

हिजो पनि जनताको अभिमतमा विश्वास नगरेर, कोही कसैको बैसाखी टेकेर पनि उभिननसकेर बत्ती निभाउनुपरेको र मतपत्र नै हन्तकालीले भोज खाएझैं चपाउनुपरेको अवस्थामा के कति सुधार र रूपान्तरण

गरियो भनेर आत्ममूल्याङ्कन पो आजको आवश्यकता थियो नि । तर फेरि पनि अर्कैको बैसाखीको टेको समाएर बैतर्णी तर्ने सोम शर्माको सपना पनि अन्ततः जनआदालतबाटै, शान्तिपूर्ण जनअभिमतबाटै ठेगान लाग्छ र दिउँसै देखिएका सपना पानीफोका फुटेसरि फुट्छन् भन्ने यथार्थमा कोही कसैले द्विविधा राख्नै पर्दैन । पटक पटक जनताको न्यायको कसीमा घोटिँदा जनताले दुत्कारेकाहरू विचरा ! अहिले तिम्रो बैसाखीको टेकोमा मलाई उभिन देऊ न है भनेर गिडगिडाइरहेका छन् र उसैको टाडमुनि छिरेर, उसैको दौराको फेर समातेर घरको कुकुरले मालिकको आडमा बाहिरका कुकुरलाई तर्साउन बेस्सरी भुकेझैं भुकिरहेका छन् !

ठिक छ, अर्कैको बैसाखी समाएर पनि केही समय उभिनै पनि सकिएला तर एक माघले जाडो जान्छ र ! सधैँ सधैँ अर्काको बैसाखीमा टेकेर शिखरको यात्रा तय हुन्छ र ? भइरहेको छ र ? त्यसो हुन्थ्यो भने गाडी उकालो चढिहाल्थ्यो नि, किन ओरालो झर्थ्यो र ? नेपाल बारको अहिलेको निर्वाचनपरिणामले पनि यही कुरालाई पुष्टि गरिदिएन र ? 'माउजङ बाबुसाहेबको कोट' कथाको जस्तो धङधङे बोकेर कोही कोही केही समयका लागि डुक्रिनु वा बर्बराउनुलाई लोकतन्त्रमा त्यति अस्वभाविक मानिदिनु हुँदैन पनि । कम्तीमा आत्मरतिमा रमाउन दिनुपर्छ । भित्तैमा पुर्‍याउनसक्ने सामर्थ्य भए त्यसका लागि पनि अवसर प्राप्त हुन्छ नै । तर यति चैं पक्का हो कि लोकतन्त्रमा त्यो अधिकार जनतालाई मात्र हुन्छ भन्ने हेक्का भइदिए विचराहरू कम्तीमा दिउँसै बर्बराउने चाहिँ थिएनन् !

जनताले काँधमा बोकेर नेता बनाइदिनुपर्ने ! जनताले नेतृत्व स्वीकार गरिदिनु पनि पर्ने ! अनि तिनै जनतामाथि भरोसा नभएर सुरक्षाको चौघेरामा बस्ने, अवसरजति ज्वाइँ, छोरी र भाइभन्दा पर जानै नदिने अवसरवादी निर्लज्ज चरित्रको अवसान अन्ततः जनअभिमतबाटै त हुने हो नि । त्यही जनअभिमतबाट तर्सिएर बिरालाले छाउरा सारेजस्तो, गोठालाले भेडीगोठ सारेजस्तो पटकैपिच्छे फरक फरक ठाउँबाट चुनाव लड्नुपर्ने नियति कसका कारणले उत्पन्न भएको हो भन्ने आत्मसमीक्षा चाहिँ गर्नुनपर्ने ? भोलि भनेको लुट्न पाइँने हो कि होइन, अहिले अवसर पाउँदा आफ्नै मात्र थालमा र आफ्नाका मात्र थालमा हाल्नुपर्छ भन्ने मानसिकतालाई जनताले जुनसुकै मूल्यमा पनि तिरस्कार गर्नैपछ र गर्छन् पनि । ए निर्लज्ज लम्पटहरू हो ! अवसरजति आफ्नै मात्र भागमा घोप्ट्याएपछि तिमीहरूलाई जनता चाहिँ किन चाहिएको हो ? तिमीहरूलाई त्यो स्थानमा पुर्‍याइदिने, राजसी ठाँट र वैभव उपलब्ध गराइदिने कार्यकर्ता हुन् कि ज्वाइँ, छोरी र भाइ हुन् ? एकचोटि तुलनात्मकरूपमा अध्ययन गर्ने हो कि ? पार्टीनिर्माणमा वा रूपान्तरण अभियानमा पुर्‍याएको योगदानकै आधारमा अवसर दिइएको हो भने एकपटकका लागि हुने हो कि जिन्दगिभरका लागि ? अवसर भनेको आफ्नै बाबुको वपौती वा आफूलाई कसैले पानी समाएर सधैँका लागि दिएको दान ठान्न मिल्छ र ? निर्लज्जताको कतै कुनै सीमा हुँदैन महामहिम ! चरम अवसरवादको यो निर्लज्ज घुम्टोभित्र कहिलेसम्म लुक्न सकिएला महोदय ? यसो आत्मसमीक्षा पनि गर्ने हो कि !

–रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

परनिर्भरताको...-*रेणु यादव/१०*

कविता/गीत

सभ्य... - *गायत्रीकुमार चापागाईं/३१*

समाज... - *सञ्जय सुमन/४३*

रातो... - *रञ्जुश्री पराजुली/४८*

कुरुप... - *सुनील पुरी/४९*

सिंह... - *खडकराज गिरी/५५*

गीत... - *विश्व सिग्देल/५९*

अनुवाद/कविता

प्रेम.../**मुस्कान**/**स्मृति**...- *डा. आरती कुमारी/२४*

जब...- *भेलेन्टिना नोक्कोविक/२५*

कथा

प्रतीक्षा - *डी.एम. कन्दङ्वा/२६*

निर्णय- *रुबी रौनियार/४४*

यसपटक

मीनाकुमारी बराल/७

संस्कृति/निबन्ध/संस्मरण

सनातन... - *प्रा. कुलप्रसाद पराजुली/३२*

गाँठो - *माधव काफ्ले/५०*

सन्तवीरको... -*केदार सापकोटा/५६*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

काजुओ इसिगुरो/ ६

निरन्तर...

वासुदेव अधिकारी/ ६०

समाचार/ ६३

अनूभूति

गोपीरमण उपाध्याय/६४

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष १९ अङ्क १ पूर्णाङ्क २१६/२०७९ वैशाख
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

प्रधान सम्पादक: रमेश पोखरेल
कार्यकारी सम्पादक: सुमी लोहनी
सम्पादक: रूपक अलङ्कार
अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे
वेभ संयोजन: प्रशान्त खरेल
कला: गणेशकुमार जी.सी.
आवरण चित्र : गुगल
प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
साजसज्जा: टच क्रिएसन प्रा. लि.

शिखर व्यक्तित्व

काजुओ इसिगुरो

वर्तमानमा विश्वसाहित्यको नेतृत्व पाश्चात्य मुलुक या अङ्ग्रेजी भाषाले गरेको कुरा सबैले स्वीकार गरेको विषय हो तर विश्वसाहित्य भनेको अङ्ग्रेजी साहित्य मात्र होइन र साहित्यकार भनेका पनि अङ्ग्रेजी साहित्यकार मात्र होइनन् । अफ्रिका, दक्षिण अमेरिका, एसिया सबैतिरका साहित्यको समष्टि रूप नै विश्वसाहित्य हो । विश्वसाहित्यलाई समृद्ध बनाउन विश्वका सबै भूभागको उत्तिकै महत्त्व र योगदान रहेको छ । विश्वसाहित्यलाई समृद्ध बनाउने लाखौँमध्येका चर्चित लेखक हुन् ८ नोभेम्बर १९५४ मा नागासाकी जापानमा जन्मेका काजुओ इसिगुरो ।

काजुओ इसिगुरोको जन्म जापानमा भए तापनि शिक्षादीक्षा र पेसाव्यवसाय भने बेलायतमै फस्टाएको हो । केन्ट विश्वविद्यालयबाट स्नातक र इस्ट एङ्गलिया विश्वविद्यालयबाट स्नातकोत्तर अध्ययन गरेका इसिगुरो सन् १९८१ देखि लेखनकार्यमा निरन्तर संलग्न छन् । सन् १९८६ तिर उनी आवासीय पुनर्वाससम्बन्धित क्षेत्रमा काम गर्थे त्यसै वेला उनको विवाह लोर्ना म्याकडोनाल नामकी सामाजिक कार्यकर्तासित भएको थियो ।

उपन्यास, पटकथा तथा कथा काजुओ इसिगुरोले कलम चलाउने प्रमुख विधा हुन् । विज्ञान कथा एवम् ऐतिहासिक कथालाई उनले प्राथमिकता दिएका छन् । एकसे एक लोकप्रिय किताब लेखेर चर्चित बन्दै आएका इसिगुरो सन् २०१७ को नोबेल पुरस्कार प्राप्त गरेपछि विश्वविख्यात बन्न पुगे । बेलायतमा बसेर लेखनकर्म गरे तापनि जापान उनको जन्मस्थान भएकाले उनले जापानलाई समेत गौरवान्वित बनाए । उनीमाथि समस्त एसियाका साहित्यप्रेमीहरूले पनि गौरव गर्दछन् ।

काजुओ इसिगुरो सिनेमाका पटकथा लेखक त हुँदै हुन् सिद्धहस्त आख्यानकार पनि हुन् । उनले –ए पेल व्यु अफ हिल्स, द रिमेन्स अफ द डे, नेभर लेट मी गो, द वरिड जाइन्टलगायत थुप्रै उपन्यासहरूको रचना गरेका छन् । उनीद्वारा रचित उपन्यास नेभर लेट मी गोलाई टाइम्स म्यागेजिनले २००५ को सर्वश्रेष्ठ उपन्यास घोषित गरेको थियो भने उक्त उपन्यासलाई सन् १९२३ देखि २००५ सम्मका सर्वश्रेष्ठ अङ्ग्रेजी साहित्यका कृतिहरूमा समावेश गरिएको थियो ।

काजुओ इसिगुरो भावनात्मक प्रस्तुतिका बादशाह मानिन्छन् । पाठक वा दर्शकको अन्तर्मनसित साउती गर्ने उनको क्षमता विस्मयकारी छ । आपसी सम्बन्ध र त्यसको प्रभावकारितालाई समातेर मर्मस्पर्शी अभिव्यक्ति दिने कार्यमा इसिगुरोको अथाह प्रशंसा गरिन्छ ।

– रूपक अलङ्कार

यसपटक

❖ मीनाकुमारी बराल

वि.सं.२०२७ श्रावण १४ गते माता भवानी बराल र पिता बटुकप्रसाद बरालकी सुपुत्रीका रूपमा धनुषा जिल्लाको लालगढ, बेङ्गाडाबर ९ मा जन्मिएकी मीनाकुमारी बरालले त्रिभुवन विश्वविद्यालयबाट प्रथम श्रेणीमा स्नातकोत्तर उत्तीर्ण र द्वितीय श्रेणीमा नेपाली विषयमा एम.एड.समेत गरेकी छिन् । हाल नेपालगन्ज उपमहानगरपालिका १८, कारकाँदो, बाँकेमा स्थायी बसोवास गरिरहेकी बराल महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँकेमा प्राध्यापन कर्ममा समर्पित रहेकी छिन् । नेपाली, अवधी, मैथली, हिन्दी र अङ्ग्रेजी भाषामा दखल राख्ने बराल २०५२ सालमा 'सन्तान' शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । उनको 'मनका छालहरू' कवितासङ्ग्रह (२०७७) मा प्रकाशित भएको छ भने ' दौँतरी, 'परिवर्तन'लगायत राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा फुटकर रचना प्रकाशित भइरहेका छन् । भेरी साहित्य समाज, प्रगतिशील लेखक सङ्घ बाँके, वाङमय प्रतिष्ठान बाँके, तिमिल्सिना वाङमय प्रतिष्ठान नेपालगन्जलगायतका धेरै सङ्घसंस्थाहरूमा सक्रियताका साथ क्रियाशील रहेकी बरालले परिवर्तन, दौँतरी, मध्यपश्चिमलगायतका पत्रिका तथा केही कृतिहरूको सम्पादनसमेत गेरकी छिन् । साथै उनले रु.एक लाख एक हजार राशिको 'रामेश्वर-कमलादेवी स्मृति पुरस्कार कोष'को स्थापनासमेत गरेकी यिनै सक्रिय स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

'लुकामारी' शीर्षकको पहिलो कवितामा प्राकृतिक प्रकोप शीतलहर चलेर धरती र धरतीवासीले न्यानोको स्पर्श नै गर्ननपाई लुकेको सूर्यलाई अभाव र गरिबी निवारणको सपना बोकी खाडीमा पलायन भएका र बेपत्ता भएका युवाभैँ, श्रम र पसिनामै सदैव समर्पित भएर पनि खुसी हराएका श्रमजीवीभैँ बेपत्ता नभइदिने आग्रहका साथ विपन्न वर्गका नेपालीले बाँचेको, भोगेको पीडा उजागर गर्दै खुसीको उज्यालोको, समताको उज्यालोको खोजी गरिएको छ । 'मेरा बा' शीर्षकको दोस्रो कवितामा आफू सम्पूर्णरूपमा अभावमा पिल्सिएर, हाँसो र खुसी गुमाएर फगत परिवारको खुसीमा बाँच्न र घोटिन बाध्य भइरहेका सम्पूर्ण मध्यम वर्गसम्मका बाहरूको पीडालाई उजागर गरी किन बाको हाँसो र खुसी हराउँछ भन्ने चाहिँ आफूले व्यवहार गर्नथालेपछि मात्र थाहा भएको यथार्थका माध्यमबाट अभिव्यक्त गर्दै सन्तान तथा परिवारका प्रति बाहरूको योगदान आमाको भन्दा कम नरहेको उच्च मूल्याङ्कनसमेत गरिएको छ । 'सँधियार' शीर्षकको तेस्रो कवितामा छिमेकीले हाम्रो सीमानामा धावा बोलिरहेको यथार्थको चित्रण गर्दै नेपाली भूमिमा गिद्दे नजर नलगाउन र नेपाली वीर गोर्खालीको वीरताको इतिहास सम्झन चुनौती दिइएको छ, राष्ट्रवादी भावना सशक्तरूपमा सम्प्रेषण गरिएको छ ।

लुकामारी

तिमी आयौ धेरै दिनपछि
दुबई कतार पुगेको
मलेसिया पुगेको
अनि स्याउ टिप्न सिम्ला पुगेको
आफ्नो मान्छे
अनयास घरको दैलोमा टुप्लुक्क पुगेझैँ
हराएथ्यौ अनयासै
बादलुको घुम्टोभित्र हो कि !
हुस्सु कुहिरोभित्र हो !
यति प्यारी धरतीलाई
यति प्यारा धरतीवासीलाई
न्यानोले नछोपी
अझ तिमीविना बाँच्नै नसक्ने म
तिम्री पुजारीलाई एक्लै एक्लै छोडेर
बेखबर बेखबर तिमी
मलाई डर थियो
तिमी आउँदैनौ कि भन्ने !
डर थियो
मेची-महाकाली छाउँदैनौ कि भन्ने !
सुन्दर पार्वतीलाई छक्याई
मृगका बथानमा मृग बनेका महादेवझैँ
अब नलुक प्रिय शीतलहरभित्र
नलुक प्रिय यो मुटु चुँडाल्ने जाडोमा
तिम्रो मन्द मन्द तापमा
जीवनको सुगन्ध छर्न देऊ
यो फूलजस्तो शरीरमा
तिम्रो न्यानो किरण पर्न देऊ ।

मेरा बा

सखारै उठ्दा सबै हाँस्छन्
मेरो बा हाँस्दैनन्
आमाको कचकचसँगै
खल्ती टक्टक्याएर झारझुर गरेर
भएको जति आमाको हातमा थमाई
हतार हतार चार गाँस भात
सकी नसकी घाँटीबाट धकेल्दै
हतार हतार अफिस कुद्छन्
मेरा बा !

म दिउँसो टिफिन खाँदा सम्झन्छु
बा'को रित्तो खल्ती
भोक त लाग्दो हो नि !
साँझ मेरो गृहकार्यसँगै
खुइ..य गरेर चामलको बोरा झारेर
काँध टक्टक्याउँछन्
मेरा बा ।

बत्ती, पानी, टेलिफोनको
बिल छ उनको खल्तीमा
तर हुनुपर्ने वस्तु छैन
उनको खल्तीमा
छिमेकी दिदीको बिहेको दक्षिणा
भाइ र मेरो फी, किताबकापी
आमाको चुरापोते लुगाफाटो
खुसी छौँ हामी र आमा पनि
तर

मेरा बा हाँस्दा नहाँसेजस्तो
रुँदा नरोएजस्तो !
टन्टलापुर घाममा
कलिला मकैको पात ओइलाएजस्तो
थाहा भयो
किन हाँसेनन् भित्रैदेखि मेरो बा !

आज त्यसरी नै
हाँस्नसकेकी छैन भित्रैदेखि म
र
सम्झँदै छु
कुनै बा'को योगदान
आमाभन्दा कति कम
र कति बेसी छ ?

सँधियार

स्वतन्त्र, सार्वभौम
दुई ढुङ्गाबिचको तरुलझैं मेरो देश
बडो होसियारीका साथ झाङ्गिएको
कहिले उत्तर
त कहिले दक्षिणतर्फबाट
बिस्तारै आफ्नो ढुङ्गोलाई
पल्टाउन खोज्छ सँधियार !

लहरा किचियोस् भनेर
नझाङ्गियोस् भनेर
नफलोस् भनेर
राष्ट्रसीमा रक्षा गर्न
बसेको सैनिकझैं
सधैं म पहरा दिन्छु ।

खबरदार !
कसैले आँखा लगायौ भने
मभित्रको गोर्खा जाग्ने छ
सिरुपाते खुकुरी चम्कने छ
पुर्खाको रगतले सिञ्चित
वीर गोर्खाको इतिहास
फेरि दोहोरिने छ
साँधमा बसेका सँधियार हो !
अर्काको बारीमा आँखा नलाओ
आफ्नो बारीलाई सुन्दर बनाओ
फलफूल फलाओ ।

तिम्रो वस्तुप्रति
छैन आशक्ति हामीलाई
आफ्नो पौरखमा रमाउँछौं
पौरखी, वीर नेपाली
हाम्रो बारीमा गिद्दे नजर नलगाओ
दुष्ट स्वभाव नदेखाओ
हाम्रो स्वाभिमानमा
प्रहार नगर
मतियार नबन,
इतिहास पढ
नालापानी, काङ्गडा, राबी र टिष्टाको
देशका लागि अन्नपानीविना लड्ने
देशभक्त नेपाली
राष्ट्रियताका लागि
आमाको अस्मितारक्षाका लागि
हामी अरिङ्गालको गोलो हुने छौं
छोड्ने छैनौं पानीभित्र पनि ।

❑ विशेष संवाद

❖ रेणु यादव

परनिर्भरताको बाध्यताले महिलाले घरेलु हिंसाको सिकार हुनुपरेको छ

नेपालका अधिकांश जिल्लालगायत एक दर्जनभन्दा बढी युरोप र एसियाका ठाउँहरूको भ्रमण गरी त्यहाँका अनुभव सँगाल्दै लामो समयदेखि राजनीतिक र सामाजिक क्षेत्रका विशेष अनुभव सँगाल्ने अवसर प्राप्त गरेकी रेनु यादव भारतको बिहार राज्यमा जन्मिएर नेपालको प्रदेश नं. २ मा कर्मघर भएकी अनि प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा दुईपटक र समानुपातिक प्रणालीद्वारा एकपटक सभासद् भई जिम्मेवारी निर्वाहको क्रममा महिला तथा बालबालिका, विज्ञान तथा प्रविधि राज्यमन्त्री र शिक्षामन्त्रीसमेत भएकी सफल व्यक्तित्व हुन्। उनी मानिसले आफ्नो इच्छा र क्षमतालाई सर्वोपरि ठानी दृढ निश्चयी भएर काम गर्दै गएमा सफलता प्राप्त गर्नसकिन्छ भन्ने मान्यता राख्छिन्। उनका विचारमा अशिक्षा, गरिबी, परनिर्भरता र रूढि महिलाउत्थानका बाधक हुन्। यिनीहरूको निराकरणका लागि एकात्मक भावनाको खाँचो छ। एकात्मक भावनामा उनीएर महिलाउत्थानका लागि प्रभावकारी कार्यक्रमहरू तय गरी गाउँ गाउँ पुऱ्याउनुपर्छ र चेतना अभिवृद्धि गराउनुपर्छ भन्ने सोचाइ र गराइ रेणुमा पाइन्छ। यसरी महिलाहरूलाई परनिर्भरता हटाउन र आत्मनिर्भर बनाउन प्रेरणा भर्दै आएकी राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवले युक्त उनै रेणु यादवसँग प्राज्ञ नर्मदेश्वरी सत्यालले गर्नुभएको लामो कुराकानी यहाँ समावेश गरिएको छ।

नर्मदेश्वरी : तपाईंको जन्म कहाँ र कहिले भएको हो ?

यादव: मेरो जन्म भारतको विहार राज्यको अररिया जिल्ला गरुडाहा विस्नुपुर गाउँमा सन् १९६३ (२०२०) मा भएको हो।

नर्मदेश्वरी : आमाबुबाको नाम के हो ?

यादव: मेरी आमाको नाम चिन्तामणि देवी र बुबाको नाम रामेश्वरप्रसाद यादव हो।

नर्मदेश्वरी: दाजुभाइ र दिदीबहिनी ? तपाईं कुन चाहिँ पर्नुभयो ?

यादव: मेरा दाजुभाइमा एकजना दाजु र एकजना भाइ हुन् भने दिदीबहिनीमा दुई दिदी

र एक बहिनी हुन् । मचाहिँ चौथोमा पर्दैं ।

नर्मदेश्वरी : तपाईँको शिक्षादीक्षा कहाँ र कसरी भयो ?

यादव: मैले शिक्षादीक्षा फर्बिसगन्जको कन्या माध्यमिक विद्यालयबाट सन् १९७८ मा एस.एल.सी.पूरा गर्दैं भने फर्बिसगन्ज कलेजबाट इतिहास र राजनीतिशास्त्र विषयमा सन् १९८३ मा बी.ए.अनर्स उत्तीर्ण गर्दैं ।

नर्मदेश्वरी: तपाईँले अध्ययनलाई किन निरन्तरता दिन सक्नुभएन ?

यादव: मैले विवाहअघिसम्म पढाइलाई निरन्तरता दिएकी थिएँ । विवाहपछि बच्चा र घरायसी व्यवहारको जिम्मेवारी थपिएकाले उच्च शिक्षा अध्ययनका लागि समय मिलाउन सकिएन ।

नर्मदेश्वरी: विवाहका सम्बन्धमा कहाँ, कोसँग, कति वर्षमा, कति फरकमा, कहिले भएको थियो ?

यादव: मेरो विवाह नेपालमा सप्तरी जिल्लाको खरकपुर गाउँ हाल बोधेवर्स्यायन नगरपालिका वार्ड नं. १०. निवासी अशोक यादवसँग सन् १९८१ (२०३८ मा) १८ वर्षको उमेरमा ५ वर्षको फरकमा भएको थियो ।

नर्मदेश्वरी: के विवाहपछि श्रीमान्बाट सहयोग प्राप्त भयो ?

यादव: विवाहपछि जेजति समय सँगै बस्न पाइयो मैले श्रीमान्बाट भरमग्दुर सहयोग प्राप्त गर्दैथैं । उहाँको अल्पायुमै २८ वर्षको उमेरमा २०४३ साल चैत्र महिना २३ गते हत्याका कारण आकस्मिक निधन भयो । त्यतिखेर म २३ वर्षकी थिएँ ।

नर्मदेश्वरी: तपाईँको दाम्पत्य जीवन अनुकरणीय रह्यो/रहेन ?

यादव: हाम्रो दाम्पत्य जीवन छोटो समयको भए पनि अनुकरणीय रहेथ्यो ।

नर्मदेश्वरी: तपाईँका सन्तान सङ्ख्या ?

यादव: मेरा सन्तानमा एक छोरा अभिषेक यादव हुन् । उनी अहिले प्रदेश नं. २ सप्तरीबाट सभासद् भएका छन् ।

नर्मदेश्वरी: तपाईँका विचारमा छोरा र छोरीमा गरिने अधिकांश व्यवहार किन फरक भएको हो ?

यादव: मेरा विचारमा छोरा र छोरीमा गरिने अधिकांश व्यवहार आफूसँग घरमा रहने र पराया घर जाने प्रचलनमा आधारित र प्रभावित छ । 'छोरो अंश र वंशको आधिकारिक व्यक्ति भएको र छोरी माइतीका लागि रित्तो हात' भन्ने प्रचलनले गर्दा पनि फरक व्यवहार गर्दै आइएको हो भन्ने लाग्छ । बढी विभेद गरिब र अशिक्षित परिवारमा भएको देखिन्छ । शिक्षित परिवारमा पहिलेको जस्तो अहिले विभेद गरिन्न । पढाउनेसन्दर्भमा छोरा र छोरी दुबैलाई समानरूपमा नै पढाउने गरेको देखिन्छ । यति हो घरायसी कामधन्दामा भने छोरीहरूलाई बढी जिम्मेवार बनाइने प्रचलन कायमै छ । सानै उमेरदेखि बालबालिकालाई घरायसी काम र समानताको महत्त्व दर्शाउँदै लानुपर्छ । यस कुरामा आमाबाबुको पनि कमजोरी देखिन्छ । मेरा विचारमा कसो कसो घरायसी काममा महिलाहरू नै अघि सर्छन् र रमाउँछन् पनि । यो महिलाहरूको कमजोरी

पक्ष हो भन्ने मलाई लाग्छ ।

नर्मदेश्वरी: समाजमा साँच्चै छोरासरह छोरीहरूले अधिकार पाएको देखिन्छ त ?

यादव: भन्नैपर्ने हुन्छ वास्तविकतामा नेपाली समाजमा छोरासरह छोरीहरूले अधिकार पाएका छैनन् । यदि समान अधिकार थियो भने त छोराहरूका अगाडि छोरीहरूले डराउनु, रुनु र कमजोर हुनुपर्ने थिएन । समाजमा बराबरी हुन त हरेक व्यक्तिको मनमस्तिष्कमा समानताको भाव उत्पन्न हुनुपर्छ ।

नर्मदेश्वरी: दाइजोप्रथाबारे तपाईँको विचार ?

यादव: दाइजो लिने र दिने परम्परा क्रोनिक रोगजस्तै हो । यस कुप्रथाले अशिक्षित परिवारलाई बढी गाँजेको छ । प्रायः नपढेका छोरीबेटीको विवाह पढेलेखेका केटाहरूसँग गर्नुपऱ्यो भने दाइजो कबोल गर्ने हुन् । यसले गर्दा तराईतिर बालविवाह हुने गरेको पाइन्छ । दाइजोबाट बच्ने विकृतिको न्यूनीकरणले बालविवाहको विकृति निम्त्याएर झन् भयावह बनाइएको देखिन्छ । म तराईको यो रोग पहाडतिर पनि सर्दै गएको देख्छु । शिक्षित केटी भएमा र परिवार पनि शिक्षित रहेमा दाइजोको कवोल हुँदैन तर पनि धेरथोर सरसामान दिने प्रचलन हट् नसकेको छैन । मेरा विचारमा छोरीहरूलाई शिक्षित व्यवसायिक बनाउनसके दाइजोप्रथा निरुत्साहित हुँदै जाने छ ।

नर्मदेश्वरी: महिलाहरूले रजस्वला हुनैपर्ने प्राकृतिक नियम हो । यसलाई किन कलङ्कका रूपमा लिने गरिएको हो ?

यादव: हाम्रो समुदायमा कलङ्क हुने खालको कट्टरता छैन । रजस्वला भएकी महिलाले पनि नुहाइधुवाइ गरेर घरायसी कामका साथै खाना बनाउन पाउँछिन् । यति हो छ दिनसम्म पूजापाठमा भने समावेश हुन पाउँदिनन् । धर्म र संस्कृति आआफ्ना समुदायमा आआफ्नै पारामा परम्परित भएर आएका छन् । मेरा विचारमा परम्परालाई एकैचोटि तोड्न सकिदैन । क्रमशः अन्धविश्वास हट्दै जाने छन् ।

नर्मदेश्वरी: पुरुषहरू सधैँ शुद्ध मानिने र महिलाहरू संवेदनशील रजस्वला र सुत्केरी अवस्थामा अशुद्ध मानिने प्रचलन ठिक हो ?

यादव: यो प्रचलन कदापि ठिक छैन । महिला रजस्वला र सुत्केरी अवस्थामा कमजोर हुन्छन् । यस वेला आरामका हिसाबले पनि काम नलाइने र विशेष गरेर पुरुषहरूका नजरबाट अलग राख्ने उद्देश्यले छुन मिल्दैन भनेर पर सरिएको हुनसक्छ । अहिले चेतनास्तर खुल्दै छ । अधिकांशले छुनलाई बार्दैनन् । झन् सुत्केरी हुन हस्पिटल जानेहरूका लागि छोइछिटो एकादेशको कथा बनेको छ । चेतनास्तर उकासिदै जाँदा कुमारी पुज्नेहरूले पनि विभेदको न्यूनीकरण गर्दै जाने छन् भन्ने मलाई लाग्छ ।

नर्मदेश्वरी: श्रीमान् र श्रीमती साथी साथी हुनुपर्नेमा किन श्रीमान्लाई बढावा दिएर भगवान्को रूप धारण गराइएको हो ? तपाईँलाई श्रीमान् ठुलो र आफू सानो हुनुपर्दा कस्तो अनुभव हुन्छ ?

यादव: वास्तवमा श्रीमान् र श्रीमती साथी

साथी नै हुन्। पुरुषवादी चिन्तन हाबी भएकाले महिलाहरूको भूमिकालाई छुट्टै किसिमले हेर्ने गरिएको हो । श्रीमान्लाई बढावा दिएर पतिदेव बनाउनु भनेको पितृसत्ताको उत्कर्ष हो, यो सामन्त्याइँ प्रवृत्तिको एक दर्बिलो उदाहरण हो । मेरासन्दर्भमा कुरा गर्नुपर्दा मैले चाहिँ सानो भएर बस्नुपरेको अनुभव गरिनँ तर धेरै साथीहरू दबिएर बसेको बाध्यात्मक परिस्थिति देखेकी छु । यो प्रचलन घृणित छ जसले घरपरिवार सपार्ने होइन बिगार्नेतिर सङ्केत गर्छ भन्ने म ठान्छु ।

नर्मदेश्वरी: विधवा महिलाहरूलाई किन 'एकल' नामकरण गरिएको हो ? वास्तवमा उनीहरूको समाज हुँदैन र ? उनीहरूलाई सम्बोधन गर्ने सम्मानित शब्द जसले महिला पुरुष दुबैलाई समेट्न सकोस् । यस्तो शब्द के हुनसक्ला ?

यादव: मलाई विधवा महिलाहरूलाई 'एकल' भनी सम्बोधन गरेको चित्त बुझेको छैन । मैले छलफलका क्रममा पनि साथीहरूलाई एकल शब्द उपयुक्त छैन भन्ने मनसाय प्रकट गरेकी थिएँ । एकल सम्बोधनले त विधवा महिलाहरूलाई झन् पो तिरस्कृत गरेको अनुभव हुन्छ । जहाँसम्म दुबैलाई सम्मान हुने शब्दचयनका लागि पुनः संसदमा छलफल चलाउनुपर्छ । 'एकल' शब्दले कोही नभएको निरीह भाव जनाउँछ । श्रीमान् नभए महिलाहरूले केही गर्नसक्दैनन् भन्नु महिलाविकासमा तगारो हाल्नु हो । महिलाको समाज हुन्छ, आफन्त हुन्छन् र कतिपयका छोराछोरी हुन्छन् । समाजबाट अलग्गिएर एक्लो मान्छे बस्नै सक्दैन नि ।

नर्मदेश्वरी: भाग्यवादप्रति कत्तिको विश्वास राख्नुहुन्छ ? के महिलाहरू दुर्भाग्यले विधवा हुने गरेका हुन् ?

यादव: म भाग्यप्रति केही विश्वास राख्ने भए पनि मृत्युका पक्षमा भाग्य र दुर्भाग्य जोड्दिन । मृत्यु आआफ्ना पाराले हुने हो । उमेर, दुर्घटना, रोग आदि मृत्युका सहायक हुन् । यसैले जन्म र मृत्युमा मानिस अलग्गिएको हुन्छ । महिलाहरू संयोगले विधवा हुनपुग्छन् । दुर्भाग्यले होइन ।

नर्मदेश्वरी: एकल महिलाहरूले पनि पुरुषहरूजस्तै सम्मानितढङ्गले पुनर्विवाह गर्ने प्रचलन हुनुपर्नेमा किन भिन्न दृष्टिकोण रहेको होला ?

यादव: परिस्थिति र आवश्यकता महसुस भएमा एकल मानिएका महिलाहरूलाई ससम्मानढङ्गले पुनर्विवाह गर्नदिनुपर्छ । यो स्वयम् महिलामा निर्भर हुने कुरा हो । हाम्रो समाजमा एकल पुरुषले चाहिँ ससम्मान पुनर्विवाह गर्नसक्छन् । महिलाहरूमा भने विभिन्न शङ्का र लाञ्छना बेरिने हुँदा विश्वस्त वातावरण बनाएर मात्र पुनर्विवाहको प्रस्ताव अगाडि सार्नुपर्ने हुन्छ । सन्तान भएका महिलाहरूले पुनर्विवाह गर्ने इच्छा राखेमा सन्तानको उचित व्यवस्था गरेर मात्र आफ्नो इच्छा पूरा गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

नर्मदेश्वरी: छोरीहरूले पनि बाबुआमाको पालनपोषण र क्रियासंस्कार गर्न हुन्छ कि हुँदैनजस्तो लाग्छ ?

यादव: छोरीहरूले पनि आवश्यक परेमा बाबुआमाको पालनपोषण र किरियासंस्कार

गर्न हुन्छ । पहिलेजस्तो कट्टरता अहिले देखिदैन । क्रमशः समाजमा चेतना खुल्दै छ । कतिपय अवस्थामा छोरीहरूले क्रिया संस्कार गर्नथालेका छन् । यो खुसीको कुरा हो ।

नर्मदेश्वरीः के घरभित्रको काम पुरुषहरूले पनि गर्न मिल्दैन र ? अनि किन नेपाली समाजमा अधिकांश महिलाहरूले घरायसी काममै समय खर्चिनुपर्ने अवस्था सिर्जना भएको हो ?

यादवः पुरुषहरूले घरभित्रको काम जति पनि गर्नमिल्छ । दाम्पत्य जीवनमा मिलेर घर चलाउँदा दुबैलाई सहज हुन्छ । पहिले प्राय : महिलाहरू घरमै बस्ने र पुरुषहरूले चाहिँ बाहिरको काम गर्नुपर्ने भएकाले पनि महिलाहरूले घरायसी काममा तल्लीन हुनुपरेको हो भन्ने लाग्छ। अहिले त कामलाई सहजीकरण गर्नथालेका छन् । विशेष गरेर नयाँ पुस्ता सहयोग गर्न इच्छुक पनि छ ।

नर्मदेश्वरीः पुरुषहरूभन्दा महिलाहरू किन धर्म, तीर्थ, व्रत र संस्कारमा लिन भएको देखिन्छ ?

यादवः यो प्रचलन पनि परम्परासँग जोडिएको छ। घरमै बस्ने हुँदा तीर्थ, ब्रत र पूजाआजामा महिलाहरूको ध्यान बढी केन्द्रित भएको हो भन्ने लाग्छ। यसमा चेतनाको पनि अभाव छ। कतिपय हाम्रा कथानकहरूले सुख, समृद्धि प्राप्ति र अकाल मृत्युबाट बच्ने उपायहरू व्यक्त गरिदिँदा त्यसप्रति पूर्ण विश्वास जागेर पनि धार्मिक आस्थाद्वारा महिलाहरू बढी प्रभावित भएका हुनसक्छन् । धार्मिक आस्था हुनेहरूले महिला-पुरुष नभनी भगवान्को आराधना गर्नसकिन्छ । यो पनि अहिले त मानिसहरू व्यस्त भएका कारण घण्टौं लगाएर गरिने पूजाआजा छोटिँदै गएका छन् र सहजीकरण पनि हुँदै गएको छ ।

नर्मदेश्वरीः देखासिकी गर्नमा महिलाहरू खप्पिस हुन्छन् भन्ने आरोप सुनिन्छ, के यो सत्य हो त ?

यादवः केही हदसम्म सत्य पनि हो । खासमा त चेतनाको अभाव नै हो । मेरा विचारमा नैतिक शिक्षाको अभावका कारण लवाइ, खुवाइ र गराइमा देखासिकी बढ्दै गएको देखिन्छ । जब महिलाहरू रोजगार र व्यवसायी बन्छन् तब नचाहिँदा कुराको देखासिकी हट्दै जान्छ ।

नर्मदेश्वरी किन पुरुषहरू चाहिँ बोक्सा नभनिने र महिलाहरू चाहिँ बोक्सी भनिएका होलान् ? साँच्चै महिलाहरू बोक्सी हुन्छन् जस्तो लाग्छ ?

यादवः बोक्सीप्रथा भनेको एकदम विकृति हो । चरम गरिबी र शिक्षाको अभाव भएका ठाउँमा बढी बोक्सीको आरोप लगाउने प्रचलन देखिन्छ । हुनेखाने र सक्षमलाई बोक्सीको आरोप लगाउनसक्दैनन् । बोक्सीप्रथा पुरुषतन्त्रको उपज पनि हो किनभने बोक्सी भनी महिलालाई आरोप लगाइन्छ तर झाँक्रीको काम गरेर झारफुक गर्ने चाहिँ पुरुषले गर्छन् । हरेक कुराबाट निमुखा महिला देखेमा बोक्सीको आरोप लगाइन्छ । त्यसैले जनचेतना जगाई महिलाहरूलाई सक्षम बनाएमा यो कुप्रथाले प्रश्रय पाउने थिएन ।

नर्मदेश्वरी: हाम्रा कतिपय धार्मिक शास्त्रहरूले महिलाहरूले गर्न हुने र नहुने कुराको सीमा तोकिदिएका छन् । यसमा तपाईँको विश्वास छ कि छैन ?

यादव: अधिकांश धर्मशास्त्रहरू पुरुषहरूद्वारा नै लेखिएका छन् । धर्मशास्त्रका माध्यमबाट महिलाहरूलाई खाने र लाउने कुरामा पनि सीमा तोकिनु भनेको चरम विभेद हो । यस्ता अत्याचारी कुराप्रति म विश्वास राख्दिन । जन्मने, मर्ने र खाने भन्ने कुरा शाश्वत हुन् । प्रायः महिलाहरूले घरव्यवहार चलाउन र मिलाउनका लागि तपस्या गर्दै आएका छन् । उनीहरूलाई कित्ता तोकेर खाने र लाउने कुरामा बन्देज लगाउनु भनेको विडम्बनापूर्ण संस्कृति हो । महिलाहरू पनि पुरुषहरूजत्तिकै स्वतन्त्र हुन् भन्ने कुरा बुझ्नुपर्छ ।

नर्मदेश्वरी: दिनप्रतिदिन महिला/बालिका बलात्कारका घटना बढ्दो मात्रामा सुनिन्छ । राज्यले बलात्कारीहरूलाई कस्तो सजाय दिँदा उपयुक्त हुन्छ ?

यादव: बलात्कारीलाई कानुनी सजाय त तोकियो तर थाहा पाउँछन् र सजाय भोग्नुपर्छ भन्ने सङ्कामा बलात्कारपछि ज्यानै लिन थालेका छन् । बलात्कार बालिका, युवती, वृद्ध जसलाई गरे पनि बलात्कारीलाई कानुनी पञ्जाबाट फुत्काउने प्रयास गर्नु भनेको झन् अपराधी हुनु हो । कतिपय अवस्थामा अपराधीलाई फुत्काएका खबरहरू पनि सुन्नमा आउँछन् । प्रामाणिक पहिचानपछि बलात्कारीलाई सामाजिक बहिष्कार गर्न अथवा अवस्था हेरी मृत्युदण्डसमेत दिने कानुन अपरिहार्य भएको छ भन्ने मलाई लाग्छ ।

नर्मदेश्वरी: बलात्कार भएकी महिला अपहेलित हुन्छे तर पुरुष हुँदैन । यससम्बन्धमा तपाईँलाई के भन्न मन लाग्छ ?

यादव: बलात्कार भएकी महिलालाई 'लडेमाथि मुड्की' भनेझैं भएको छ । बलात्कारमा बलात्कारी पुरुष पूर्ण दोषी छ तर कुरा बुझेर पनि महिलामाथि नै दोष थुपार्नु भनेको लज्जास्पद कुरा हो । समाजमा पुरुषवादी चिन्तन हाबी भएकाले पुरुष जोगाउने संयन्त्र रचेर उसको जघन्य अपराधलाई उल्टै महिलामाथि थोपर्ने संयन्त्र बनाइएको हो भन्ने मलाई लाग्छ । यससम्बन्धमा म के भन्छु भने बलात्कारीलाई यसरी सामाजिक बहिष्कार गर्नुपर्छ कि जब कि उसले कहिल्यै शिर ठाडो गर्न नसकोस् । उसलाई जिउँदो लाश बनाइदिनुपर्छ । बलात्कृत महिलालाई चाहिँ सिर्जनात्मक काममा बढावा दिनुपर्छ । साथै बलात्कृत महिला मानसिकरूपमा पिडित हुने हुँदा पिडकबाट पनि क्षतिपूर्तिको व्यवस्था गर्न लगाएर आत्मनिर्भर बनाउनुपर्छ ।

नर्मदेश्वरी: आजकल एक थरी महिलाहरू विवाह गर्न चाहँदैनन् तर प्रेम र सन्तान उत्पादनमा लालायित देखिन्छन्, किन यस्तो परिस्थिति सिर्जना भएको होला ?

यादव: मेरा विचारमा विवाह नगर्नु तर प्रेम गरेर सन्तान जन्माउन रहर गर्नुले महिलाहरूको हित हुन्छ भन्ने लाग्दैन । समाजमा यो पनि एक प्रकारको कुरीति नै हो । यो नेपाली समाजका

लागि विडम्बनापूर्ण कुरा हो । महिलाहरूले स्वतन्त्रताका नाममा अस्वाभाविकरूपले फुर्तिफार्ती गर्नखोज्नु हुँदैन । बाबुविनाका सन्तानले पनि पछि गएर बाबुको खोजी गर्छन् अनि ती निरपराध बालबालिकाको जीवन नीरस हुन्छ। यो कुराप्रति महिलाहरूको ध्यान पुगोस् भन्न चाहन्छु।

नर्मदेश्वरीः सासू र बुहारीका सम्बन्धबारे नकारात्मक सोचाइका उखान र टुक्का पाइन्छन्, के सासू र बुहारीमा पनि आमा र छोरीको जस्तो व्यवहार गर्नसकिँदैन ? सासूको भूमिकामा रहेर बताउनुहोस् न।

यादवः सासू र बुहारीमा भावना नमिल्दा नकारात्मक सोचका किम्बदन्ती बने । पहिलेका सासू बुहारी नै प्राय : पढेलेखेका हुँदैनथे । महिलाहरूले घरबाट निस्किने वातावरण नपाउँदा चेतना प्रस्फुटन हुन पनि पाउँदैनथ्यो । अनि त सासूले आफू बुहारी हुँदा जे भोग्नुपरेको थियो परम्परितरूपमा त्यसैलाई बुहारीमा भोगाइँदै आउँदा सुधार हुननसकेको हो । सासू र बुहारीमा उमेरजन्य ग्याप पनि निकै रहन्छ। यसले गर्दा उमेरजन्य हिसाबका भावना एक अर्काले बुझ्ननसक्ता र नखोज्दा पनि सासू र बुहारीबिचको दूरी टाढिन गएको हो। अहिले समय बदलिएको छ । प्रायः सासू र बुहारी नै शिक्षित हुन्छन् तर पनि पूर्ण मिलन भएको चाहिँ सुनिदैन । दुबैले समझदारीमा चल्नसक्दा मात्र सासू र बुहारीले आमा र छोरीको जस्तो व्यवहार गर्नसक्छन् । मेरा विचारमा सासू अग्रज, अनुभवी भएकीले बुहारीको भावना बुझेर चाहिँदा कुरामा सहयोग गर्दै मन जित्ने प्रयास गर्नुपर्छ भन्ने लाग्छ।

नर्मदेश्वरीः महिलाहरूलाई पनि अंश र वंशको अधिकार दिँदा अवश्य तपाईँमा गर्व लाग्छ नै। के अर्थमा गर्वको महसुस भएको हो ?

यादवः लामो समयको सङ्घर्षपछि महिलाहरूले अंश र वंशको अधिकार पाएका हुन्। यो पनि अझ व्यवहारमा उत्रिन सकेको देखिँदैन। मलाई आफ्ना हातमा केही नभएका निरीह महिलाहरूले पुरुषसरह हिस्सेदारी हुने वातावरण मिल्दै गएकोमा खुसी लागेको छ। यो अधिकार पाउनैपर्ने थियो पाइयो । यसमा गर्वभन्दा पनि गुमाइएको अधिकार प्राप्त गर्न सफल भइएको छ भन्ने लाग्छ। पूर्णतः व्यवहारमा लागू भएर महिलाहरू आत्मनिर्भर बन्नसकेको देख्नपाउँदा मात्र गर्वको अनुभूति गर्ने छु म।

नर्मदेश्वरीः विवाह गर्नु र सन्तान जन्माउनु महिलाउत्थानका बाधक मानिन्छन्, यही नै सत्य हो त ?

यादवः म विवाह गर्नु र सन्तान जन्माउनु महिला उत्थानका बाधक मान्दिन । यी प्रक्रिया त जीवननिर्वाहका क्रममा सहजताका लागि स्विकारिएका हुन् । बच्चा जन्माउनु महिलाहरूको प्राकृतिक देन हो। अशिक्षित परिवार र समाजमा महिलालाई बच्चा जन्माउने मेसिनका रूपमा हेर्ने र विवाह गरेपछि जे गर्न पनि पाइन्छ भन्ने हेपायत सोचले गर्दा बाधकजस्तो लागेको हो तर पारिवारिक समझदारीमा सहजीकरण गरेर अघि बढ्नुपर्छ भन्ने सुझाव दिन चाहन्छु।

नर्मदेश्वरी: हाम्रोजस्तो लैङ्गिक विभेद भएको देशमा महिलाले राष्ट्रपति हुने अवसर पाउँदा तपाईँमा कस्तो अनुभव भयो ?

यादव: मलाई झट्ट हेर्दा नेपालमा पहिलोचोटि महिला राष्ट्रपति भएको देख्दा खुसी त लाग्यो नै तर गर्वको महसुस भएन किनभने हालका महिला राष्ट्रपति अवसर दिएर मात्र पाइएको हो । भोलिका दिनमा महिला राष्ट्रपति हुने सम्भावना छ कि छैन ? महिलाहरूमा उपयुक्त सक्षमता छ कि छैन ? भन्नेतिर पनि ध्यान पुऱ्याउनुपर्छ । मलाई प्रत्यक्ष निर्वाचन प्रणालीबाट महिला राष्ट्रपति हुन सफल भएका दिन बल्ल गर्वको महसुस हुने छ ।

नर्मदेश्वरी: राजनीति भनेको के हो ? र यस क्षेत्रमा लागेका महिलाहरूले महिला हक र हितका निम्ति केकस्ता कुरा उठाउनुपर्छ भन्ने ठान्नुहुन्छ ?

यादव: मेरा विचारमा राजनीति भनेको राज्यको मात्र नीति नभएर आफ्नो घरपरिवार समुदाय र समाज पनि समृद्ध बनाउने नीति हो । घरपरिवार समृद्ध बन्दै गएपछि मात्र राष्ट्र समृद्ध हुन्छ । हरेक व्यक्तिमा कानुनी अधिकार पालना गर्ने र त्रुटि केलाउने क्षमता हुनुपर्छ । राजनीति गर्नु भनेको मन्त्री बन्ने लक्ष्य राख्नु मात्र होइन । परिवार वा समाजमा वैचारिक बहस गराएर सकारात्मक सोचको विकास गराउने क्षमता राजनीतिकर्मीमा हुनुपर्छ । राजनीतिक क्षेत्रमा लागेका अग्रज महिलाहरूले पछौटेपनमा चेपिएका महिला र पुरुष दुबैलाई जनचेतना जगाउने र आफ्नो अधिकारको खोजी गर्न महिलाहरूलाई उत्प्रेरित गर्न साङ्गठानिकरूपमा प्रशिक्षण दिनु अपरिहार्य छ । धेरै महिलाहरूमा आफू किन अत्याचारको भुमरीमा पिल्सिरहेकी छु ? महिलासम्बन्धी नीतिनियममा के छ ? आफ्नो अधिकार कसरी प्राप्त गर्नसकिन्छ ? भन्नेबारे पनि जानकारी छैन ।

नर्मदेश्वरी: तपाईँ तीज र पञ्चमी पर्वलाई कसरी हेर्नुहुन्छ ? अनि छठी र गौरा ? यी पर्वमा लैङ्गिक विभेद देख्नुहुन्न ? तीजको व्रत पानीसम्म नखाई बस्ने र दानदातव्य गर्नुपर्ने अनि ऋषि पञ्चमीमा रजस्वला हुँदाको पाप कटनी गर्न भनी व्रत बसी पूजाआजा गर्नुपर्ने कुराप्रति विश्वास लाग्छ ?

यादव: मलाई व्रत, पूजा, आराधना महिलाहरूले मात्र गर्नुपर्छ भन्ने लाग्दैन । शास्त्रहरूमा पनि आफ्नो शरीरलाई मारेर तीर्थ जाऊ, व्रत बस, पूजाआजा गर भनेको छैन । मलाई आफ्नो शारीरिक अवस्था विचार गरेर आस्थाका आधारमा आआफ्ना रीतिरिवाज पालना गर्दा कुभलो हुँदैन भन्ने लाग्छ । मेरा विचारमा तीज, छठी र गौरा पर्वमा बढी महिलाहरूले व्रत बसी पूजाआजा गरेको देखिन्छ तर यी पर्वहरूमा महिला र पुरुष दुबै मिलेर भगवान्को आराधना गर्दा राम्रै हुन्छ । जहाँसम्म छ ऋषिपञ्चमी व्रतचाहिँ रजस्वला प्रक्रियासँग सम्बन्धित भएकाले पाप कटनीका लागि पूजाआजा, दानदातव्य गर्ने परम्पराप्रति मलाई विश्वास लाग्दैन । हाम्रो समुदायले ऋषिपञ्चमीलाई बढावा दिइँदैन ।

नर्मदेश्वरी: हामीले मनाउने चाडबाड र कर्मकाण्डमा बढ्दै गएको तडकभडकबारे कस्तो सूचना दिन चाहनुहुन्छ ?

यादव: हामीले चाडवाड मनाउँदा आफ्नो मात्र स्वतन्त्रतालाई सर्वोपरि ठानी निम्न वर्गलाई असर पार्ने खालका तडकभडकपूर्ण क्रियाकलाप गर्नहुँदैन । आआफ्ना चाडबाड मनाउँदा अरूलाई पनि समेट्नसकिने हिसाबले मनाइयो भने मात्र चाडबाडको महत्त्व प्रगाढ बन्दै जाने छ । परम्परा मान्दा शास्त्रीय विधिअनुसार गर्ने, एकआपसमा सद्भाव, शुभेच्छा प्रकट गर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्छ । समाजमा आफू भिन्न भएको स्टाटस देखाउने उद्देश्य राख्नु मूर्खता हो भन्ने मलाई लाग्छ । चेतनास्तर कमजोर हुँदा तडकभडकको देखासिकीमा महिलाहरू उत्तेजित भएको पनि देखिँदै छ । यो असल चिन्तन होइन ।

नर्मदेश्वरी: अन्तर्राष्ट्रिय श्रमिक नारी दिवसको प्रभाव कस्तो देखिँदै छ ?

यादव: अन्तर्राष्ट्रिय श्रमिक नारी दिवसको प्रभाव केही न केहीरूपमा सकारात्मक भएर देखिदै छ तर जुन अवस्थामा नारीहरू चेतनशील र जागरुक हुनुपर्थ्यो सो भने हुनसकेको देखिदैन । दिवस मनाउने भनेको ऐतिहासिक दिनको सम्झना गरिएको हो । सम्झनाले मात्र केही हुँदैन । जिम्मेवार पक्षले व्यवहारिक रूपान्तरण हुने खालका क्रियाकलापमा जोड दिन बिर्सनुहुँदैन । मलाई महिलाहरूले प्राप्त अधिकारको पालनाका लागि पनि क्रान्ति गर्न बाँकी नै छ भन्ने लाग्छ ।

नर्मदेश्वरी: १०९ औँ नारी दिवसको नारा 'लैङ्गिक समताका लागि समान सोच र व्यवहार समृद्धिको आधार' समयसापेक्ष छ तर नेपाली समाजमा कहिले सम्भव होला ?

यादव: कुनै पनि विषयमा नारा मात्र समयसान्दर्भिक भएर हुँदैन । यस नारालाई व्यवहारमा उर्तान सबै एक जुट भएर लाग्नुपर्छ । सर्वप्रथम त महिलाहरूले परनिर्भरता त्याग्न सक्नुपर्छ र आत्मनिर्भर बन्न कोसिस गर्नुपर्छ । यसका लागि पुरुषहरूको साथसहयोगको पनि आवश्यक पर्छ । योजना, कार्यक्रम र कार्यान्वयन पक्ष सुदृढ भएमा "लैङ्गिक समताका लागि समान सोच र व्यवहार समृद्धिको आधार" भन्ने नाराले ढिलै भए पनि सार्थकता पाउने छ भन्ने कुरामा म विश्वस्त छु ।

नर्मदेश्वरी: अन्तर्जातीय विवाहका सम्बन्धमा पुरुषहरूले भन्दा महिलाहरूले बढी मार खेप्नुपर्छ । यसप्रति तपाईंको विचार कस्तो छ ?

यादव: तुलनात्मक हिसाबले भन्नुपर्दा अन्तर्जातीय विवाहका सम्बन्धमा पुरुषहरूले भन्दा महिलाहरूले पक्कै बढी मार खेपेको देखिन्छ । यस सबालमा मलाई के लाग्छ भने दुबैजनाले आफ्नो खुट्टामा उभिएर मात्र विवाहको प्रस्ताव अघि सार्नुपर्छ । आफू सक्षम भएपछि अरूले खासखुस गरेर केही प्रभाव पर्दैन । जब उमेर नपुग्दै र सक्षम नबन्दै भागेर विवाह गरिन्छ तब भने पुरुषप्रधान समाज भएकाले महिलाहरूले बढी प्रताडित हुनुपरेको हो । घरपरिवार र समाजमा जातभातको कलङ्क उजागर गर्दै चेतना जगाउने खालका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ । म प्रेम बस्यो भन्दैमा आफू सक्षम नभई महिलाहरूले आँखा चिम्लिएर विवाह गर्न हतार नगरुन्

भन्न चाहन्छु ।

नर्मदेश्वरी: महिलाहरूको र पुरुषहरूको शारीरिक संरचना प्राकृतिक नियमअनुसार हुन्छ तर स्वास्थ्य, सुरक्षाका दृष्टिले भिन्नरूपमा हेर्ने चलन किन बसेको होला ?

यादव: विशेष परिस्थितिमा महिलाहरूलाई विशेष हेरचाहको खाँचो हुन्छ । चेतनाको अभावका कारण महिलाहरूलाई पौष्टिक आहार र स्वास्थ्य सुरक्षाका दृष्टिले महत्त्व दिएको देखिदैन । तराईमा त झन् गरिबी, अशिक्षा र अचेतनाका कारण महिलाहरूप्रति चरम विभेद भएको देखिन्छ । महिलाहरूले बच्चा जन्माउनुदेखि लिएर व्यवहारिक काममा बढी मिहिनेत र समय खर्चिनुपर्ने बाध्यताले गर्दा चाँडै बुढिने, रोगिने र अशक्त हुने अवस्था छ । सुदूर पश्चिमतिरका महिलाहरूको उस्तै बेहाल छ । यसको निराकरणका लागि सरकारद्वारा विशेष प्याकेज बनाएर जनचेतना जगाउन पहल गरिनुपर्छ भन्ने मलाई लाग्छ ।

नर्मदेश्वरी: वर्तमान परिप्रेक्ष्यमा सम्बन्ध विच्छेदका घटनाहरू बढ्दै गएको देखिन्छ, यस्तो परिस्थिति देखिनुमा को दोषी छ ?

यादव: सम्बन्ध विच्छेदका सन्दर्भमा म दुबैलाई दोषी ठहऱ्याउँछु किनभने विवाहलाई ख्याल ख्याल ठान्न हुँदैन । विवाहपूर्व नै सचेत भएर, सोचेर, विचारविमर्श गरेर विवाहको प्रस्ताव अघि बढाएको छ भने सम्बन्ध विच्छेद गर्नुपर्ने कुरै नउठ् नुपर्थ्यो । दाम्पत्य जीवन समझदारीमा चल्ने हो । एकले अर्कालाई दबाउने मनसाय प्रकट गर्दा दाम्पत्य जीवनमा विस्फोट हुनजान्छ । मेरा विचारमा अनमेल विवाहले विच्छेदको घण्टी बजाउने डर हुन्छ । धेरैजसो सम्बन्ध विच्छेद पुरुषका कारणबाट हुने गरेको देखिन्छ । अहिले कतिपय महिलाहरू पनि कम देखिदैनन् । यो भनेको कच्चा प्रेमको परिणति हो । पहिले महिलाहरू परनिर्भर हुँदा रुँदै सहेर बस्नुपर्ने बाध्यता थियो तर अहिले परनिर्भरता हट्दै गएको छ । अबका अधिकांश महिलाहरू सक्षम र आत्मनिर्भर हुँदै गएका छन् । उनीहरू आफू स्वतन्त्र भएर जिउन खोज्छन् तर पुरुषहरूको दबदबा कायम रहँदा अनमेल हुनपुगेको हो भन्ने लाग्छ । समझदारीमा खडेरी पर्दा सम्बन्ध विच्छेदका घटनाहरू बढ्दै गएका हुन् ।

नर्मदेश्वरी: अहिले स्वतन्त्रताका नाममा मिटु अभियानलाई कसरी हेर्नुभएको छ ?

यादव: मलाई मिटु अभियान के उद्देश्य बोकेर सुरु भयो र किन बन्द भयो भन्नेबारे गहिरो जानकारी भएन ।

नर्मदेश्वरी: तपाईंले महिला हिंसाबारे कहीँ, कतै केही घटना भोग्नुपरेको छ कि ?

यादव: म शिक्षित परिवारमा जन्मिएँ र घरपट्टि पनि शिक्षित परिवार भएकाले मेरालागि घरायसी वातावरण अनुकुलित बन्यो । यसकै प्रभावले मैले आजसम्म महिला भएका नाताले कहीँ कतै कुनै हिंसा भोग्नुपरेको छैन ।

नर्मदेश्वरी: वैधव्य जीवन बिताउँदा खानपिन र वेशभुषामा किन बन्देज लगाइएको हो ? अझै पनि रातो पहिरन नलगाउनेहरू छन्, किन होलान् ? रातो पहिरन उपयुक्त हुँदैन र ?

यादव: महिलाहरू त्यसमा पनि विधवा महिलाहरूमाथि खानपिन, लवाइ र स्वतन्त्रतामा बन्देज लगाउनु भनेको एकदम रूढिवादी परम्परा हो । मानिसले मानिसलाई मानसिक तनाब दिने काम गर्नु भनेको अमानवीय काम हो । लाउने सम्बन्धमा रङ र बुट्टाको छनौट व्यक्तिको स्वतन्त्रताको कुरा हो । अहिले पहिलेजस्तो कट्टरता छैन । इच्छा हुनेहरूले रातो पहिरन लगाउँछन् । म विधवा महिलाहरूले रातो पहिरन लगाउन हिच्किचाहट गर्नुपर्दैन भन्न चाहन्छु ।

नर्मदेश्वरी: परिस्थितिअनुसार विवाहपश्चात् छोरीले पनि ज्वाइँलाई माइतमा ल्याएर राख्दा कस्तो प्रभाव पर्ला ?

यादव: हाम्रो नेपाली समाजमा छोरीको विवाहपश्चात् पतिको घरमा जाने परम्परा रहेको छ । यसै परम्परालाई अहिलेसम्म हाम्रो समाजले धान्दै आएको छ । कहीं कतै छोरीको विवाहपश्चात् पनि घरज्वाइँ राख्ने परिपाटी पनि छ तर कुनै परिस्थितिअनुसार त्यस्तो अवस्थासमेत नगन्यरूपमा रहेको छ । यसरी छोरीले पनि ज्वाइँलाई माइतमा राख्दा पनि समाजले यसलाई परिस्थितिको रूपमा बुझ्ने गरेको छ । यो परम्पराको रूपमा धान्ने गरी अहिले नै समाजले स्वीकार गर्दैन ।

नर्मदेश्वरी : तपाईँलाई छोरी भएर जन्मनुपर्दा दुःख लागेको छ कि छैन ? र पुरुष भएर जन्मिन पाएको भए हुन्थ्यो जस्तो लाग्दैन ?

यादव: मलाई छोरी भएर जन्मिनुपर्दा कत्ति पनि दुःख लागेको छैन । मैले महिला भएका नाताले धेरै कुराको अनुभव सँगाल्ने अवसर पाएकी छु । मैले पुरुष भएर जन्मिन पाएको भए हुन्थ्यो भन्ने कल्पना अहिलेसम्म गरेकी छैन ।

नर्मदेश्वरी: तेस्रो लिङ्गीको वैवाहिक सम्बन्धबारे यहाँको सोच कस्तो रहेको छ ?

यादव: तेस्रो लिङ्गी हुनु पनि प्राकृतिक देन नै हो । उनीहरूका पनि अन्य मानिससरह इच्छा कुँदिएका हुन्छन् । घनिष्ट साथी बनेर सहज किसिमले जीवन निर्वाह गर्न चाहन्छन् भने विवाह गरेर बस्नखोज्नेलाई स्विकृति दिनुपर्छ । मलाई विवाह गर्नु भनेको सन्तान जन्माउने उद्देश्य मात्र नभएर आत्मीय मित्रता कायम गर्नु पनि हो भन्ने लाग्छ ।

नर्मदेश्वरी: घरपरिवारबाट गरिएका अविस्मरणीय सहयोगको सम्झना उजागर गरिदिनुहोस् न ?

यादव: मेरो श्रीमान्को २०४३ सालमा निधन हुँदा म भर्खर युवा अवस्थाकी थिएँ । मेरो छोरा अभिषेक यादव ३ वर्षको थियो । त्यो घटना गराउने मेरै श्रीमान्को घर परिवारभित्रका व्यक्ति थिए । त्यस वेला मेरी सासू देउताको रूपमा प्रकट हुनुभयो । उहाँको संरक्षण र मेरो माइतीपट्टिको पारिवार, बुबाआमाको माया‌ममता र सहयोगमा मैले राजनीतिक यात्रा सुरुवात गरेँ । उहाँहरूको असीम आशीर्वाद र कृपाले गर्दा मैले नेपाली राजनीतिमा आफ्नो छवि बनाउन सकेकी छु । मेरी सासू नभइदिनुभएको भए म अहिले यो अवस्थामा रहने थिइनँ । घरपरिवारबाट गरिएका अविस्मरणीय सहयोगकै कारण मसँग मेरो छोरा पनि राजनीतिमा सफल

भएको छ । म विगतमा पटक पटक मन्त्री तथा सांसदको भूमिकामा रहँै भने अहिले पनि प्रतिनिधिसभामा सांसद छु । मेरो छोरा अभिषेक पनि २ नम्बर प्रदेशमा सांसद छन् ।

नर्मदेश्वरी: महिलाहरू देवी र बोक्सीका रूपमा किन हेरिइन्छन् ?

यादव: मेरा विचारमा महिलाहरूलाई खुसी पारेर काम लिन वा घर चलाउन सहज होस् भन्ने उद्देश्यले देवीका रूपमा पुज्ने परम्परा बसाइएको होला । अर्को काम गर्दै जाँदा संयोग परेर कहिलेकाहीँ नराम्रो परिणति महसुस हुँदा निरीह महिलाहरूलाई हेपेर दोष थुपार्ने प्रवृत्तिले प्रश्रय पाएको होला । देवी र बोक्सी परिस्थितिजन्य छन् । यो द्वैध चरित्रले झन् अविश्वासिलो वातावरण सिर्जना गरेको छ ।

नर्मदेश्वरी: एक त महिला त्यसमा पनि तराई क्षेत्रबाट राजनीतिमा लागेर व्यक्तित्व निर्माण गर्नुपर्दा तपाईँले केकस्ता कठिनाइहरूको सामना गर्नुपऱ्यो ?

यादव: मलाई तराई क्षेत्रबाट राजनीतिमा लागेर व्यक्तित्व निर्माण गर्नुपर्दा खासै कठिनाइको सामना गर्नुपरेन । मेरो घरपरिवार राजनीतिको महत्त्व र योगदानबारे जानकार थियो । मेरा ससुरा इन्द्रदेव यादव सप्तरी जिल्लाबाट दुईपटक माननीय हुनुभएको थियो । मेरा श्रीमान् पनि राजनीति गर्नुहुन्थ्यो । उहाँ २०४३ सालमा वडाबाट विजयी भएर जिल्ला सभापतिको उमेदवारीको तयारीमा हुनुहुन्थ्यो तर उहाँको आकस्मिक निधन हुनपुग्यो । श्रीमान्को आकस्मिक निधनपछि त झन् मलाई राजनीतिमा समर्पित भएर लाग्न आफन्त, छिमेकी र गाउँलेहरूले उत्साहित बनाए । उनीहरूको मप्रतिको सद्भाव बढेको देखेर म एकाग्र भएर राजनीतिमा होमिएँ । नभन्दै सफलता पनि प्राप्त गरेकी छु ।

नर्मदेश्वरी: तपाईँलाई राजनीति गर्ने प्रेरणा कसरी प्राप्त भयो ?

यादव: मलाई राजनीति गर्ने प्रेरणा माइती र घरले नै दिएको हो । मेरो माइती परिवार शिक्षित भएकाले राजनीतिप्रति विशेष चासो राख्ने हुँदा चर्चापरिचर्चा हुने गर्थ्यो । जुन चर्चाले ममा राजनीतिको बीजारोपण गरेथ्यो । झन् कर्मघर भित्रिएपछि त प्रत्यक्ष राजनीतिसँग जोडिन पाएँ । यसले गर्दा मलाई माइती र घर दुबैको वातावरण राजनीतिका लागि अनुकुलित बन्यो ।

नर्मदेश्वरी: अन्य क्षेत्रका तुलनामा तराईमा देखिएका लैङ्गिक विभेद अन्त्य गर्न कस्ता कदम चाल्नुपर्ला ?

यादव: अन्य क्षेत्रका तुलनामा तराईमा देखिने लैङ्गिक विभेद अन्त्य गर्नका लागि सर्वप्रथम महिलाहरूलाई हरेक क्षेत्रमा अवसर दिनुपर्छ । तराईका अधिकांश महिलाहरू अशिक्षा, गरिबी, अन्धविश्वास र झ्यालखानारूपी घरमा निसास्सिएका छन् । उनीहरूलाई सिपमूलक शिक्षा दिएर रोजगारीको व्यवस्था मिलाउने कार्यक्रम आयोजना गरिनुपर्छ । विशेष गरेर परनिर्भर रहेका महिलाहरूले घरेलु हिंसाको चेपुवामा चेपिनुपर्दा महिलाहरू अत्तालिएका छन् । म महिला हिंसाको न्यूनीकरणका लागि नैतिक शिक्षा दिनुपर्छ भन्न चाहन्छु । मलाई अहिले समाजमा नैतिक शिक्षाको अभाव खट्किएको छ भन्ने लाग्छ ।

नर्मदेश्वरी: तपाईँको निर्वाचन क्षेत्र कुन हो ? कतिपटक विजय हासिल गर्नुभयो ?

यादव: मेरो निर्वाचन क्षेत्र सप्तरी जिल्ला हो । मलाई २०४८ सालमा माननीय पदका लागि टिकट दिइयो तर विजय हासिल गर्न सकिएन । मैले २०५६ सालमा राजविराजबाट र २०६४ सालमा सप्तरीको क्षेत्र नं. ४ हाल क्षेत्र नं. ३ बाट प्रत्यक्ष चुनाव लडेर सभासद पदका लागि विजय हासिल गरेँ । हाल २०७४ मा समानुपातिक प्रणालीद्वारा प्रदेश नं.२ को प्रतिनिधित्व गर्दै हाल म जनता समाजवादी पार्टीका तर्फबाट सभासदमा कार्यरत छु । मैले गठबन्धन सरकारको मिति २०७८ असोज २२ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीसमेत पाएकी छु ।

नर्मदेश्वरी: तपाईँ राजनीतिक क्षेत्रमा लाग्नुभएको कति वर्ष भयो ?

यादव: मैले राजनीति गर्न थालेको झन्डै ३१ वर्ष भयो । म पार्टीमा विभिन्न पदमा सक्रिय भई उपाध्यक्षको जिम्मेवारी सम्हाल्न सफल भएँ । मैले सङ्घीय समाजवादी फोरमको प्रतिनिधित्व गर्दै विभिन्न मन्त्रालयको जिम्मेवारी पनि पाएकी थिएँ । मैले यसै क्रममा २०६० सालमा ११ महिना महिला तथा बालबालिका र विज्ञान तथा प्रविधि मन्त्रालयमा राज्यमन्त्रीका रूपमा पनि काम गरेँ ।

नर्मदेश्वरी: तपाईँ कति समय शिक्षा मन्त्री हुनुभयो ? नेपालमा शिक्षाक्षेत्रका मुख्य चुनौती के रहेछन् ? अनि कसरी सामना गर्नसकिन्छ ?

यादव: मैले नौ महिना मात्र शिक्षा मन्त्री हुने अवसर पाएँ । नेपालमा मैले शिक्षाका चुनौतीका रूपमा सैद्धान्तिक शिक्षाको बाहुल्य र शिक्षकहरू विभिन्न सङ्घसङ्गठनमा आबद्ध भएको देखेँ । यस्तै गरेर अधिकांश सामुदायिक विद्यालय र निजी विद्यालयहरूको व्यवस्थापन र पठनपाठनका बिच पनि व्यापक अन्तर देखेँ । मेरा विचारमा एक त शिक्षकहरूलाई दक्ष र अनुशासित बनाएर काम गर्न उत्प्रेरित गर्नुपर्छ । अर्कोमा सामुदायिक विद्यालयहरूमा समयमै विषयगत शिक्षकहरूको व्यवस्थापनको प्रबन्ध मिलाउनुपर्छ । मेरा विचारमा निजी विद्यालयहरूलाई आफू खुसीको कोर्स राखेर पढाउने अनुमति/स्विकृति दिनुहुँदैन । अधिकांश विद्यालयहरूमा विद्यार्थीहरूलाई खेलकुदका लागि उपयुक्त वातावरण देखिँदैन । विद्यालयहरूसँग खेलमैदान र लगानीको अभाव देखियो । चाहेर र आवश्यकता महसुस गरेर पनि खेलकुदको विकास गर्ननसकेको गुनासो विद्यालयहरूबाट सुनिन्थ्यो । मेरा विचारमा सबैभन्दा महत्त्वपूर्ण कुरो विद्यालय परिवारलाई राजनीतिक हस्तक्षेपबाट टाढा राख्नुपर्छ ।

नर्मदेश्वरी: हाल तपाईँ के गर्दै हुनुहुन्छ ?

यादव: हाल पनि म राजनीति र समाजसेवामै समर्पित छु । वर्तमान सभासद भएकाले प्राप्त जिम्मेवारी सम्हाल्दै छु । यसर्थ मैले अन्य क्षेत्रतिर जाने सोच हालसम्म बनाएकी छैन ।

नर्मदेश्वरी: तपाईँ कस्ता विषय अध्ययन गर्न रुचाउनुहुन्छ ?

यादव: म फुर्सदको समयमा राजनीति,

समाजशास्त्र र महिला हकहितसम्बन्धी विषयहरू विशेष अध्ययन गर्न रुचाउँछु । म दैनिकरूपमा वार्षिक, अर्धवार्षिक, त्रैमासिक पाक्षिक, साप्ताहिक र दैनिक जेजस्ता देशी पत्रिकाहरू उपलब्ध हुन्छन् एकसरो हेर्ने गर्छु। म भ्याएसम्म आफ्नो कार्यक्षेत्रसम्बन्धी नयाँ नयाँ जानकारीका लागि अपडेट हुँदै गर्छु।

नर्मदेश्वरी: तपाईंमा बिर्सनै नसकिने दुखद र सुखद घटनाहरू केही भए भनिदिनुहोस् न ?

यादव: मेरो परिवारको सन्तुलित वातावरणले गर्दा मैले खासै अन्य दुःखदायी घटनाहरू व्यहोर्नु परेन । मेरो जीवनमा हालसम्म घटेको बिर्सनै नसकिने दुःख भनेको श्रीमान् बित्दाको क्षण हो । २०४३ चैत्र २३ गतेका दिन अकस्मात् ममाथि बज्रपात भएथ्यो । त्यस वेला मेरो छोरा साँढे तीन वर्षको मात्र थियो र पनि सङ्घर्षका क्रममा अनेकौं उतारचढावसँग सङ्घर्ष गर्दै जीवनलाई सहजीकरण गर्ने आँट निकालें । ममा सुखद क्षण भनेको मैले उमेरमै श्रीमान् गुमाउनुपर्दा पनि धैर्यधारण गरेर व्यवहार सम्हालें, छोरा हुर्काएँ, पढाएँ र बिहेबारी गरिदिएँ । अहिले छोरा, बुहारी र नातिसँग नयाँ बानेश्वर काठमाडौंमा आफ्नै घरमा रमेर बसेकी छु । छोरा अशोक यादव पनि प्रदेश नम्बर २ का प्रादेशिक सभासद छन् । मैले घरपरिवार सम्हालेर राजनीति र सामाजिक क्षेत्रलाई पनि सँगै लानसकेकी छु । एउटी आमाको लागि यहाँभन्दा सन्तुष्टिको कुरा के नै हुनसक्छ र !

नर्मदेश्वरी: भविष्यमा कस्तो काम गर्ने इच्छा छ ?

यादव: म समर्पित भएको क्षेत्र भनेकै राजनीति र समाजसेवा बन्यो । अब म अन्य क्षेत्रतिर लाग्दिन पनि । राजनीतिमा अवसर पाइएमा सफल होइने हो । अवसर सधैं पाइन्छ भन्ने छैन । समाजसेवा स्वतन्त्र भएकाले म अधिकारविहीनहरूको अधिकारका लागि प्रयत्नशील रहिरहन्छु ।

नर्मदेश्वरी: अन्त्यमा तपाईं अन्य महिलाहरूका लागि के भन्न चाहनुहुन्छ ?

यादव: म महिला दिदीबहिनीहरूलाई पहिला पढाइ र सिप सिकाइमा ध्यान दिनुहोस् भन्न चाहन्छु । आफ्नो इच्छा, क्षमता, रुचि र परिस्थितिअनुसार जे काम गर्दा आफू आत्मनिर्भर हुनसकिन्छ त्यतातिर लगाव भएपछि ढिलोचाँडो सफल भइन्छ । महिलाहरूले परनिर्भरता त्याग्ने अठोट गर्नैपर्छ । म पनि केही गर्नसक्छु भन्ने भावना लिएर काम गर्नुपर्छ । अधिकांश महिलाहरू परनिर्भर हुनुपर्ने बाध्यताले गर्दा घरेलु हिंसाका सिकार हुनपुगेका हुन् । स्वरोजगार महिलाहरूलाई हेर्ने दृष्टिकोण नै फरक हुन्छ । आफ्ना खुट्टामा उभिएकालाई अपहेलना गर्न गारै हुन्छ । महिलाहरूले अवसर पाएमा जस्तोसुकै काम पूरा गर्नसक्छन् । यसर्थ आफ्नो हितका लागि आफैं जुर्मुराऊँ । तमाम महिला दिदीबहिनीहरूले २१ औं शताब्दीमा उभिएर अरूले देलान् भनेर हात थाप्ने होइन कि अधिकार लिने क्षमता बढाउन आफैं कोसिस गर्नुपर्छ भन्न चाहन्छु ।

❖ **डा. आरती कुमारी**
माड़ीपुर, मुजफ्फरपुर, भारत

प्रेमको भाषा

बादलभन्दा पर
अखण्ड ब्रह्माण्डको कुनै सौर्यमण्डल
कुनै ग्रहसम्म सायद
पुऱ्याउन सकिन्छ कुनै तरङ्ग
मेरो व्यथित हृदयको
देवनागरी, रोमन, मन्दारिनजस्ता
कैयौँ लिपिमा अभिव्यक्त गर्नसकिन्छ
मेरो आकुल हृदयका शब्द
अनेक रङ र सुगन्धमा
समेट्न सकिन्छ
सुनौला सपनाका प्रेमपत्र
तर तिमीसम्म
मुस्किल छ पुऱ्याउन
कुनै तरङ्ग, कुनै भाषा, कुनै रङ
किनकि तिमी
अन्जान छौ प्रेमको यस संसारसँग ...।

मुस्कान

चकलामा रोटी बेलिरहेकी
स्त्रीको चुराको छनछन
हुन्छ सबै वाद्ययन्त्रभन्दा मधुर
तावामा फुलेका रोटीले
ल्याउछ मुस्कान
बच्चाहरूको मुहारमा
जुन दुनियाँभरिका खेलौनाले पनि
ल्याउन सक्दैन ।

स्मृति

आज कैयौँ दिनपछि
स्मृतिको जादुगरले
पल्टाईदियो
जिन्दगीको किताबका
कैयौँ पृष्ठ
समयको मसीले लेखिएका
ती पानामा देखिए
ख्यालठट्टा गर्ने शब्द
अनुशासित भाव
केही स्पन्दित क्षण
सुकेको गुलाबको निसान
र
आँखाको पानीले धोइएका
तिम्रा चिठी ... !

हिन्दीबाट अनुवाद : सुमी लोहनी
भाटभटेनी, काठमाडौँ
हाल : अस्ट्रेलिया

❖ भेलेन्टिना नोक्कोविक

जब भगवान्‌ले सुन्छन्

दिनको मुस्कानमा
केही विनाशकारी तत्त्व छ
जसले भोक र प्रार्थनालाई
एकै काँधमा उचाल्छ ।
यसमा प्रार्थना गर्छिन्
डेजी र प्राइमरोज लगाएकी एक वृद्ध महिलाले
जीवनको एउटा गुच्छाको निम्ति,
हत्केलामा आग्रहको तह राख्दै
तिम्रो हातमा ।
संसारले समातेको छ
घाइते हंशको पञ्जा
र बच्चाहरूको आँखामा आनन्दको गन्ध
जसलाई कसैले माया गर्नसकेको थिएन ।
उहाँसँग हामी छौं
अदृश्य मसीले
हामी नयाँ बाटोको अर्थ लगाउँछौं
सम्झौताहरू गर्छौं
हिलो र नीलकमलको बिचमा
अनि भगवान्‌ले सुन्नुहुन्छ ।

अनुवाद : चन्द्र गुरुङ

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

– शब्द-संयोजन परिवार

❑ कथा

प्रतीक्षा

हामी मुग्लान भागौं म तिमीलाई रानी बनाएर राख्छु रानी ।
त्यो तिम्रो पुरानो प्रकाशको खोजिनिदो नगर तिम्रोलागि म छु ।

❖ **डी. एम. कन्दङ्वा**

बेहुली अन्माएर भर्खरै एउटा मुटुको टुक्रालाई बिदा गर्नुपर्दा ओसिएका नयनबाट बर बर आँसु झार्दै जति रोक्नखोज्दा पनि रोकिन्नन् किन हो आँसुका धारा ! कठै ! कसलाई बिदा गर्न मन लाग्छ र ? एउटी छोरी रुपकला, उसको नाम मात्र रुपकला होइन । साँच्चै रुपकला खानदानी परिवारमा जन्मिएकी भए रुपकी रानी नै हुन्थी होला तर एउटा मध्यम परिवारमा जन्मिएर साधारण लेखपढ मात्र भएकी रुपकला सरल र सोझी छे । मृदुल स्वाभावकी चिटिक्क परेकी । कुन आमाबुबालाई आफ्नो एउटै सन्तान बिदा गरेर बस्न मन लाग्छ र !

आज त्यस्तै भयो । विधिको विधान लक्ष्मीनारायण रिजाल र उनकी धर्मपत्नी सुभद्रा आफ्नी एक मात्र सन्तान रुपकलालाई पराइ घरमा सुम्पिएर एक्लो महसुस गरिर हेछन् । सुभद्राको मन त झन् कटक्कै काटिएको छ । आफूले दश महिना कोखमा बोकेर दश धारा दुध खुवाएको हिजैजस्तो लाग्छ कति छिटो पो हुर्किछे । रुपकलालाई आज यसरी पराइको हातमा सुम्पिएर बिदा गर्नुपर्ला भनेर सोचेकी पनि थिइनन् होला ।

खोई यो कस्तो रीत हो कुन्नि ? मायाजालको माखे साङ्लो, सुभद्रा खप्न सक्दिनन् बिदाइको त्यो पीडा । आज उनको हृदयमा दश रेक्टर स्केलको भूकम्प गएको छ । सायद यो पीडा जीर्णोद्धार हुनसक्छ कि सक्दैन ! जे होस् सुभद्रालाई सबैजना भएर सम्झाउँछन् । सुभद्रा तिमी पनि त एक दिन यो घरमा यसरी नै आफ्ना आमाबुबाबाट बिदा भएर आएकी थियौ । ऊ यहाँबाट गए पनि आइ्सराङबाट यासोक कति पो टाढा छ र ! भेटघाट त भइरहन्छ नि !

सुभद्राको कहालिएको मनले पर गइरहेका जन्तीहरूको हुललाई हेर्छ । उनी डोलीमा सजिएकी छोरी रुपकलालाई बिदाइका हात हल्लाउँछिन् । आमाबुबाबाट बिदा भएर प्रायः बेहोसजस्तै भएकी रुपकलालाई यो कुरा के थाहा !

विवाहको खुसियालीमा अ... है... लरि बरी छुइया भन्दै नाच्नमै व्यस्त छन् दमाइँहरू । जन्तीहरू जन्तेबाख्रो खान हतारिएका छन् । बेहुला सुहाग रातको लागि हतारिएको छ । पछाडि फर्किएर हेर्ने फुर्सद कसैलाई छैन !

लक्ष्मीनारायण रिजाल र सुभद्राको घर यतिखेर शून्यताले छाएको छ । घरगाउँलेहरूले पनि छाडेर गइसकेका छन् । यही शून्यतालाई चिर्दै विवाहको माहोलमा भोकै भएका गोठका वस्तु टाट्नामा बाँधेका बाख्राहरू एकोहोरो कराउन थाल्छन् । लक्ष्मीनारायणको ध्यान त्यतैतिर जान्छ । जेजस्तो भए पनि दुबैजना लोग्नेस्वास्नी मिलेर घरको थान्कोमुन्को गर्नथाल्छन् ।

बिस्तारै दिनहरू बित्दै जान्छन् । दुरान

फर्काउन छोरी रुपकला र ज्वाइँ पनि टुप्लुक्क आइपुग्छन् । आए गए पनि अब त छोरी दुई दिनकी पाहुना मात्र त हो । वेलामौकामा रुपकला आउँदै जाँदै गरे पनि उसको हृष्टपुष्ट शरीर, राता राता गाला, पुष्ट अनुहार अझ निखारिएर आउनुपर्ने हो । सत्र-अठार वर्षकी रुपकला दिनदिनै खस्किँदै गएकीजस्ती देखिन्छे ! माइती घर आउँदा पनि ऊ कसैलाई केही भन्दिन ।

पराइ घरमा आफूले भोग्नुपरेका पीडाहरूलाई मुटुमै दबाएर राख्छे । सरल छे, सोझी छे त्यसैले पनि ऊ सासूससुराकी आज्ञाकारी छे । आफूले भोग्नुपरेका पीडाहरू अरूलाई सुनाएर पनि के फाइदा ? आखिरी सहनुपर्ने आफैँले त हो । रुपकला सम्झिन्छे एक दिन न एक दिन त अवश्य पनि सासूको मन फर्किँदो हो, लोग्नेको बानी सुध्रिँदो हो, आफ्नो यो उजाडिएको छातीभित्र पक्कै पनि खुसियाली छाउँदो हो । त्यो दिनको प्रतीक्षामा आफ्नो जीवनमा आइपरेका घातप्रतिघातहरूलाई संयमतापूर्वक सहेर विह्वल जीवन बिताइरहन्छे रुपकला ।

रुपकला घरव्यवहारमा निपूर्ण भए पनि सासूको कचकच र लोग्नेको अदूरदर्शी व्यवहारले दिक्क भएकी उसको दिमागले काम गर्नै छाड्छ । वेलाबखत आफ्नो पोल्टाबाट बट्टे ऐना झिकेर आफ्नो अनुहार नियाल्छे । ती पहिलेका पोटिला, राता राता गाला, टम्म मिलेका ओठको लालित्य, पुष्ट शरीर बिलाएर कता गए कता हराए ! के खाऊँ केलाऊँ भन्ने वेलामा आफ्नो जीर्ण शरीर लिएर दौँतरी साथीहरूको अघि उभिन पनि रुपकलालाई लाज लागेर आउनथाल्यो ।

प्रतीक्षा प्रतीक्षा नै भएर रह्यो । आफूले पर्खिएको खुसी कहिले प्राप्त भएन । मानिसहरू यस्तो वेला निसङ्कोच भएर जस्तोसुकै भयङ्कर निर्णय लिनसक्छन् । कि त आत्महत्या कि त जीवनदेखि वाक्क भएर टाढा धेरै टाढा जहाँ आफ्ना आफन्तहरूसँग भेटै नहोस् । रुपकला यस्तै अठोट लिएर अघि बढ्ने निर्णय गर्छे । पराइ घरमा गएर खुसियालीमा रम्ने उनका आकाङ्क्षाहरू तुसारापात भए । उनको यो पीडालाई कस्ले बुझिदिने ! उनी पराइ घर छाड्ने अठोट गर्छिन् । बिहानको अँध्यारोमै आफ्ना पुराना कपडाहरूको पोको बोकेर करबाट निस्कन्छे । एकपटक आफ्नै माइतघरमा शरण लिने, त्यहाँ पनि शरण पाइएन भने जे होला ।

एकाबिहानै सुभद्रा दैलो पोत्दै छिन् । लक्ष्मीनारायण सिकुवाको डिलमा बसेर भुसा बेर्दै कतै टाढा टाढाको क्षितिज नियाल्दै छ । एउटा काग हुर्र उडेर रछ्यानमा गाडेको थाङ्ग्रोमाथि बसेर काग काग भन्दै कराउँछ । त्यस वेला लक्ष्मीनारायणको तन्द्रा भङ्ग हुन्छ । श्रीमती सुभद्रातर्फ फर्किएर "होइन ए सुभद्रा ! कैले न मैले आज एकाबिहानै यो काग के भन्छ । पाहुना आउने सङ्केत पो गर्दै छ कि !"

सुभद्रा भूँइमा पोतो राखेर "खोइ यो रुपकला नआएको पनि धेरै भयो । सन्चोबिसन्चो के छ । यति नजिकै भएर पनि केही थाहा छैन ।" बुढाबुढी यस्तै गन्थन गर्दै आआफ्नो काममा जुट्छन् । लक्ष्मीनारायण सुर्ती खाँदै गाई, भैँसीहरूलाई घाँस लगाउँछन् । सुभद्रा दैलो पोतिसकेर चिया पकाउँछिन् । दुबैजना

सिकुवाको डिलमा बसेर तातो चियाको चुस्की लिँदै आनन्दको अनुभूति गरिरहेका हुन्छन् ।

यतिकैमा जिङ्गरिङ्ङ परेको एउटा जीर्ण शरीर सानो पोको काखीमा च्यापेर पट् पट् फुटेका खालि खुट्टा हेर्दा भिखारीजस्तै देखिने एउटी महिला आँगनमा आएर ठिङ्ङ उभिँदा छक्क पर्छन् दुबै बुढाबुढी ! चिन्दैनन्, ऊ को हो ? कहाँबाट बाटो बिराएर यहाँ आएकी होली । भन् उसको शरीरमा भएको भुत्रे गुन्युचोलीले त पक्कै कुनै मागी खाने आइमाई नै हुनुपर्छ, लख काट्छन् उनीहरू । त्यहाँ दोहोरो हेराहेर मात्र हुन्छ बोल्दैनन् कोही पनि, मौनता छाएको छ । बुबाआमाले मलाई नचिनेको हो वा यस्तो अवस्था देखेर नबोलाएको हो भन्ने आभास हुन्छ रुपकलालाई । रुपकला सहन नसकेर आफ्ना व्यथाहरू बिस्फोटन हुननपाउँदै आमा सुभद्राको अङ्गालोमा बेरिएर आँसुको भेल पोखिन्छ, रोदन र चित्कार निस्किन्छ एक्कासि ।

लक्ष्मीनारायण र सुभद्रा आफ्नी एकलौटी छोरीको यो हालत देखेर थाम्न सक्दैनन् मनको बाँध । भक्कानिएका मनहरू आमाछोरी एकार्कामा बाँधिएर धित मरुन्ज्याल रुन्छन् । लक्ष्मीनारायण त्यो दृश्य हेर्ननसकेर घरभित्र पसेर आफ्नो टोपीले आँखाबाट झरेको आँसु पुछ्छन् । एउटी छोरीको लागि कस्तो कस्तो सपना बुनेका आमाबुबाले छोरीलाई आज यस्तो हालतमा देख्नुपर्दा कल्पना नै गर्नसक्दैनन् उनीहरू । पक्कै यो हालतमा आउनु भनेको घरको पीडा थेग्न नसकेर भागेर आएकी होली शङ्का गर्छन् लक्ष्मीनारायण ।

'यो यति बिहानै आइपुगी ! हुन त यासोकबाट आङ्सराङ कति नै पो टाढा छ र ? दूरीको हिसाबले त्यस्तै एक घण्टा मात्र न हो ।' मनमा यस्तै कुरा खेलाउँदै सुभद्रा आफ्नो भक्कानिएको मनलाई बिस्तारै सम्हाल्दै सोध्छिन् रुपकलालाई, "रुपकला तेरो यस्तो हालत के देख्नुपऱ्यो हामीले आज !" रुपकला पनि आफ्नो रोदनका हिक्का सम्हाल्दै मनभित्रका विषाक्त भावनाहरू यसरी पोखिदिन्छे मानौं त्यहाँ कुनै पोखरी फुटेर बाढी आएको छ ! रोदनका आँसुहरू छताछुल्ल भएर पोखिन्छन् रुपकलाका ।

"आमा ! अब मलाई त्यो घरमा कदापि नपठाउनुस् । मैले त्यो घरलाई सदाको लागि त्यागेर आएकी छु । अब म त्यो घरमा कहिल्यै पनि जाने छैन । अबको जीवन म आमाबुबासँगै बसेर बिताउने छु । त्यो घर होइन आमा, त्यहाँ त राक्षसहरूको मात्र बास भएको घरको नाममा एउटा कलङ्क मात्र रहेछ ।"

उनीहरूले खाएको धानको भात, दुध, दही मैले टुलुटुलु हेर्दै मकैको ढिँडो, नुन पनि राम्रो नलागेको गुन्द्रुकको झोलसँग खानुपर्छ । त्यो पनि अघाइन्जेल होइन एक डल्लो आधा पेट पनि नभरिने ! काममा जाँदा दिउँसोको खाजा उनीहरूले खाएको चाम्रे र अचार टुलुटुलु हेर्दै भुटेको मकैसँग दुई पात मुलाको साग खाएर दिनभर कोदालो खन्नुपर्छ ।

आमा ! भन्नुस् त म कसरी बाँचौं ? यसरी त्यो घरमा अब म दुई दिन बढी बसेकी भए अकालमा मेरो जीवनको अर्थी उठ्थ्यो । नखाने जातले खाएको मदिरापान सेवन गरेर मध्यरातमा आएर ढोका खोल भनेर कराउँछन्

तपाईंका ज्वाइँ ! दिनभरिको कामले थाकेको मेरो शरीर ढोका खोल्न अलिकति ढिलो भयो भने मात्र पनि तथानाम गाली गर्दै निहुँ खोजेर कुट्नथाल्छन् । आमा ! भन्नुस् त यस्तो पीडा म कति दिन सहूँ ? जति राम्रो काम गरे पनि यो पनि भएन त्यो पनि भएन सासूको कचकच रक्सी खाएर आयो निहुँ खोज्यो, कुट्यो लोग्नेको पिर ! यो सबै म कसरी सहूँ आमा ?" यी सबै कुरा सुनेपछि आमा छोरीको रुवाइ अझ बुलन्द हुन्छ ।

आज किन किन रुपकलालाई आनन्दको अनुभूति भइरहेको छ । मानौं उसको शरीरमा भएका सम्पूर्ण विषालु काँडाहरू आँसु बनेर निस्किएर गएका छन् । भोग्नुपरेका पीडाहरू समाप्त भएका छन् । सन्तानको नाममा एउटी छोरी रुपकलालाई अब माइती घरमै राख्ने अठोट गर्छन् लक्ष्मीनारायण र सुभद्रा । रुपकला पनि खुसी हुन्छे । यसरी नै दिनहरू बित्दै जान्छन् ।

रुपकलाको जिङ्गिरिङ्ङ परेको शरीर बिस्तारै फेरिँदै जान्छ । शरीर हृष्टपुष्ट बन्दै जान्छ । रक्तिम गाला, रसिला ओठ, मृदुभाषी मुस्कानले गाउँघरका केटीहरूमध्ये कोहीभन्दा कमकी भएकी छैन रुपकला । तर पनि आजसम्म उसको घरबाट कुनै खोजखबर केही भएको छैन !

समयले आफ्नो फड्को मार्दै जान्छ । दिन, महिना, वर्ष कति छिटो पो चिप्लिएछन् दिनहरू । आखिरी नारी तन न हो । रुपकलाको रूप र बैंस देखेर गाउँघरवरपरका ठिटाहरू आँखा जुधाउन थाल्छन् । रुपकलालाई पनि यतिखेर शरीरमा कता कता काउकुति लागेजस्तो भान् हुन्छ । घाँस, दाउरा, मेलापात जाँदा कहिले कहिले जिस्क्याउने गर्थ्यो पल्लो गाउँको धनबहादुर । रुपकला पनि आफ्नो जबानीको उन्मादपूर्ण क्षणहरूमा फिस्स हाँसीदिन्थी ।

धनबहादुर पनि केटीहरू जिस्क्याउन र फकाउन खप्पिस थियो । रुपकलाई हात पार्नसकिने बुझ्यो क्यारे जिस्क्याउन, ठट्टा गर्नथाल्यो दिनदिनै रुपकलासँग । सौभाग्य भनौं या दुर्भाग्य नतिजा त्यस्तै भयो । धनबहादुर पनि एक हृष्टपुष्ट, गोरो जिउडाल मिलेको अग्लो केटो ! जबानीले अगाडिपछाडिको कुरा केही हेर्दैन रहेछ । गाउँभरि हल्ला फिँजियो रुपकला र धनबहादुर मुग्लान भागे रे ।

लक्ष्मीनारायण र सुभद्राका घरमा फेरि अर्को ठुलो भूकम्प गयो । त्यो फेरि जीर्णोद्धार हुन्छ कि हुँदैन गाउँभरि हल्ला फिँजियो । लक्ष्मीनारायणले खायो है । विवाहदान गरिसकेकी छोरीलाई खुब माइती घरमा राख्यो । छोरीलाई राखेर खुब ठुलो भाग खानखोज्दा भेट्यो । हाम्रो समाज पनि कस्तो दुःख परेको वेला सम्झाउन र सान्त्वना दिनुको सट्टा अर्काको खिल्ली उडाउने । हुन त भन्नेको मुखमा कसले बुजो लगाउन सक्छ र ?

गाउँभरि यस्तै नानाथरीका कुरा चले, "खुब पुल्पुल्याएर राख्यो छोरीलाई, यस्तै हुन्छ छोरीको जात छिमेकीहरू मुखामुख गर्दै खासखुस गर्थे । जसले जे भने पनि जे गरे पनि सन्तान भनेको सन्तान नै हो । सन्तानको नाममा एउटी छोरी जातसँग जाओस् वा अजातसँग जाओस् माया त लाग्छ नै बुबाआमालाई । बिचरा ! रुपकला पनि के

गरोस् बैंसले ल्याएको आँधिबेरीलाई थाम्न सकिनन् । यौवनको तृष्णाले उसलाई पनि लठ्याइसकेको थियो ।

धनबहादुरजस्तो हृष्टपुष्ट शरीर भएको केटा पाउँदा मक्ख परेर रुपकला "हामी मुग्लान भागौं म तिमीलाई रानी बनाएर राख्छु रानी । त्यो तिम्रो पुरानो प्रकाशको खोजिनिदो नगर तिम्रोलागि म छु ।" धनबहादुरले जादुको छडीभैं लपक्क भएर टाँसिनपुगेकी थिई । त्यस वेला एकान्तको फाइदा उठाएर एक अलौकिक संसारभित्र हराएका थिए दुबैजना ।

यसरी धनबहादुरले रुपकलाको यौवनको रसमा डुबुल्की मार्दै कलकत्तासम्म पुऱ्यायो । निर्दोष रुपकलालाई पनि के थाहा । ऊ पनि एउटा नरपशु हो ! केटीहरू फकाएर म विवाह गर्छु भन्दै भारत पुऱ्याएर बेच्ने दलाल । धनबहादुरले रुपकलालाई कलकत्तामा गुण्डाहरूलाई दश हजार भारुमा बेचेर बेपत्ता भयो ।

त्यसपछि मात्र आफू नर्कमा डुबिसकेको कुरा बुझी रुपकलाले । ऊ गर्न पनि के सक्थी र अब वेदनाका आँसु चुहाउनबाहेक । सौभाग्य भनौं वा दुर्भाग्य केही वर्षपछि ऊ त्यो कालो दलदलबाट फुत्किन त सकी परिस्थितिवस ऊ घर फर्किन भने सकिन । फेरि घरमा पनि कुन मुख लिएर फर्किने ? सावाँअक्षरसम्म लेख्न, पढ्न जानेकीले घरमा एउटा पत्रसम्म लेखेर पठाई ।

छोरी हराएको दुई वर्षपछि रुपकलाको एउटा पत्र लक्ष्मीनारायणको हात पऱ्यो । पत्रमा लेखिएको थियो ।

बुबा आमा !

म अभागी छोरीको तर्फबाट साँझबिहानको सेवा ढोग । म अन्जानमै तपाईंहरूको पवित्र मायाममतालाई लत्याएर हिँडें । अब म घर फर्किन त सक्दिन होला आफ्नो जन्मभूमिमा । यो जिन्दगी एउटा लेखान्तको खेल रहेछ । सबै कुरा त के लेखौं । म एउटा सारै नराम्रो दलदलमा फसेकी थिएँ । हजुरहरूको आशीर्वादले गर्दा त्यो दलदलबाट फुत्कन त सकें तर घर फर्कन कदापि पनि सक्दिन । हजुरहरूको अभागी छोरी यो जन्ममा यस्तै भयो । अर्को जन्ममा हजुरहरूकै छोरी भएर जन्मिन पाऊँ ।

बुबाआमा अलबिदा ।

छोरी रुपकला

लक्ष्मीनारायण छोरीले पठाएको पत्र पढिसकेर एकपल्ट डाको छाडेर रुन्छन् । सुभद्राले छाडेर गएको पनि एक वर्ष भयो । अब त यो घरमा एक्लै छन् उनी । छोरीले लेखेको त्यस्तो दर्दनाक पत्र पढेर झण्डै बेहोसजस्तै हुन्छन् । सम्झन्छन् उनी पत्रमा ठेगाना दिएको भए पनि त हुन्थ्यो । आखिरी सन्तान नै हो खोज्न जानसकिन्थ्यो । ठेगाना पनि दिएकी छैन । सुभद्रा खसेपछि फगत उनी एक्ला छन् ।

अझै पनि लक्ष्मीनारायण रिजालको मनमा एउटा आशाको त्यान्द्रो त बाँचेकै छ । माथि बाटोमा गाडीको हर्न बज्दा उतैतिर टोलाएर हेछन् । कतै मेरी छोरी रुपकला यासोकबाट आएजस्तै सानो पोको काखीमा च्यापेर आँगनमा ठिङ्ग उभिन आइपुग्छे कि ! प्रतीक्षाको घडी सबैभन्दा मिठो हुन्छ । उनी यसरी नै टोलाइरहन्छन् रुपकलाको प्रतीक्षामा ।

फिदिम, पाँचथर

❑ कविता

❖ गायत्रीकुमार चापागाईं

सभ्य भूमि

शिष्ट शान्त सरिता सखी सरी
सुस्त सुस्त गतिमा गरा भरी
धन्य भूमि सिँचिदो हराभरा
पाखुरी र श्रममा वसुन्धरा ।

उर्वरा जमिन यो स्वदेशको
बग्न हुन्न हितको मधेसको
त्रासदी छ मनमा विकारको
साँध बाँध जनता सुधारको ।

जीवजन्तु वनमा थरी थरी
जङ्गली हरित यो चरी सरी
बाढिरोक भयको सिकारको
सार रोज सयको विचारको ।

शान्ति कान्ति वनको बहारको
आलिबालि हरियो निखारको
भोक शोक हरने बचावट
फूल फुल्छ सजिने सजावट ।

शान मान धरती बनौटको
दृष्टि सृष्टि गुनको विशाल यो
लोभ दम्भ सरमा डुबाउन
हस्त कर्म फलको बुझाउन ।

दुख्ख सुख्ख चरखा सरावरी
ऐन चैन छिनमै बराबरी
चक्रवात घुमने निशा सरी
बक्र चाप खुलने उषा झरी ।

भ्रान्ति क्रान्ति समता सुझाउन
सभ्य भव्य धरणी खुलाउन
काम माम ममता महानता
प्रेमपूर्वक धरा समानता ।

विराटनगर

सनातन भागवत धर्म राजमार्ग : सङ्क्षिप्त परिचय

❖ प्रा. कुलप्रसाद पराजुली

पृष्ठभूमि :

मानव स्वभावैले जिज्ञासु प्राणी हो । आफ्नो जिज्ञासा तथा सोख पूरा गर्न मानिस कुनै न कुनै कार्य गरिरहेकै हुन्छ। कोही पुस्तक पत्रपत्रिकाको अध्ययन गर्छन् त कोही साहित्य, कला आदिका क्षेत्रमा लागिपर्दछन् । कसैको समय लेखन-विश्लेषणमा बितेको देखिन्छ । त्यस्तै कोही योगाभ्यासमा, कोही ईश्वरीय चिन्तन-मनन र भजनकीर्तनमा त कोही अन्य विभिन्न पेसा र व्यवहारका कार्यमा संलग्न हुन्छन् । मानवभित्रको रुचिभिन्नता नै यसको मूल कारण हो । मेरो विशेष रुचि भने धर्म-संस्कृति, विद्यादान, ज्ञानगुन र सेवाक्षेत्रमा लागिपरेका व्यक्ति र संस्थाको भ्रमण-अध्ययन, चिन्तनमनन र सरसङ्गतमा रम्दै आएको छ ।

यो सृष्टि ज्ञानको भण्डार हो । जहाँ हेऱ्यो, जता गयो र जुन विषयवस्तुमा घोरियो सबै ठाउँमा ज्ञान, विज्ञान छरिएको छ, भरिएको छ । यसैले विज्ञहरूले भने, 'प्रकृति एउटा ठुलो पाठशाला हो र मानव त्यसको तत्त्व जिज्ञासु विद्यार्थी ।' नेपाली साहित्यका वरिष्ठतम महाकवि स्व.लक्ष्मीप्रसाद देवकोटाले '**उद्यानमा बस गई सब तत्त्व मिल्छन्**' भन्दै ज्ञानप्राप्तिका लागि प्रकृतिको गर्भगृहमा प्रवेश गरी अध्ययन गर्नुपर्ने उद्घोष नै गरे । यिनै र यस्तै कारणले सृष्टिको उत्कृष्ट पाणी मानव रचना-सिर्जना, विकास-निर्माण र चिन्तनमननमा लागेको देखिन्छ, बुझिन्छ । आनन्दको खोजी र प्राप्ति मानवको जन्मजात इच्छा हो र लक्ष्य पनि त्यही हो । मेरो रुचिको प्राथमिकता भ्रमण, अध्ययनमा लाग्नुको कारण पनि आनन्दको खोजी र प्राप्ति नै हो । एउटा नीतिवचनले –'**यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्**' भनेको छ । यो भनाइको आशय बाल्यकालमा बसेको आनिबानीको संस्कार आजीवन अमिट रहन्छ ।

मभित्र भागवतप्रेमको जागरण :

तेर वर्षको उमेरमा जन्मजिल्ला भोजपुरको वासिङ्थर्पु दयालास्थित घरबाट पढ्न भनेर भागेर हिँडेपछि सुनसरीको पिण्डेश्वर संस्कृत महाविद्यालयमा अनौपचारिकरूपमा बितेका केही दिनको प्रभावले मलाई पढाइतिर डोऱ्याएकै हो । त्यसपछि अध्ययनको भोक मेटाउन म छिमेकी राष्ट्र भारततिर पसेँ । क्रमशः भारतको इलाहाबादअन्तर्गत अरैल प्रयागस्थित श्री सच्चा अध्यात्म संस्कृत महाविद्यालय, वृन्दावनस्थित श्री रङ्गलक्ष्मी महाविद्यालय, श्री ब्रह्मविद्या मन्दिर र श्री निम्बार्क संस्कृत महाविद्यालयमा अध्ययन गर्न सफल भएँ । त्यसपछि ऋषिकेशस्थित श्री दैवीसम्पद् अध्यात्म संस्कृत महाविद्यालय

र वाराणसीस्थित श्री साधुबेला संस्कृत महाविद्यालयमा समेत अध्ययन गरेपश्चात् आचार्यसम्मको शैक्षिक उपाधि प्राप्त गरेँ । ती विद्यालयहरूमा पढ्दा मभित्र जागेको अध्ययन र भ्रमणको भोक परिपाक हुँदै गयो । अध्ययनपछिको व्यावहारिक जीवनमा पनि सो क्रम छुटेन, बरु बढ्दै नै गयो ।

आफूले पढ्दाका दिनहरूमा अध्ययन गरिएका पाठ्यक्रम, विद्वत्वर्ग, साधुसन्त र महापुरुषहरूको सङ्गत एवम् आश्रमहरू र तीर्थसंस्कृतिबाट आर्जित अनुभव नै मेरा मार्गदर्शक बन्दै गए । फलतः मभित्र बसेको त्यो संस्कारले मलाई त्यस्तै प्रकृतिका विषयवस्तुमा घुलमिल गरेर रम्न मन लाग्छ । तिनै संस्कार र संगतसंस्कृतिको छापले मलाई आज पनि डोऱ्याएको हुनुपर्छ ।

मभित्रको भ्रमण-अध्ययन गर्ने सधैँको भोक मेटाउन वेला वेलामा नेपाल र भारतका विभिन्न स्थान, महाविद्यालय र आश्रमहरूमा पुग्दै आएको छु । ती संस्कारले यहाँसम्मको जीवनमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाको लेखन, सम्पादन र विश्लेषणका कार्यमा मलाई डोऱ्याउँदै लग्यो । साहित्यिक, सांस्कृतिक र सामाजिक सङ्घसंस्थाको स्थापना र तिनका रचनात्मक गतिविधिमा पनि सरिक हुँदै आएँ । साढे दुई दशकको समय शिक्षण तथा प्राध्यापन र प्रशासनिक सेवामा खर्चिन पुगे पनि आफूलाई धर्मसंस्कृति एवम् सेवाभाव प्रकृतिका कार्यमा समर्पित गराउने सतत प्रयास र प्रवृत्तिमा छु । यो मेरो सर्वाधिक सन्तुष्टि र आनन्दको क्षेत्र पनि हो ।

मभित्र लुकेर बसेको त्यही बानीको थप पूर्ति २०७८ माघ २६ गतेले पनि गऱ्यो । त्यो दिन पितृकर्मको उद्देश्यले ललितपुरको ठैव पुराणस्थान दशघरेस्थित '**सनातन भागवत धर्म राजमार्ग**' नामको धार्मिक, सामाजिक संस्थामा पुगेँ । भोजपुर जिल्लामा जन्मिएर ललितपुरको ठैव गाउँस्थित निजी निवासमा बसेर व्यावहारिक कर्मक्षेत्रमा समर्पित हुँदै आउनुभएका नाताले मेरा मामा श्री चूडामणि भट्टराई वि.सं.२०४८ सालदेखि नै सो संस्थासित जोडिनुभएको रहेछ । नित्य भगवद्विग्रहको पूजाआराधना गरिने यस्तो पवित्र संस्थामा पुग्ने यो अवसर मलाई उहाँले नै जुराइदिनुभएको, जुटाइदिनुभएको हो । एउटा नीति वचनले भन्छ, "**कीटोऽपि सुमनः सङ्गात् आरोहति सतां शिरः ।**" सामान्य जीव कीराले पनि फूलको सङ्गतले सज्जनका शिरमा चढ्ने सुअवसर पाउँछ, यो उक्तिको आशय हो । श्रीमद्भागवत महापुराणमा श्री वेदव्यास भन्छन्, "**भाग्योदयेन बहुजन्म समर्जितेन सत्सङ्गमञ्च लभते पुरुषो यदा वै ।**" यी दुई उक्तिमध्ये पहिलोले सत्संगको प्रभावको उद्घोष गरेको छ भने दोस्रोले जन्मजन्मान्तरको पुण्यपुञ्ज सञ्चयपछि मात्र मानवको भाग्यद्वार खुल्छ, सत्संग र उत्तम तीर्थसेवनको सुअवसर पाउँछ । यी दुबै भनाइ मलाई घतिला र सत्य लाग्छन् । अनुभव गर्दछु, भगवत् कृपाविना सधैँ सबैलाई राम्रा संस्था र असल मानिसको सङ्गत पनि मिल्दैन । चाहना राख्तैमा सबै कुरा सधैँ सबैलाई प्राप्त हुनेभए यो संसार के हुने थियो कल्पना पनि गर्नसकिन्न ।

संस्थाको भवन र व्यवस्थापन

जीवनमा पहिलोपल्ट म पुगेको '**सनातन भागवत धर्म राजमार्ग**' नामको संस्थाको दुई तले घर सात आना जग्गामा बनेको रहेछ ।

यो संस्था संस्थापक अध्यक्ष कृष्णबलदेव राणाद्वारा सेवाभावले संस्थालाई निःशुल्क दिनुभएको जानकारी पाएर मेरो मन रमायो । संस्थाको भवन पनि उहाँले नै बनाइदिनुभएको सुन्दा त खुसीले गद्‌गद् नै भएँ । '**दानेन पाणिर्नतु कंकणेन**', हातको शुद्धि दान गर्नाले हुन्छ भन्ने यो सदुक्तिको शास्त्रीय महिमाको सार व्यावहारिक रूपमै मलाई बोध भयो । दुई तले सो मन्दिरघरको तल्लो तलाको बाहिरी भागमा फलामे घेराबारसहितको हवनकुण्ड छ, जहाँ नित्य हवन र विश्वतृप्ति श्राद्ध गरिन्छ । माथ्मा थोरै खाली ठाउँ छ । भित्रपट्टिको बायाँ भागमा भोजनप्रसाद तयारी र ग्रहणस्थल छ । भित्री भागमा साधकहरू बस्ने कोठाहरू, स्टोर कक्ष र स्नानागारसम्बन्धी केही कोठाहरू छन् ।

माथिल्लो तलामा निकै फराकिलो सभाकक्ष छ। सो कक्षको उत्तरी भागबाट दक्षिण फर्काएर मन्दिरमय सफा उच्च आसनीमा भगवान्‌का विभिन्न श्रीविग्रह अतिसुशोभित तरिकासाथ सजिसजाउरूपमा व्यवस्थितसँग राखिएका छन् । दक्षिणपश्चिमबाट पूर्वमुख गरी प्रवेश गरिने सो कक्षमा प्रवेश गर्नासाथ भगवान् राधाकृष्ण, सङ्कर्षण र श्यामसुन्दर, सीताराम, प्रकाशेश्वर महादेव, मत्स्यावतारूप शालिग्राम भगवान्‌का साथै बालगोपालहरूलगायतका आकर्षक श्रीविग्रहको दर्शन पाएर मन्त्रमुग्ध बनिन्छ । पश्चिमबाट पूर्व फर्काएर राखिएको संस्था संस्थापक कृष्णबलदेवको फोटो र उत्तर फर्काएर राखिएको गुरु कविप्रसाद गौतमको फोटोको अवलोकन पनि त्यहाँ गर्न पाइन्छ । २०३८ सालदेखि अखण्ड हरिनाम सङ्कीर्तनको पवित्र कार्य सञ्चालन भइरहेको सो कक्षको अर्को महत्त्वपूर्ण आकर्षण वि.सं.२०६४ सालदेखि विधिवत् धार्मिक कार्यक्रमपूर्वक राखिएको **श्रीराम स्तूप** पनि हो । भित्री भागमा प्लास्टिक बिछ्याएर त्यसमाथि विभिन्न समयमा तमाम भक्तहरूद्वारा हस्तलिखित भगवान् **श्रीरामका डेढ** करोड **पवित्र नामावली** खातमाथि खात मिलाएर त्यस स्तूपमा राखिएका रहेछन् । पुनः थप रामनाम राख्न मिल्नेगरी शिखरशैलीको मन्दिर आकारको सो स्तूपलाई बन्द गरिएको छ ।

पूर्वी कुनाबाट पश्चिम फर्केर गरिने अखण्ड हरिकीर्तनका पवित्र साधन– हारमोनियम र तबला आदि बाजागाजाले त्यो कक्षको शोभावृद्धिमा थप सहयोग गरिरहेका छन् । त्यहाँ बसेर भक्त तथा साधकहरूले पवित्रतम् हरिनाम सङ्कीर्तन गर्न पाउँछन् । सङ्कीर्तनको सो पवित्र ध्वनिले आफ्नो मनमष्तिष्क शुद्ध हुन्छ । आजीवन ईश्वरको नाम सङ्कीर्तनको संस्थागत प्रचारप्रसारमा लागेका वरिष्ठ हरिनामभक्त कविप्रसाद गौतमको सङ्गतमा परेर २०३८ सालदेखि कृष्णबलदेव राणाले अखण्ड हरिनाम सङ्कीर्तन सुरु गर्नु/गराउनुभएको रहेछ । मानवजीवनमा जप्ने पर्ने कर्णप्रिय हरिनामको त्यो सुमधुर पवित्र ध्वनि सुनेको हरिनाम सङ्कीर्तनप्रेमी साधक भावविह्वल बनी मन्त्रमुग्ध भएर केही क्षण स्तब्ध बन्छ त्यहाँ, र

हरे राम, हरे राम, राम राम हरे, हरे ।
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण हरे, हरे ।

यो महामन्त्र बारम्बार उच्चारण गर्दै तनमनले तन्मय बनेर नाच्दै, गाउँदै शास्त्रीय उद्‌घोष "**कलौ केशव कीर्तनात्**"को मर्मबोध गर्नथाल्छ ।

भागवत धर्मको महत्त्व :

भागवत धर्मको बीज हरिनाम सङ्कीर्तन हो । आध्यात्मिक दृष्टिले आत्मा सम्झाउने साधन भागवत पदलाई आश्रय र विपदलाई अनाश्रय भन्छन् शास्त्रले । आत्माबोधक भागवत धर्मको सेवन मानवजीवनका लागि अपरिहार्य मानिन्छ । यो धर्मले सेवाभावमा जोड दिन्छ । श्रीमद्भागवत् भगवान्का स्वभावको कथा हो, जसमा भागवत् धर्मको चर्चा छ । "**श्रवणं कीर्तनं विष्णो स्मरणं पादसेवनं । अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्**", "**नाम सङ्कीर्तनं यस्य सर्वपाप प्रणाशनम् । प्रणामो दुःखशमनं तं नमामि हरिं परम्**" भन्नुका साथै "**कलौ भक्तिः कलौ भक्तिः भक्त्या कृष्ण पुरसरः ।**" यी जीवनदायिनी शास्त्रीय पौराणिक सदुक्तिहरू मानव मात्रलाई भागवत् धर्म मार्गदर्शनका लागि उद्घोष गरिएका हुन् । प्राणी मात्रको सेवा गर्नु मानवको कर्तव्यमय ठुलो धर्म हो भने परोपकार पवित्र कर्म हो । शास्त्र र विद्वान्हरू भन्छन्, 'मानव मात्रलाई सेवाभाव सिकाउन चन्द्र सूर्य आकाशमा आलोपालो गरी चिसोतातो दिन्छन् र वायु सधैँ हामीलाई हावा हम्किदिन्छन्, नद-नदीले पानी दिन्छन् र वृक्षहरू निःशुल्क फल, पुष्प र इन्धन दिएर नित्य निरन्तर प्राणीको सेवा गर्दछन् । तसर्थ मानवले सेवाधर्म अङ्गीकार गर ।'

सनातन भागवत धर्म राजमार्ग संस्था स्थापनाको प्रेरणा र सम्बन्ध

परोपकार एवम् सेवामुखी भागवत तत्त्वको उक्त सत्यतथ्यलाई मनन र मन्थन गरेर गुरु कविप्रसाद गौतमद्वारा २०२४ साल कुष्माण्ड नवमीको पावन पर्वका दिन भगवन्नाम सङ्कीर्तनको पावन परम्परा सुरु गर्नुभएको तथ्य धेरैजसो भक्तलाई थाहै छ । यो नामसङ्कीर्तन कार्य यस युगकै प्रथम नारायण सत्र हो जसलाई आज नारायण यज्ञका नामले पुकारिन्छ । यो पङ्क्तिकारलाई प्राप्त जानकारीअनुसार यो हरिनाम सङ्कीर्तन यज्ञ नेपालको कर्णाली-महाकाली क्षेत्रका चारवटा जिल्लालाई छोडेर सबै जिल्लामा सञ्चालित हुनुका साथै भारतको द्वारिका, बदरीनाथ, रामेश्वर, वृन्दावन र प्रयाग आदि विभिन्न स्थानमा समेत सप्रेम सञ्चालित छ ।

राष्ट्रदेव भगवान् पशुपतिनाथको मन्दिर सान्निध्यमा जानकी जीवनकुञ्ज स्थापना गरी अखण्ड हरिनाम सङ्कीर्तन सुरु गराउनुभएको यो परम्पराअन्तर्गतको अखण्ड हरिनाम सङ्कीर्तन संस्था **सनातन भागवत धर्म राजमार्ग** पनि एक हो । हाल काठमाडौँको **जानकी जीवन कुञ्ज पशुपति, काभ्रेको भकुण्डेबेसीस्थित अमरनिवास, ओखलढुङ्गाको रुम्जाटार, सुनसरीको धरान, सर्लाहीको डङराही, मकवानपुरको हेटौँडा, चितवनको पर्सा, काठमाडौँको बुढानीलकण्ठ, ललितपुरको बज्रबाराही चापागाउँ र यो ठैवसहित १० ठाउँमा** अखण्ड हरिनाम सङ्कीर्तन चलिरहेको छ । भगवन्नाम सङ्कीर्तन मण्डल त सयौँ ठाउँमा स्थापना भएर सञ्चालित छन् । यिनै पावन सन्दर्भ र कार्यक्रमले आध्यात्मिक मार्गगामी सबैले भागवत धर्मलाई अन्तरात्मादेखि नै अङ्गीकार गर्दै आएको बोध हुँदै आएको छ । हरिनाम सङ्कीर्तनको सारतत्त्व पनि यही हो जसलाई यो **सनातन भागवत धर्म राजमार्ग** संस्थाले यथाशक्य परिपालना गरी हामीलाई सेवाभाव सम्झाउने कार्य गरेको छ ।

यो आश्रमसित म जोडिनाको भावनात्मक संयोग

सन् १९६७/१९६८ देखि १९७१/१९७२ सम्म भारतको इलाहाबाद प्रयाग अरैल गाउँस्थित श्री सच्चा अध्यात्म संस्कृत महाविद्यालयमा म पढ्न पुगेँ । त्यो ठाउँ सच्चा आश्रमका नामले चिनिन्छ । त्यहाँ अखण्ड हरिकीर्तन भएको मैले स्वयम् देखे, भोगेको थिएँ । आफूले देखेभोगेको त्यस्तै अखण्ड हरिकीर्तनको पवित्रतम दृश्य मेरो जन्मजिल्ला भोजपुरबाट सर्वप्रथम वि.सं.२०३५ साल असारमा काठमाडौँ आएपछि कविकुञ्ज (हाल जानकी जीवन कुञ्ज) पशुपतिमा पुग्दा देखेँ, भोगेँ । मेरो जीवनले पाएको आश्रमसङ्गत र भगवन्नाम सङ्कीर्तनको सुस्वादले नै मलाई कविकुञ्जमा पनि पुऱ्याएको हुनुपर्छ यो मेरो ठम्याइ हो । कविप्रसाद गौतमद्वारा स्थापित सो कुञ्जमा त आजका स्वनामधन्य पण्डित श्री अजित गौतम र वरिष्ठ तवलावादक स्वयम् अतुल गौतमलाई केही समय संस्कृत भाषाको प्रारम्भिक शिक्षण गराउने सुअवसर पाउनुका साथै त्यहाँ निवास गर्नुहुने नारीरत्न मन्दाआज्ञा (भाञ्जी) उपनामले सम्बोधित साधिकाबाट सप्रेम प्राप्त प्रसाद खाजाको रूपमा प्राप्त गरेको सुमधुर सम्झना मेरा मनमष्तिष्कमा ताजै छ।

विद्यार्थी जीवनमा भारतमा प्राप्त र व्यावहारिक जीवनमा काठमाडौँ आएपछि कविकुञ्ज पशुपतिमा पाएको भगवन्नामको सुस्वादको संस्कारले नै ललितपुरको ठैवस्थित यो आश्रमसित म जोडिन पुगेको हुनुपर्छ । प्रारब्ध नै एउटा यस्तो बलवान् कारण हो जसले यस्ता सुअवसर दिन्छ भन्ने मेरो ठम्याइ छ । यस मन्दिरमा पुगेर म प्रफुल्लित र आनन्दित पनि भएँ । जोसुकै भगवन्नामप्रेमी साधकका लागि यहाँ पुग्दाको यही आनन्द र मजा प्राप्त हुन्छ यो पनि मेरो ठम्याइ हो । प्रतिदिन हवन, अखण्ड हरिकीर्तनसहित मानवसेवाको उद्देश्य लिएर कानुनतः दर्ता भई सञ्चालित यो सेवामुखी सामाजिक संस्थाप्रति म आकर्षित हुनपुगेपछि मेरो अन्तरात्माले यसको परिचय दिने आदेश दियो । मानवमन चञ्चल अवश्य छ तर सत्यतथ्यको उजागर पनि मनले नै गर्छ । सो आदेश सान्दर्भिक ठानी निम्न लिखित बुँदाभित्र समेटी यो संस्थाको सङ्क्षिप्त विवरणसहित यो आलेख प्रस्तुत गरेको छु :

संस्थाको नाम :

म पुगेको यो संस्थाको नाम **सनातन भागवत धर्म राजमार्ग** हो । यहाँ अखण्ड हरिनाम सङ्कीर्तन हुँदै आएको छ जसलाई अतियज्ञ भनिन्छ । वि.सं.२०३८ देखि अनौपचारिकरूपमा सुरु भई वि.सं.२०४२ साल पुसमा कानुनतः विधिवत् दर्ता भएर यो धार्मिक/सामाजिक संस्था सञ्चालनमा रहेको छ । स्थापनाकालमा यसको ठेगाना ललितपुर जिल्लाको ठैव गाउँ पञ्चायत वडा नं.९ ठैव, पुराणस्थान दशघरे थियो । आज सो ठेगाना गोदावरी नगरपालिका वडा नं.१४ ठैव पुराणस्थान दशघरेमा परिणत भएर परिचित छ।

संस्थापक अध्यक्ष

यो संस्थाका संस्थापक अध्यक्ष .स्व.कृष्णबलदेव राणा हुनुहुन्छ । वि.सं.१९८० साउन कृष्णप्रतिपदाका दिन सिन्धुपाल्चोक जिल्लाको चौतारामा जन्मनुभएका स्व.कृष्णबलदेव राणा, स्वर्गीय

अहिरामराणाकावंशजहुनुहुन्छ।वत्स–और्व–च्यवन–भार्गव र जमदग्नि पञ्चप्रवरका वत्स गोत्रीय राणाको स्वर्गारोहण वि.सं.२०७१ गुरुपूर्णिमामा भएको थियो ।

पारिवारिक विवरण

श्रीमती भानुदेवी राणा र श्रीमती इन्दिरादेवी राणा दुई धर्मपत्नीका पति स्व.राणाकी जेठी पत्नी श्रीमती भानुदेवीबाट श्री, किशोरी, कमला र कल्याणी ४ छोरी र १ छोरा नारायणदेव राणा गरी ५ सन्तान छन् । छोरा नारायण र बुहारी सन्ध्या राणाबाट नाति ऋषभ राणा र नातिनी माधवी राणा जन्मेका छन् । कान्छी पत्नी श्रीमती इन्दिरादेवी राणाबाट ६ बैनी छोरीहरू : शिला, मीनाक्षी, रजनी, अञ्जना, व्रजलता र चाँदनी राणाका साथै एक मात्र छोरा श्री फणीन्द्र (चन्द्रदेव) राणाको जन्म भएको छ। फणीन्द्र (चन्द्रदेव) राणाकी धर्मपत्नी श्रीमती राजश्रीबाट एक छोरा श्री चैतन्य राणा र छोरी सुश्री वैदेही राणा जन्मेका छन्। यी दुबै विद्यार्थी हुन् ।

स्व.कृष्णबलदेव राणालाई हरिनाम सङ्कीर्तन मार्गमा लाग्ने प्रेरणा :

सुरुमा प्रसिद्ध भारतीय आध्यात्मिक सन्त देवरहा बाबाबाट दीक्षा लिएका कृष्णबलदेव राणाको वि.सं.२००४ सालमा मकवानपुरको भैंसेखानीमा अध्यात्मसाधक गुरु कविप्रसाद गौतमसित भेट भएछ । कृष्णबलदेव राणा त्यस बखत केराका पातको लगौंटी लगाएर शरीरभरि खरानी घसी त्यागी साधुको भेषमा हिँड्दा रहेछन् । भक्तपुरको सूर्यविनायक नगरपालिका ५ कटुञ्जे निवासी साधक श्रीरङ्ग तिमल्सिनाको भनाइअनुसार समाजसेवी स्व.योगमाया न्यौपानेका चेला प्रेमनारायण भण्डारी र भण्डारीका चेला स्व.कविप्रसाद गौतम हुन् । सत्सङ्गति र समाजसेवाको मार्ग अनुसरण गर्नुभएका तिनै कविप्रसाद गौतमका चेला स्व.कृष्णबलदेव राणा हुन्। गुरु कविप्रसाद गौतमले अङ्गीकार गरेको हरिकीर्तन र समाजसेवाको मार्गमा हिँडेका कृष्णबलदेव राणाको जीवनी कविप्रसाद गौतमका कान्छा भाइ ज्योतिप्रसाद गौतमले लेखेका थिए भन्ने जानकारी पाइन्छ तर सो जीवनी खोजतलास गर्दा उपलब्ध हुनसकेन।

वैराग्यपूर्ण साधुसन्तको भेषमा हिँड्ने स्व.कृष्णबलदेव राणाले आफ्ना दीक्षागुरु भारतीय परम श्रद्धेय सन्त देवरहा बाबाको आज्ञाबाट गृहस्थ जीवन स्वीकार गरी भगवन्नाम सङ्कीर्तनको प्रचारप्रसार गर्ने कार्यमा समर्पित हुनुभएको जानकारी श्री राणाको परिवार तथा साधक सदस्यबाट प्राप्त हुनआएको छ। उनै देवरहा बाबाबाट दीक्षित कृष्णबलदेवले १०८ भागवत पाठ गरेर ब्राह्मणलाई दान दिन्थे र भागवतमा चढेको वस्तु मात्र प्रसादका रूपमा उनी ग्रहण गर्दथे भन्छन् साधक श्रीरङ्ग तिम्सिना ।

गुरु कविप्रसाद गौतमको सुसङ्गतले नै कृष्णबलदेवमा संस्थागत हरिनाम सङ्कीर्तन, मानवसेवा, अन्नदान र विद्यादानको प्रेरणा मिलेको रहेछ । यो प्रेरणाले उहाँ आफू संस्थागत धर्मसंस्कृति र समाजसेवाका क्षेत्रमा सरिक गराउन कृतसङ्कल्पित भएर त्यसपछि केही दिन भगवत सेवाक्षेत्रको साधना र चिन्तनमनन गरी ललितपुर क्षेत्रमा बसोवास गर्न थालेछन्। त्यहाँ रहँदाबस्ता ईश्वर, धर्म-संस्कृति र मानवसेवाप्रति आस्थावान् केही समाजसेवी व्यक्तिहरूलाई समेटेर २०३८

पुस शुक्ल सप्तमीदेखि अखण्ड हरिकीर्तनको पवित्र कार्य सुरु गराइएको रहेछ। त्यो दिव्य हरिनाम सङ्कीर्तनको अनुकरणीय परम्परा आज पनि यथावत् सञ्चालन हुँदै आएको छ।

संस्थाको स्थायी सम्पत्ति :

हरिनाम सङ्कीर्तनजस्तो पवित्रतम मानवसेवामूलक धार्मिक-सामाजिक कार्यको थालनी गरिसकेपछि स्वर्गीय राणाले ठैव पुराणस्थान दशघरेमा आफ्नो नाममा रहेको सात आना जग्गा संस्थालाई निःशुल्क प्रदान गरी सो जग्गामा एउटा हरिनाम सङ्कीर्तन भवन पनि बनाई सोही भवनमा अखण्ड हरिनाम सङ्कीर्तन सुरु गराउनुभएछ।

संस्थापन कार्यसमिति :

स्व.कृष्णबलदेव राणाको अध्यक्षतामा श्रीमती भानुदेवी राणा, श्रीमती इन्दिरादेवी राणा, श्री सिंहबहादुर महत, श्री श्याम महर्जन, श्री बुद्धिबहादुर श्रेष्ठ र श्री दिलबहादुर श्रेष्ठलगायत केही अरू साधकहरू संस्थापक कार्यसमितिमा रही यो धार्मिक-सामाजिक संस्था स्थापित भएको जानकारी आश्रम परिवारबाट मौखिकरूपमा प्राप्त भएको छ।

वर्तमान कार्यसमिति :

२०४२ सालदेखि कानुनतः वैधानिक मान्यता प्राप्तं यो संस्थाको वर्तमान कार्यसमितिको गठन यसप्रकार रहेको पाइन्छः

१.अध्यक्ष – श्रीमती इन्दिरादेवी राणा
२.उपाध्यक्ष – श्रीमती भानुदेवी राणा
३.सचिव – श्री सहदेव महत
४.कोषाध्यक्ष – श्री रवि महत
५.सदस्य – श्री आशाराम महत
६.सदस्य – श्री चम्पामाया
७.सदस्य – श्री जयन्ती उपाध्याय विडारी,
८.सदस्य – श्री राज्यश्री राणा
९.सदस्य– श्री रामकृष्ण श्रेष्ठ
१०.सदस्य – श्री सुमित्रा थापा
११.सदस्य – श्री हिमाल थापा

संस्थाको दैनिकी :

नित्य प्रभाती, हवन, विश्वतृप्ति श्राद्ध, भगवान्का श्रीविग्रहको पूजाआराधना, आरती, अखण्डहरिनाम संङ्कीर्तन, प्रसाद वितरण, आश्रमवासी साधक र विद्यार्थीलाई अन्नदान गरिँदै आइएको छ। अध्ययन गर्न चाहने साधकलाई विभिन्न विद्यालय र महाविद्यालयमा भर्ना गरी अध्ययनसुविधा दिएर विद्यादानसमेत गरिँदै आइरहेका सुखद जानकारी पाइएको छ।

विशेष कार्यक्रम :

सेवाभावले प्राणी मात्रको जय होस् भनी स्थापित यस धार्मिकसामाजिक संस्थामा उपर्युक्त नित्यकर्मका अतिरिक्त निम्न लिखित विशेष कार्यक्रम पनि सञ्चालित हुँदै आएका रहेछन् :

क	संस्था स्थापनाकाल २०३८ देखि दैनिक सङ्कलन गरिँदै आएको मूल घडाको जल र दशगङ्गा : (१) भगवती, (२) दशपापहरा, (३) गङ्गा, (४) कृष्णा, (५) शिवा, (६) नारायणी (७) विष्णुरुपिणी, (८) मोक्षदा, (९) भागीरथी, (१०) नन्दी र दैनिक घडामा सञ्चित जलसमेत एघारवटा घडाको जलले सम्भव भएसम्म ब्राह्मणबाट र सो सम्भव नभए उपलब्ध कुनै साधकबाट प्रत्येक शुकवार अभिषेक गरिँदो रहेछ,
ख	शिवरात्रि, रामनवमी, कृष्णजन्मोत्सव आदि विशेष पर्वहरूमा विशेष पूजा र प्रसाद वितरणका कार्य गरिने,
ग	प्रत्येक वर्ष साउन-भदौमा भगवान् राधाकृष्णका युगलविग्रहलाई झुलामा राखेर झुलाउने कार्यक्रमको आयोजना गर्ने,

घ	हरेक वर्ष चैते दसैँ र असोजको बडा दसैँमा उत्सवसहित रामायणपाठको पारायण गरिने,
ङ	सुरुदेखि अनाथ तथा सहाराविहीन मानिसलाई संस्थामा आश्रय दिएर लालनपालनका साथै शिक्षादान दिने क्रममा हाल अजय, अनिता, अलिना, गोहिता, पिंकी, पुष्प र विजयले आश्रय र अध्ययनको सुविधा पाइरहेका रहेछन् । परिवारका सदस्यहरूसमेत १५ जनाभन्दा बढी साधकले संस्थामा भइपरिआउने विविध सेवामूलक सेवा गरी भोजनसहित बसोवासको सुविधा पाइरहेका छन्,
च	संस्थासित आवद्ध समाजसेवी दाताहरूको मुष्ठिदान कार्य नै संस्थाको मूल आयस्रोत भएकोले सोही योगदानबाट यो संस्था सञ्चालित रहेछ । त्यसरी मुष्ठिदान गर्नुहुने समाजसेवीहरूको सङ्ख्या लगभग १०० को हाराहारीमा रहेको बुझिन्छ ।
छ	यो संस्थासित आबद्ध समाजसेवीहरूबाट प्राप्त केही रकम जम्मा गरी संस्थाको नाममा मुद्दती खाता खोलेर एउटा अक्षय कोष राखिएको रहेछ । हाल स्थानीय नवललित र टेवा सहकारी संस्थामा सो खाता खोलेर केही रकम राखी कोषाध्यक्षको अनिवार्य र अध्यक्ष र सचिवमध्ये एकजनासमेत दुईजनाको संयुक्त हस्ताक्षरबाट सो खाता सञ्चालित रहेछ । कोषमा वर्षभरिका ३६५ दिनहरूमा ३६५ जनाकै स्वेच्छिक यथाशक्य आर्थिक सहयोग प्राप्त हुँदो रहेछ । मनका धनी समाजसेवी दानदाताहरूको त्यस्तो योगदानको न्यूनतम रकमको परिमाण रु.१००। देखि बढीमा रु.१०,०००।-सम्म रहेछ ।
ज	प्रत्येक वर्ष पुस १८ गते उत्सवपूर्वक संस्थाको वार्षिकोत्सवः मनाइँदो रहेछ ।
झ	पढ्न चाहने आश्रमवासी साधक विद्यार्थीलाई : संस्थाको स्थापनाकाल वि.सं.२०३८ सालदेखि नै विद्यादान दिइँदै आएको यस संस्थामा आश्रय लिई विद्याध्ययनसमेत गरेका केही विद्यार्थीहरू स्वेच्छाले आश्रमबाट बाहिरिएर राष्ट्रका विभिन्न सेवामा संलग्न भएका रहेछन् । संस्थाका उत्पादन त्यस्ता साधकहरूमा प्राइम टेलिभिजनमा पत्रकारिता गरिरहनुभएका श्री दीपक अर्याल पनि एक हुन् भने श्री रामहरि आचार्य (हरि) र श्री शंकर.... आदि विद्यार्थी पनि यहाँका उत्पादन रहेछन् । समाजका विभिन्न स्थानबाट आश्रममा आएर केही दिन आश्रय लिएर स्वेच्छाले संस्थाबाहिर जाने साधक पनि रहेछन् । त्यसरी आउने-जाने काम पनि भइरहँदो रहेछ ।
ञ	वि.सं.२०२४ मा विश्वरूप पूजा, २०४२ सालअघि तीनपल्ट एक दिने नारायणसत्र, २०४२ पछि १९१८ वटा सात दिने नारायण महायज्ञको आयोजनालगायतका विशेष कार्यक्रम सम्पन्न भइसकेका छन् । १९१९औँ साधना नारायण महायज्ञ २०७८ फागुन २३ गते सुनसरी जिल्लाको धरान नगरपालिकास्थित भानुचोक वरगाछीमा आयोजना हुने कार्यक्रम रहेछ । यो कार्यक्रम श्री जानकी जीवनकुञ्जबाट सञ्चालित छ ।

आश्रमवासीको कार्यविभाजन :

आश्रममा आश्रय लिने साधकले प्रत्येक दिन न्यूनतम २/२ घण्टा हरिकीर्तन गर्नुपर्ने नियम छ । हवनकर्ता र भान्सेले ४ घण्टा र अन्य काम नतोकिएका साधकहरूले ६ घण्टा हरिकीर्तन गर्नुपर्ने नियम कार्यान्वयन हुँदै आएको रहेछ । भगवान् शालिग्रामको सेवा श्री फणीन्द्र/ चन्द्रदेवले र मन्दिरको

दैनिक पूजा फणीन्द पत्नी राज्यश्री राणाले गर्दै आउनुभएको छ । आश्रमवासी साधक र समाजका सबै मानवलाई विनाभेदभाव ससम्मान बराबर आदरभावले हेरिने जानकारी हुनआएको छ ।

संस्थाको विधान र त्यसको संरचना :

यस संस्थाको आफ्नै विधान छ । यस विधानमा निम्नअनुसार ८ परिच्छेदभित्र ३४ वटा विधान नं.राखिएका छन् ।

(१) **विधानको प्रस्तावनाद्वारा स्वीकृत बुँदागत सङ्क्षिप्त अवधारणा यस्तो छ :**

क	सनातन परम्पराको धर्म नै सनातन आर्य हिन्दु धर्म हुन्छ,
ख	यो धर्मले प्रलयकालमा सूक्ष्म र सृष्टिदेखि मर्यादाको रूपबाट प्रकट भएर प्रलयकालपर्यन्त सम्पूर्ण प्रजाको रक्षा गर्दछ,
ग	यो धर्म संसारका धर्मसंस्कृतिको पनि आदि (जनक) हो,
घ	यो धर्मले आफ्ना अनुयायीहरूलाई भगवान्सँग पूरा सम्बन्ध गराउँदछ र यसको नाम सम्पूर्णताको सार भागवत धर्म हो,
ङ	भागवत धर्ममा लाग्न साधनाबाट कहिल्यै च्यूत नभई अमर बनेर विश्वसेवक हुन्छ,
च	देख्न र बुझ्न चाहनेले सनातन स्वरूप नारायणको भजन गरे मात्र ठेगान लाग्छ,
छ	हरिनाम अखण्ड सकीर्तनप्रधान समाज ङसेवा गर्दै राष्ट्रिय हिन्दु सनातन धर्मको संरक्षण तथा सम्बर्धन गर्ने ठोस सहयोग र शान्ति कायम गर्न सतत प्रयत्न गर्ने र
ज	गैरनाफामूलक परधार्मिक सेवामूलक सार्वजनिक संस्था हो भनिएको छ ।

(२) **यस विधानले आत्मसात् गरेका उद्देश्य निम्नअनुसार छन् :**

क	देशमा सर्वसाधारण जनताले पनि जुन धर्मलाई धारण गरी सजिलैसँग इच्छासिद्धि (मोक्ष) प्राप्त गर्नसक्ने समय र समाज सुहाउँदो वातावरणअनुरूप सार्वजनिक मोक्षको मार्ग प्रशस्त गर्न भागवत मोक्षमार्ग अर्थात् भक्तिमार्गको प्रचारप्रसारद्वारा राष्ट्रिय हिन्दु सनातन धर्मको संरक्षण तथा संवर्धन गरी शोषणरहित समाजको सृजना गर्ने र शान्तिको लागि सतत प्रयत्न गर्ने,
ख	सत्यलाई उम्कन नदिइकन देशविकासमा संलग्न हुनसक्ने उपाय प्रस्तुत गर्ने । धर्मको चोला पहिरेका पाखण्डीहरूको यो वेला बाढी आएकोले त्यो बाढीमा नेपाली समाज प्रायः बग्न थालेकोले त्यसलाई रोक्ने उपायद्वारा कडा अभियान सुरु गर्न, राजगुरु र अन्य धर्मगुरुहरूलाई आह्वान् गरेर निर्णय गराई आफ्नो शान्तिको लागि राष्ट्रिय हिन्दु सनातन धर्मको प्रचार प्राणको वलिदान दिएर पनि गर्ने ।
ग	सम्पूर्ण जनतालाई देशभक्त, राजभक्त, ईश्वरभक्त भई अनुशासितढङ्गले रहन शिक्षादीक्षाको बलियो जग बसाल्ने,
घ	स्वास्थ्य उपचार र दीनदुःखीउपर सहायता पुऱ्याउन र मानव अस्तित्वको महत्त्वमाथि समाजको विशेष ध्यानाकर्षित गराउन प्रयत्न गराउने,
ङ	समाजमा रहेका अन्धा, लुला, काना, बहिरा तथा रोगपीडित व्यक्ति, सच्चा भिक्षु, त्यागी, सन्यासीहरूलाई सर्वात्मा भावले यथाशक्ति सहायता गर्ने ।

(३) **विधानको संरचना** : यस विधानमा कायम रहेका ८ परिच्छेदभित्रका ३४ वटा

विधानको बुँदागत संरचनाको सङ्क्षिप्त अवधारणा यस्तो छ :

परिच्छेद	विधान नं.र अन्तर्गंका विविध विषयवस्तु
१	विधान नं.१.प्रस्तावना, २.सङ्क्षिप्त नाम र प्रारम्भ, ३.परिभाषाको उल्लेख छ,
२	संस्थाको स्थापना, उद्देश्य र सदस्यताको विधान शीर्षक दिएर विधान नं.४ संस्थाको स्थापना, ५ उद्देश्यहरू ६ सदस्यता प्रदान ७.सदस्यताको लागि अयोग्यता, ८.सदस्यता कायम नरहने अवस्थाको उल्लेख,
३	केन्द्रीय तथा जिल्ला स्तरको व्यवस्थासम्बन्धी विधान नं.९ मा उल्लेख,
४	साधारणसभा र कार्यकारिणी समिति शीर्षकअन्तर्गत विधान नं :
	१०. साधारणसभा,
	११ कार्यकारिणी समितिको कार्यभार
	१२. साधारणसभाको वैठक,
	१३ कार्यकारिणी समिति
	१४ कार्यकारिणी समितिको वैठक,
	१५. सूचना
	१६. गणपूरक सङ्ख्या
	१७. साधारणसभाको काम, कर्तव्य र अधिकार
	१८ कार्यकरिणी समितिको काम, कर्तव्य, अधिकार
	१९. अध्यक्षको काम, कर्तव्य, अधिकार
	२० उपाध्यक्षको काम, कर्तव्य र अधिकार,
	२१. सचिवको काम, कर्तव्य, अधिकार र
	२२. कोषाध्यक्षको काम, कर्तव्य, अधिकार छन् ।
५	आर्थिक अवस्था शीर्षकअन्तर्गत विधान नं.२३ मा अक्षयकोषको व्यवस्था, २४.कोषको सञ्चालन २५.बजेट स्वीकृति गर्ने, २६.लेखापरीक्षण र विधान नं.२७ मा रकमान्तरको व्यवस्था छ ,
६	विधान नं. २८ मा विधान संशोधनवारे उल्लेख छ,
७	विधान नं.२९मा निर्वाचनको व्यवस्था र ३०.मा नियमावली बनाउनसक्ने व्यवस्था छ ।
८	विविध शीर्षकअन्तर्गत विधाननं.३१.मा नियमावली बनाउन सक्ने, ३२.मा अधिकार प्रत्यायोजन गर्नसकिने, ३३.मा कर्मचारी राख्न सकिने र ३४ अर्थात् अन्तिम विधान नं.मा नियमावलीलाई स्वीकृति गराउनुपर्ने व्यवस्थाको उल्लेखसमेत गरिएको पाइन्छ ।

(४) **सदस्यता** : हरेक जात, धर्म र क्षेत्रको नेपाली नागरिक सहयोगी सदस्य हुने र कार्यकारिणी सदस्यका लागि कार्यसमितिको निर्णयानुसार हुने छ भनिएको छ ।

(५) **कार्यसमिति** यस संस्थाको कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष १/१ जना र ७ जना

सदस्य गरी ११ जनाको कार्यसमिति बन्ने उल्लेख छ ।

(६) **संस्थाको आर्थिक स्थिति र कोषको व्यवस्था** : मूलतः भागवत धर्मप्रति आस्थावान् भक्तजनहरूको भौतिक र आर्थिक सहयोग नै यो संस्थाको आर्थिक स्रोत रहेछ । त्यस्तो सहयोगलाई मितव्ययिताको सिद्धान्त अपनाएर केही रकम वचत गरी संस्थाको

नाममा एउटा मुद्दती कोषको स्थापना गरिएको जानकारी पाइएको छ । संस्थाको विधानले नेपाल बैङ्क वा राष्ट्रिय वाणिज्य बैङ्कमा मुद्दती खाता खोलेर राख्नुपर्ने र उक्त कोषबाट प्राप्त व्याज संस्थाको नाममा छुट्टै खाता खोली राखिने व्यवस्था गर्नुका साथै कोषको सञ्चालन संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कुनै २ वा ३ जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने प्रावधान राखेकोले पनि सो व्यवस्था गरिएको रहेछ ।

वि.सं.२०४६ पूर्व सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट वार्षिक रु.२१,०००।- प्राप्त हुने गरेको आर्थिक सहयोग बहुदलीय व्यवस्थाको प्राप्ति २०४६ पछि बन्द भएछ। मन्दिरको पूजाआराधनाका लागि गोदावरी नगरपालिकाबाट २/३ पल्ट केही आर्थिक सहयोग प्राप्त भएको रहेछ । हाल बागमती प्रदेशकी समानुपातिक सांसद् श्री देवकी श्रेष्ठको पहलमा यस संस्थाको मन्दिर भवनको तला थप निर्माण गर्न रु.१२ (बार) लाख रकमको आर्थिक सहयोग प्राप्त भएकोले सो रकममा जनसहयोगबाट प्राप्त केही रकम थप गरेर मन्दिरको तला थपको कार्य भइरहेको छ । यो सहयोगका लागि सांसद् श्री श्रेष्ठ र जनसहयोगकर्ता सबैप्रति संस्थाका तर्फबाट हार्दिक आभार व्यक्त गरिएको छ ।

(७) **समस्या** : आफ्नो सनातन धर्मसंस्कृतिको संरक्षण, सम्बर्धन, परिपालना र मानवीय सेवामा समर्पित यस संस्थाले पनि आर्थिक स्रोतको कमीका कारण जेनतेज निर्वाहको काम मात्र गरिरहेको पाइन्छ, जसले गर्दा चाहेर पनि संस्थाले अझ प्रभावकारी धर्मसंस्कृति र मानवीय सेवामूलक कार्यक्रम सञ्चालन गर्न गराउन नसकेको अवस्था छ ।

(८) **निष्कर्ष** : नेपालमा धर्म, संस्कृति र सामाजिक क्षेत्रमा विभिन्न किसिमका संस्थाहरू स्थापना भएका छन् । सो क्रम जारी नै छ र जारी रहन्छ पनि तर जन्मजात विभिन्न अङ्ग गुमाएका र विभिन्न कारणले गाँस, बास, शिक्षा र स्वास्थ्यको अवसरबाट समेत बञ्चित हुनपुगेका मान्छेको सेवाभाव र अखण्ड हरिनामसङ्कीर्तन सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका संस्थाहरूको सङ्ख्या भने नगण्य छ । तिनै नगण्य संस्थामध्येको एउटा संस्थाको नाम हो **सनातन भागवत धर्म राजमार्ग** । प्रारब्धको खेल बुझिनसक्नु छ, जसको मुठीबाट फुत्किन कोही सक्तैन । त्यसैले भनियो ' **प्रारब्ध वशगाः सर्वे ।**' यसको आशय हो, ' हामी सबै प्रारब्धद्वारा शासित छौं ।'

कृष्णबलदेव राणाले पछि गार्हस्थ जीवन स्वीकारेका रहेछन् । जीवनको प्रारम्भमा जोगीको भेषमा त्यागमय जीवन निर्वाह गर्ने उनलाई प्रारब्धले हरिकीर्तनमय जीवन निर्वाह गर्ने मानवसेवी गुरु कविप्रसाद गौतमको सान्निध्यमा पुऱ्याएछ । गौतमज्यूसितको सो भेट र प्रेरणाले.कृष्णबलदेव राणा मानव सेवामुखी यो संस्था स्थापना गरी सेवा कार्यमा लागेछन् । यो मानव मात्रले गर्नैपर्ने उत्कृष्ट एवम् सुखद कर्म हो तर विडम्बना भनौं वा दुर्भाग्य, यस्ता सेवाभावका संस्था

सञ्चालन गर्न भरपर्दो स्रोतको सधैँ अभाव भइरहन्छ । यस प्रकृतिका संस्थालाई उत्प्रेरणा दिने वातावरण र साधनस्रोतको व्यवस्था न सरकारी तहबाट गरिन्छ न जनस्तरबाट मात्र समभव छ । फलतः समुचित वातावरण र साधनस्रोतको अभावमा यस प्रकृतिका परोपकारी संस्था स्थापना भएका केही महिना तथा वर्षपछि कि स्वतः बन्द हुन्छन् कि त निष्क्रिय भएर रहन्छन् । यसो नहुन जनस्तर र सरकारी स्तरबाट पनि तिनलाई टेवा पुऱ्याउनु जरुरी हुन्छ । त्यसैमा सबैको कल्याण छ । मानवसेवाबाट अभिप्रेरित कृष्णबलदेव राणाद्वारा आफ्ना नामको जग्गादान गरी भक्तहरूबाट समेत जम्मा भएको साधनस्रोत जुटाएर मन्दिर बनाई अखण्ड हरिनाम सङ्कीर्तन सुरु गरिएको यो संस्था पनि आर्थिक अभावको कारण चाहेजति सेवाकार्य सम्पादन गर्न नसकिरहेको अवस्था बुझ्नमा आयो । तसर्थ यस्तो जीवनदायी सेवापरायण संस्थाको जगेर्ना गर्नुका साथै यस्ता संस्था सञ्चालकलाई प्रेरणा दिने समाज र सरकारी निकाय तयार हुन जरुरी छ, जसको प्रयासले हाम्रो धर्म, संस्कृति र संस्कारको रक्षा हुन्छ र मानवसेवामा लाग्न अरूलाई पनि प्रेरणा मिल्छ भन्ने विश्वास हामी सबैले सोच्न र गर्न आवश्यक छ ।

स्रोत : २०७८ माघ २६ गते बुधवारको टिपोटको आधारमा सहयोगीनगर, कोटेश्वर, काठमाडौँ ।

❖ **सञ्जय सुमन**

समाज : नहुनुपर्थ्यो ऐना मात्रै

म एकाग्रतामा छु
केही प्रेमिल अवशेष केलाउन खोज्दै
सम्झिन खोज्दै छु
परबाट समाजले चिच्याउँदै
मलाई ऐना देखाइदिन्छ
ऐनामा म देखिएछु
मेरो प्रेम देखिएनछ
मेरो आँसु देखिएछ
मेरा पिर देखिएनछ
मेरो मुहार देखिएछ
मेरो जात देखिएनछ
ओहो ! देखिएछ
हरेकपटक
म ऐना हेर्न खोज्छु
मेरो जात देखिन्छ
अनि
सम्झिन्छु
समाज ऐना हो
- नहुनु पर्थ्यो ऐना मात्रै ।

वसन्तपुर ९, बगेवा, सर्लाही

निर्णय

'तिमी गएसँगै घरको सबै सुख, चैन र खुसी नै हरायो । सृष्टि प्लिज घर आऊ न अब । म तिमीसँगै जीवन बिताउन चाहन्छु ।'

❖ **रूबी रौनियार**

सृष्टि र विश्वासको विवाह भएको २७ वर्ष भयो । सृष्टिले आफ्नो जीवनसाथी विश्वासमाथि उसको नामभैं अति विश्वास गर्थिन् । यतिसम्म विश्वासका साथीहरू कहिलेकाहीं सृष्टिलाई भेट्दा 'भाउजू, दाइलाई सम्झाउनुस् है । केटीलाई जिस्काउँदै हिँड्छन्' भन्दा पनि सृष्टिले कहिल्यै तिनीहरूको कुरामा विश्वास गरिनन् । उल्टै उनले विश्वासका साथीहरूलाई यस्तो नचाहिने कुरा नगर्न भन्दै हकार्थिन् । विश्वास कस्मेटिकका थोक व्यापारी हुन् ।

सृष्टि र विश्वासको विवाह भएको सुरुको दुई वर्षको अवधिभित्रै सृष्टिकी सासूले पनि सृष्टिलाई भन्ने गर्थिन्, 'बुहारी आज पसलमा विश्वाससँग भेट्न उसकी पुरानी गल्फ्रेन्ड अर्चना आएकी थिइन् है । मलाई उसको चाल अलि ठिक लाग्दैन । तिमीले विश्वासलाई कडारूपमा भनिदेऊ, 'अब अर्चनालाई पसलमा नबोलाओस् र नभेटोस् पनि । त्यो केटी मलाई फिटिक्कै मन पर्दैन । ऊ राम्रो आचरण भएकी केटी होइन । पहिले पनि यही विषयमा मैले उसलाई विश्वाससँग टाढा रहन चेतावनी दिइसकेकी थिएँ । पसलमा आएर विश्वासको सामान थुत्ने र पैसा लुट्ने काम मात्र उसको हो ।'

विश्वासकी आमाले विश्वासलाई पनि अब तिम्रो विवाह भइसकेको र बुहारी पनि धेरै असल भएकी हुँदा बुहारीलाई धोका नदिन र अर्चनासँग सङ्गत छोड भनी सम्झाइरहन्थिन् तर यो कुरा विश्वासले बुझेकै छैन । सृष्टिलाई सासूले फेरि पनि सम्झाइन् तर सृष्टिले उल्टै सासूलाई सम्झाउँदै भनिन्, 'आमा ! हजुर चिन्ता नगर्नू, विश्वास र मेरो सम्बन्ध निकै बलियो छ । हामी एकआपसमा असाध्य विश्वास र माया गर्छौं । त्यस्तो केही होइन । विश्वास र अर्चना साथी मात्र हुन् । न्युरोड आउँदा पसलनजिकै पर्ने भएकाले विश्वासलाई 'हाइ हेल्लो' मात्र भन्न आएकी हुन् । अरू केही पनि होइन ।'

यी कुराहरू सृष्टि र विश्वासको विवाह भएको दुईचार वर्ष यस्तै चल्यो किनभने विश्वासले सृष्टिलाई जहिले पनि अर्चना मेरी साथी मात्र हो भन्थे । सृष्टिले पनि विश्वासमाथि कहिल्यै शङ्का गरिनन् । १८ वर्षको उमेरमै विश्वाससँग सृष्टिको विवाह भएको थियो । सृष्टिले आफ्नो जन्मघरमा आमाबुवा र हजुरआमा हजुरबुबाबिच निकै प्रेम सम्बन्ध रहेको बुझेकी थिइन् । उनका

बुबाले उनकी आमाका साना, साना कुराहरूलाई पनि राम्रोसँग बुझेका थिए। बुबाले आमा नुहाउँदा कपाल कोर्ने गरेको, आमाकै रुचिअनुसार खाना पाक्ने गरेका । बुबाको इच्छाअनुसार आमाले तरकारी पकाउने कति प्रगाढ सम्बन्ध ! हजुरबुवाले हजुरआमालाई आफूसाथै एउटै थालमा खाना खुवाएको, शनिबार भयो कि सबै सिनेमा हेर्न जाने, रमाइलो गर्ने वातावरणमा हुर्केकी सृष्टिलाई आफनो श्रीमान् भनेकै सबै संसार नै लागेको थियो ।

त्यही भएर उनको मनमा विश्वासप्रति सच्चा प्रेम थियो । सृष्टि विवाह गरेकै वर्ष गर्भवती भइन् । पहिलो सन्तान छोरो जन्म्यो । घरपरिवारमा सबै खुसी थिए । त्यहीबिच अर्चनाको पनि विवाह भएको खबर आयो । अब सृष्टिले केही हदसम्म सन्तोषको सास फेरिन् किनभने उनलाई लाग्यो, 'अर्चनाको विवाह भयो, अब विश्वासबाट उनी टाढिइन् ।'

त्यसबिचमा पनि अर्चनाले विभिन्न बहाना बनाएर विश्वासलाई आफ्नो माइतीमा खाना खान बोलाएको खबर सृष्टिकी सासूले थाहा पाइन् । खानासाथै रक्सी धेरै पिएर आएको कारण विश्वासलाई घरमा हरियो बान्ता भयो । सृष्टिले अत्तालिएर सासूआमालाई बोलाइन् । आमाले सबै कुरा पहिले नै थाहापाइसक्नुभएकाले विश्वासलाई हकार्दै भन्नुभयो, 'देखिस् तँलाई त्योसँग सङ्गत नगर् भनेको होइन ? तँ मान्दैनस्।अर्चनाकामाआजतँकेखाएरआ'को भन ?'

आमाको हप्काइ खाएपछि विश्वासले भन्यो, 'उसको भाइको जन्मदिन थियो, बोलाएकाले गएको ।' 'यति वेला पनि सृष्टिले विश्वासलाई अबदेखि अर्चनाको घरमा नजानू' भन्दै फेरि नरमसाथ नै सम्झाइन् किनभने सृष्टिले आफ्नो र विश्वासको सम्बन्धलाई अझै राम्रो तरिकाले अघि बढाउन चाहेकी थिइन् ।

पहिलो सन्तान पाएको दुई वर्षपछि सृष्टि र विश्वासको दोस्रो सन्तानको रूपमा छोरी जन्मिइन् । निकै सुन्दर । छोरीको अनुहार देखेर सबै परिवार निकै खुसी भए। विश्वासले अस्पतालमा सृष्टिलाई भेट्न आउँदा नै खुसीसाथ भने, 'ल सरकारले पनि यही भनेको होइन दुई सन्तान सुखी परिवार ।' विश्वासको कुरा सुनेर अस्पतालका डाक्टर र नर्सहरू पनि निकै हाँसेका थिए ।

यता सृष्टि जो विश्वासमाथि अविश्वास गर्थिन्'ले त्यसपछि कहिल्यै अर्चनाको कुरा परिवारमा चर्चा गर्न दिइनन् । यही विषयले घरमा कलह गराउन नचाहने सृष्टिले सधैं समझदारीले काम लिइन् । उनले सानोतिनो कुरामा कहिल्यै मन दुखाइनन् । सकेसम्म उनी पीडा लुकाएर हाँसो देखाउन चाहन्थिन् ।

समय बित्दै गयो । सृष्टि र विश्वासको सम्बन्ध सृष्टिकै विश्वास र त्यागका कारण अघि बढ्दै गयो । संयुक्त परिवार भएकाले पनि सृष्टिले आफ्नो श्रीमान्लाई अरू सदस्यको अगाडि राम्रो बनाइरहन हरकोसिस गर्थिन् ।

छोरा २५ वर्षको भयो । राम्रो शिक्षादीक्षा र राम्रो संस्कारले ऊ डाक्टर भइसक्यो । छोरी अमेरिकामा उच्च शिक्षा हासिल गरिरहेकी छिन् । संयुक्त परिवारबाट अब सृष्टि र

विश्वासको चारजनाको सानो परिवारमा सीमित भयो । सृष्टि र विश्वासको अथक प्रयासबाट उनीहरूको आफ्नो घर बन्यो । आफ्नो व्यापार झन् राम्रो हुँदै गयो । सृष्टि पनि राम्रो पदमा जागिरे । सबै राम्रै राम्रो ।

उता अर्चनाका पनि एक छोरा र एक छोरी भए तर अर्चनाले भने विभिन्न बहाना बनाएर विश्वासलाई भेट्थिन् । उनले आफ्नो श्रीमान्लाई समेत धोकामा राख्दै आएकी थिइन् । न्युरोड आयो कि विश्वासलाई फोन गरेर पसलमा कोही नभएको चाल पाउनसाथ आइहाल्ने अनि यताउताका गफ घन्टौं गरेर बस्ने । विश्वास आफ्नी श्रीमतीसँग भने दश मिनेट पनि कुरा गर्न चाहँदैन तर अर्चनासँग घन्टौं गफिन पछि पर्दैन । गफमा फसाएर पसलबाट सित्तैमा समान लाने, जे मन पऱ्यो उठाएर लगिहाल्ने, उसको कामै लुट्ने थियो !

विश्वास पनि अब झन् दुबैजनाको विवाह भइसक्यो भन्दै अर्चनासँग कुनै डरधाकविनै खुलेरै गफिन्थ्यो । यो कुरा पसलमा बस्ने स्टाफले समेत नराम्रो मानेछन् । उनीहरूलाई समेत 'दाइ त विवाहित अनि घरमा यति पढेलेखेको राम्री र जागिरे भाउजू हुँदाहुँदै अर्काकी श्रीमतीसँग किन यति धेरै मस्की मस्की गफ गर्छन्' भन्ने मनमा शंका उब्जेछ ।

एक दिन पसलमा अर्चना आउँदा सेवाग्राहीको घुइँचो थियो । उनी विश्वासलाई पटक पटक बोलाउँथिन् । जसले गर्दा ग्राहकलाई समेत समान खरिद गर्न अप्ठ्यारो महसुस भएछ । त्यसपछि पसलका स्टाफ श्याम जो निकै इमानदार र सुरा पनि हुन् । उनैले मुख खोलेछन्, 'दिदी, तपाईंको काम छैन । घरमा परिवार र बालबच्चा कुरिरहेको होलान् । तपाईं चाहिँ यता दाइसँग विनाकामको गफ गरेर समय खेर फाल्दै हुनुहुन्छ ।' श्यामको यस्तो नमिठो वचन सुनेर उनी पसलबाट रातीनिली हुँदै बाहिरिइन् । त्यसपछि केही वर्ष उनी विश्वाससँग भेटघाट र पसल आउन छाडिन् ।

यता सृष्टि र विश्वास रमाइलो गरिरहेका थिए । राति बेडमा सुत्दा पनि रमाइलो विषयमै छलफल हुन्थ्यो । छोराको विवाहका लागि पनि केटी पक्षहरूको आवतजावत घरमा सुरु भइसकेको छ । छोराको विवाहबारे परिवारमा छलफल भइरहेको छ । सबै ठिक र रमाइलै चलिरहेको छ ।

शुक्रवारको दिन । सधैंझैं बिहान सबैरै मर्निङ वाकबाट फर्केर सृष्टि केही बेर आराम गरिन् । सधैंझैं पूजाआजा गरेर विश्वासलाई भगवानको प्रसाद र टीका लगाए पसलका लागि बिदा गरिन् । शुक्रवार दिउँसो श्याम पसलबाट घर आउनासाथ 'भाउजू, आज पसलमा अर्चना फेरि आएकी थिइन्' भन्दै श्यामको अनुहार रिसले रातोकालो भयो । सृष्टिले के भयो भन्दै सोधिन् । श्यामले 'केही होइन भाउजू, आज त अर्चनाले हदै गरिन् ! दाइको तिघ्रामा धाप मार्दै पो कुराकानी गरिन् अनि दाइले पनि अर्चनाको तिघ्रामा धाप मार्नुभयो । मलाई राम्रो लागेन ।'

यसपटक श्यामको कुराले भने सृष्टिको मनमा चिसो पस्यो । सृष्टिले बेडरुममा विश्वाससँग कुराकानी गर्दै उसलाई सरल भाषामा सम्झाइन्, 'अबदेखि तपाईं अर्चनासँगको भेटघाट यही रोक्नुस् । उसले फोन गरी भने मसँग समय छैन वा भेट्नै छ भने मेरो छोरो भएको वेला आऊ ।

केही काम छैन । किन आउने यस्तै यस्तै । किनभने अब बुहारी आउने वेला भएको छ। घरमा सकारात्मक र राम्रो वातारण हामीले नै बनाउने हो ।'

सृष्टिको कुरा सुनेर विश्वासले हुन्छ त भने तर उनी त्यस दिन यही कुराले बेडमा सृष्टिसँग अलि रिस गरेर अर्कैतिर फर्केर सुते। भोलिपल्ट पनि विश्वासको खासै राम्रो व्यवहार देखिएन । सृष्टिले यति सम्झाउँदा पनि अर्को शुक्रवार फेरि अर्चना पसलमा कोही नभएको समयमा आई । यसपटक दुई घण्टा जति एकआपसमा धाप मार्दै हँस्सीमजाक गरे ।

अर्चना आफ्नो श्रीमान् र छोराछोरीलाई ढाँटेर विश्वासलाई भेट्न आउँथी। त्यस दिन साथ आएकी आफ्नो छोरीलाई समेत अन्त पठाएर विश्वासलाई भेट्नआएकी रहिछ। यो कुरा सृष्टिले चाल पाउँदा उनलाई निकै चित्त दुख्यो । यही विषयमा सृष्टि र विश्वासको भनाभन भयो। विश्वासले सृष्टिलाई पागल, साइको भन्दा सृष्टि त छाँगाबाट खसेझैं भइन् ।

त्यस दिन बेडरुममा समेत सृष्टि राम्ररी निदाइनन् । उनका आँखाअगाडि २५ वर्षअघि साथीभाइ, सासूससुरा तथा आफन्तले भन्ने गरेका सबै कुरा घुम्नथाले । सधैं बेडरुममा आफूतिर तानेर सुताउने सृष्टिलाई विश्वासले कुनै वास्ता नै गरेन ! सृष्टिले विश्वासमा बदला महसुस गरिन्। उनले हरेस खाइनन्। उनी पढेलेखेकी र जागिरे थिइन् । आत्मविश्वासी महिला । उनले आफ्ना सन्तानलाई पनि राम्रो संस्कार दिएकी थिइन् । केही दिनमै उनले आफ्ना छोराछोरीलाई सँगै राखेर छलफल गरिन् र एउटा बोल्ड निर्णय गरिन्, 'अब कहिल्यै विश्वाससँग सँगै नबस्ने ।' छोराछोरीले पनि आमाको सही कदममा साथ दिए र कानुनी प्रक्रिया अपनाएर विश्वास र सृष्टिले २७ वर्षको वैवाहिक र बोझिलो जीवनको अन्त गरे ।

केही दिनमै सृष्टिको छोराको विवाह भयो। बुहारी पनि डाक्टर नै। छोरीले विदेशमा व्यापार सुरु गरिसकेकी थिइन् । उनको पनि विवाह भइसकेछ। सृष्टिको राम्रो संस्कारले परिवारमा फेरि खुसीयाली आयो । उता विश्वास सृष्टि र छोरीछोरीको साथ छुट्नासाथ उनीहरूको कमी महसुस गर्नथाल्यो। उसलाई आफ्नो संसार निकै उजाड लाग्थ्यो । जता पनि खालि र सुनसान मात्रै देख्थ्यो ।

बिहानबेलुका सृष्टिको हातको मिठो खाना अनि छोराछोरीको हल्लाखल्ला सबै खल्लो भयो। उसको पाँच तले भवन खण्डरझैं बन्यो । ऊ चिढ्चिढे र मानसिक तनावमा पुग्यो। व्यापार पनि ओरालो लाग्यो। अर्चना पनि भेट्न आउन छाडी । सबैतिरबाट ऊ हार्दै गयो। डेढ दशकपछि एक दिन सृष्टिको मोबाइलमा फोन बज्यो। सृष्टिले फोन नहेरी उठाइन् किनभने उनी आज ६० वर्षकी भएकी छिन्। उनको जन्मदिनको सबै तयारी भइरहेको थियो । घरमा रमाइलो वातावरण थियो। कसैले बधाई दिन फोन गरेको होला भनेर उनले फोन उठाइन् । उताबाट हेलो भन्नासाथ उनी झसङ्ग भइन् किनभने त्यो आबाज विश्वासको थियो। उनको उमेर ७० वर्षजति पुगेको थियो । आबाजमा कम्पन्न थियो तैपनि सृष्टिले विश्वासलाई चिनिन् ।

उनले पनि हेलो भनिन् । यताबाट विश्वासले 'ह्यापी बर्थ डे सृष्टि' भन्यो । उनले पनि केही नभनी सिधै 'थ्याङ्क यु' भनिन् । यसपटक विश्वास फोनमै रोयो अनि सृष्टिलाई सरी भन्यो ।

'तिमी गएसँगै घरको सबै सुख, चैन र खुसी नै हरायो । सृष्टि प्लिज घर आऊ न अब । म तिमीसँगै जीवन बिताउन चाहन्छु ।' एकाएक सृष्टिका आँखाबाट वेदनाका अरुण उर्लिन थाल्यो । उनले पर क्षितिजमा हाँसिरहेको बिहानी हिमाल हेर्दै भनिन्, ' विश्वास, जीवनयात्रामा जे भए पनि हृदयमा मायाको नदी चाहिँ बगिरहँदो रहेछ हो कि ।'

❑ कविता

❖ **रञ्जुश्री पराजुली**

रातो गुलाफ

सागरदेखि रमाउँदै बग्ने
नदीनाला कतै नरोकिई
अनन्त प्रेम फैलाउने
अमुक भाषा हो प्रेम ।
काँडाबिच सजिएर
मायाको सिञ्चन गर्ने
रातो गुलाफको फूलको
पर्याय हो प्रेम ।
प्रेमको गहिराइ
नाप्ने कुनै यन्त्र छैन
छैन केही मन्त्र या तन्त्र
देख्न, छुन, सुँघ्न नसक्ने भाव हो प्रेम ।
प्रेम अनन्त र अनादि छ
अमृतमय दुई आत्माको आस्था
खोक्रो बोक्रो माया नभई
समर्पणको बिन्दु हो प्रेम ।
अदृश्य जाज्वल्यमान्
आल्हादित सन्तुष्टि प्रदायिनी
आनन्द दायिनी भावना
शाश्वत तत्त्व हो प्रेम ।
बाँड्दा, बगाउँदा, लुटाउँदा
रित्तो कहिले नहुने
सदैव भरिपूर्ण, पारिपूर्ण
भावनाको भण्डार हो प्रेम ।
अदृश्य मायाको खानी
निस्वार्थ, निष्कपट, निष्कलङ्क
सरल, तरल र शान्तिको
सच्चा प्रतीक हो प्रेम ।
खोज्दैन सुन्दरता विखण्डन गर्न
काँडाबिच हाँसेर बस्ने गुलाफले
चाहँदैन कुनै सौगात र चिनो मायाको
बेसहारा बनाउँदै रातो गुलाफको ।

अमेरिका

❖ **सुनील पुरी**

कुरूप घर

महोदय
मेरो आफ्नोबारे मलाई केही भन्नु छैन
तपाईंका बारे केही प्रश्न छैन
मेरो र तपाईंको सम्बन्ध
विचारसँगको साइनो हो
दर्शनसँग मेल खाएकोले
चिनाजानी मात्र हो
अर्थात् हामी संयुक्त परिवार।
महोदय
तपाईंलाई विनम्र अनुरोध छ
सङ्गठनमा बस्नयोग्य छैन
र घर घरजस्तो पनि छैन
त्यसैले अब घरमा रहन्न
मलाई जङ्गल नै प्रिय छ
विचारसँगै आवद्ध भइरहन्छु
विचारसँगै बगिरहेको हुन्छु
विचारसँगै फुलिरहेको हुन्छु।
महोदय
सङ्गठन एउटा घर हो
घरलाई कसैले कुरूप बनाएको सहन्न।
महोदय
म यो देशको स्वतन्त्र नागरिक हुँ
हाम्रो घरको सदस्य हुँ
त्यसैले
मलाई घरबाट निकालिदिनुस्
किनभने तपाईंको क्रियाकलापले
हृदयमा ठेस लागेको छ।
महोदय
मेरो आफ्नोबारे मलाई केही भन्नु छैन
तपाईंको बारे केही प्रश्न छैन।

पुलचोक, ललितपुर

'अविच्छिन्न प्रकाशित भइरहेको

साहित्यिक पत्रिका

शब्द-संयोजन

मासिक' पढ्नुहोस्।

❑ निबन्ध

गाँठो

❖ माधव काफ्ले

भनिन्छ "A MAN IS STUDENT UNTIL HIS DETH" भोगाइका अनन्त सृङ्खलाहरूमा बेरिँदै, भँगालिँदै, छचल्किँदै जाँदा अहिले अनुभूत गर्दै छु जसले कम्पोज गरे पनि यो जीवनोपयोगी तत्वज्ञान रहेछ । यस्तो सर्वोपयोगी ज्ञानको अन्तर्चक्षुमा बसेर उनले जुन किसिमको शब्द संयोजन गरी आफ्नो मत स्थापित गरे ती चानचुने खालका मानिस रहेनछन् । विलक्षण प्रतिभा नभएको मानिसद्वारा यस्तो सार्वभौम सोच सितिमिति उद्भव हुन पनि सम्भव हुँदैन । पूर्वीय वाङ्मयमा मन्त्रद्रष्टा ऋषि भनिन्छ नि हो यस्तै मानिसलाई भनिएको होला । नभनिएको हो भने पनि म उनलाई मन्त्रद्रष्टा ऋषि नै मान्छु । मन्त्रद्रष्टा ऋषिमा हुनुपर्ने सर्वव्यापी स्वरलाई चिनेर सार्वभौम चिन्तन सम्प्रेषण गर्नसक्ने खुवी उनमा मनग्गे रहेछ ।

मान्छेको आयु कति नै पो हुन्छ र ? जति हुन्छ त्यो पनि अलिकति बालवयले चुँडिदिन्छ, अलिकति यौवन र जबानीले चिथरिदिन्छ, अलिकति गृहस्थी र बालबच्चाहरूको पालनपोषणले चोक्ट्याउने गर्दछ; अलिकति विषाद, विरहमा छचल्किन पुग्छ; अलिकति उमङ्ग, खुसी र रहरमा लट्पटिन पुग्छ । सञ्चयन र भविष्यको मृगतृष्णा कहिलेकाहीँ तानतुन पारेर बयली दिन्छ अनि बुढ्यौलीको अभिशापले थिचेर थिल्थिल्याउन पुग्छ । यसबाट कुनै मानिस जोगिएर केही समय जोगाउन सक्यो भने उसले केही सोच्न पाउँदो हो र जीवनमा केही गरेर देखाउन सक्तो हो । सामान्य हैसियत राख्ने मजस्तो औसत पार्कोटे मानिसले नाना र पापाबाट बाहिर निस्किएर निस्फिक्री क्षितिज ताकेर हेर्ने नभ्याउने रहेछ ।

सिक्नु र बुझ्नुपर्ने कुरा सतहमा असङ्ख्य रहेछन् । सामाजिक मूल्य, मान्यतासँगै स्थापित हुँदै आएका विचारहरू, सांस्कृतिक सोचसँगै जागृत हुँदै आएका सोचहरू, परम्परादेखि नै प्रभावोत्पादक किसिमले प्रचलनमा आएका जीवनबोधका सार-सूत्रहरू, औपचारिक अध्ययनगृहबाहिर स्थापित हुँदै आएका मिथकहरू, जनबोलीमा समटिँदै आएका युगबोधका सङ्केतहरू जुन पढाइन्न, सिकाइन्न, बुझाइन्न र कुनै पाठ्यक्रममा समावेश गरिएको हुन्न त्यस्ता वेदवाणीको अन्तर्यमा जीवनलाई सानन्द प्रदान गर्नसक्ने औतारी शक्ति हुनेरहेछ । ती अध्ययन, मनन गर्नुपर्ने गुणी विषय रहेछन् जस्तो लाग्दै आइरहेको हुनाले पनि म प्रायशः

कुनै नौलो अथवा विचित्रको विषयसँग साक्षात्कार हुनपुग्दा अलि गम्भीर हुनखोज्छु र त्यसको प्रभावको सालनाल खोतल्नतर्फ लाग्ने गर्दछु।

लौकिक वा परलौकिक किसिमले जीवनजगत्को वास्तविक ज्ञान प्रदान गर्न सक्षम यस्ता धेरै खाले विषयहरूले, प्रसङ्गहरूले मलाई तारन्तार आनदोलित पार्दै आएका छन् । कति त बुझेर पनि त्यसको भेट्नुसम्म पुग्नसकेको छैन । कति भने बुझ्न नसकेर पनि काकाकुल बन्दै जान थाल्छु। अहिले विज्ञानले मानवजीवन, उत्पत्ति, विकास र भौतिक एवम् पराभौतिक विषयमा अत्यधिक प्रभाव पार्दै आइरहेको छ । विज्ञानको चमत्कारी उपादानबाट कुनै पनि मानिस अछुतो रहनसकेको छैन । जीवनसँग परोक्ष सरोकार राख्ने औषधी, कृषि, व्यवसाय, न्याय, धर्म, शिक्षाजस्ता मूलभूत विषयसँग जोडिएर परिवर्तनका विविध रङहरूमार्फत मानवमस्तिष्कलाई उथलपुथल पार्दै आइरहेको छ। त्यसको मोहनी प्रभावबाट विमुग्ध भएर आफ्नो चेतनाशक्तिलाई समेत परिवर्तित सोचमा रूपान्तरित गर्न आतुर हुने तिर्सनाले मेरा मान्यताका धरोहरलाई भताभुङ्ग पारेर हिँडिरहेको छ एकातिर भने अर्कातिर नवीन सोचको डोलीमा चढेर संसार सयर गर्न आकुल लालसा दिनानुदिन बढाउँदै लगिरहेको छ।

मानिस भएको नाताले सांसारिक प्रवञ्चनाबाट अलग भएर बस्ने कुरा पनि सम्भव हुँदोरहेनछ । औपचारिकताको चेपारे सेसन्तरले गाँज्दै लगिरहेको सामाजिक मान्यता भत्काएर हिँड्न पनि नसकिने रहेछ । स्वीकारेर बस्न पनि नसकिने रहेछ। झिलिमिली संसारको जादुगरी चहक र त्यसको निर्मल, निरञ्जन प्रतिविम्बबाट म पनि अछुतो रहनसकेको छैन । मोबाइलको मोह, बिजुलीको चहक, भौतिक उन्नति र प्रगतिका तामझाम, यातायातका साधनहरूको संसर्ग, इन्टरनेट र गुगलको प्रभावले नजानिदो गरी थिच्दै लगिरहेको छ मानसिकता । यी संसाधनहरू हिजका दिनमा थिएनन् र पनि संसार चलेको थियो । आजका दिनमा नभए भोग्दै छु निसासिन खोज्नेरहेछ जीवन ! अनि लाग्छ मान्छे मेसिनमा अनुवाद हुनथालिरहेको काँचको टुक्राजस्तै बन्नपुगिरहेको छ। अनि लाग्छ म आफ्नोलागि नभएर फगत अरूलाई देखाउन औपचारिक तुइनको काँचो धागोमा झुण्डिएर संसार छिचोल्न खोजिरहेको छु र त्यसको सन्निपाती धागो मेरो निर्दोष घाँटीमा बेरेर मलाई मरि मरि घिसार्न उद्यत हुँदै गइरहेको छ।

कृषिप्रधान देशको तक्मा घाँटीमा झुण्ड्याएर गणना भएको मुलुकमा बाँचिरहेको छु म अहिले । मेरा पुर्खाहरू कृषिमै आधारित जीवनपद्धतिमा आबद्ध भएर बाँचेका थिए। कृषिमा आधुनिकीकरण नभए पनि आफ्नै पौरख र पसिनामा बाँच्दै आएका थिए । न कतै बीज भण्डार नै थिए । न त कतै रासायनिक पदार्थहरूको पौल थियो । प्रविधिमा परावलम्बित भएर बाँच्नुभन्दा पनि परिश्रममा निर्भर रहेर

परम्परागत प्रविधिमा बाँच्ने राजसी प्रकृया उनीहरूले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिआएका ज्ञानका स्रोत थिए ।

अहिले एक थरि विशेषज्ञहरू रासायनिक मल, कीटनाशक औषधीलगायत हाइब्रिड बिउबीजनले जमिनको ऊर्वराशक्ति घटाउने र कालान्तरमा यसले ऊर्वर जमिनलाई मरुभूमिमा परिणत गराउने राय पेस गरिरहेका छन् । अर्का थरि विशेषज्ञहरू कृषि उत्पादनलाई उपलब्धिमूलक बनाउन रासायनिक पदार्थहरू अन्धाधुन्ध प्रयोग गर्ने कुरामा जोड दिइरहेका छन् । पशुपालन व्यवसायलाई विस्थापित गर्न सक्षम रासायनिक मल आयात-निर्यात गर्ने हेराफेरिको चौडण्डी बन्न पुगिरहेको छ संसद । मानिसका आधारभूत आवश्यकताभन्दा बेसी अहिले रासायनिक मल आयात-निर्यात गर्ने विषयमा बेसी सिँगौरी खेल्ने अखडामा रूपान्तरित हुँदै आएको देखिँदै छ संसद । माननीय सांसदहरू पनि यही विषयमा गाँउ कोतराकोतर गर्नुलाई नै आफ्नो ठुलो पुरुषार्थ सम्झिरहेका छन् ।

यो विन्दुमा आएपछि म झुक्किन थाल्छु । गर्नुपर्ने कुरा के हो र कुन कुरा बर्जित कुरा हो केही थाहा पाउन सक्तिनँ । औषधी विज्ञान त्यसमा पनि शल्यक्रिया पद्धतिले अहिले चमत्कारिकरूपमा जीवनपद्धतिलाई प्रभाव पार्दै लगिरहेको छ । बाठा भए पनि सबैजना विज्ञ नहुने रहेछन् । विज्ञ भए पनि सबैजना सचेत, जागरुक र संवेदित नहुने रहेछन् । आपत्ले रन्थनिएर अभर परेको घडीमा जानकारसँग आत्मसमर्पण गर्नुको विकल्प नहुने हुनाले पनि प्रायशः अस्वस्थ्य मानिस शारीरिकरूपमा कमजोर हुनपुगेपछि आफूअनुकुल विशेषज्ञको शरणमा शरणागत हुनपुग्दछ । रोग एक भए पनि जाँच अनेक गरिन्छ । औषधी दर्जन भिडाइन्छ । कोलेस्टोरलको बिरामीसमेतलाई भिटामिन दिइने जनवादी पद्धतिले छोप्ने लगेको छ परिवेश ।

सुगर, प्रेसर र क्यान्सर अहिले सदाबहार रोगका रूपमा मौलाउँदै जान थालिरहेका छन् । यी रोगद्वारा ग्रसित मानिसहरूलाई जीवनपर्यन्त औषधी सेवन गर्ने सुझाव विशेषज्ञहरू दिँदै आएका छन् । जब कि यी तीनै रोग मानिसका जन्मजात रोग हुन् । यिनीहरू शरीरमा नहुने हो भने कुनै पनि मानिस स्वस्थ रहनसक्तैन । मात्रा घट्बढ् हुँदा मात्र यिनीहरूले पिर्न थाल्ने हुन् । यिनीहरूको मेरुदण्ड भनेको नै पेन्क्रियाज हो । पेन्क्रियाज पद्धतिलाई स्वस्थ बनाएर निकास दिनसके धेरै खाले छेसाहा रोगले अनावश्यक आक्रमण गरेर स्वस्थ मानिसलाई विनासिति हल्लाउन सक्तैनन् तर विशेषज्ञहरू पेन्क्रियाज अर्थात् जठराग्नि अर्थात् आमाशय अर्थात् पाकस्थलीलाई छुँदै नछोइ औषधीको बिटो बोकाएर बिरामीलाई विदा गर्नपुग्छन् ।

औषधीमा कडा खाले रसायनको प्रयोग गरिएको हुन्छ । यसले पहिले गर्ने पुरुषार्थ भनेको पाकस्थलीको स्वभाविक प्रकृयालाई भताभुङ्ग पारिदिनु हो । मानव शरीरमा रहने प्रतिरोधात्मक क्षमता प्रणाली शक्तिको डँडाल्नु खुस्काउने काम विनासर्त रसायनले

नै गरिदिन्छ । यसले गर्दा शरीरमा भएका क्रियाशील ब्याक्टेरियाहरू अस्वभाविक किसिमले कमजोर हुँदै मर्न थाल्छन् र बाह्य अस्वभाविक ब्याक्टेरियाहरू शरीरभित्र प्रवेश गरेर उधुम मच्चाउन थाल्छन् । अनि अशक्त हुनपुगेको पाकस्थलीले नयाँ नयाँ रोगहरूको उत्पादन गर्दै जान थाल्दछ ।

मजस्तो लठेब्राले यति कुरा बुझ्केपछि सम्बन्धित विशेषज्ञले नबुझ्ने त कुरै हुँदैन । कुरा बुझाइमा निर्भर हुनुभन्दा पनि व्यवसायमा निर्भर हुने रहेछ ! एउटाको व्यवसाय सफल पारिदिन अर्काको बलि चढाउनुपर्ने पद्धतिले सबैलाई छोप्दै लगिरहेको छ । अरूलाई के हुँदै छ म यसै भन्नसक्तिनँ । मलाई भने यस्ता अमानुषिक आचरण सुनेपछि रिँगटा चलेर आउन थाल्छ ।

रोग उन्मुलनको अन्तिम अश्त्र औषधी नभएर रोग रोकथामको प्राथमिक माध्यम अहिले औषधी बनिरहेको देख्ता म दोधारमा परेर छट्पटिन थाल्छु । पहिचानमा आएका रोगहरू प्रायशः हाम्रै घरआँगनमा पाइने वनस्पतिको माध्यमबाट निर्मुल पार्नसकिने यथार्थ शिरोधार्य गर्नसके आर्थिकरूपमा पनि हामी तङ्ग्रिँदै जानसक्छौं भन्ने कुरा आयुर्वेदले बारम्बार भनिरहेको छ । आयुर्वेदको अमृतभन्दा अस्पतालको बिख प्यारो ठान्ने मानसिकता जतातै विकसित अवस्थामा रहेको देखेपछि म छक्क पर्दै अल्मलिन पुग्छु । अनि बोल बोल मछली मुखभरि पानीको हविगतमा पुगेर ठोकिन थाल्छु ।

विधिको शासन प्रत्याभूत गर्ने अदालत कहिल्यै साँचो कुरा सुन्न खोज्दैन । कीर्ते नै भए पनि ऊ प्रमाण खोज्छ र त्यस्तै कीर्ते प्रमाणधारीहरूको फिरादलाई असली आधार मानी फैसलाको नौटङ्की मञ्चन गर्न थाल्छ ।

कुनै दिन समाजसेवाको प्रमुख अङ्ग बनेको थियो राजनीति । समाजसेवाको पवित्र भावनालाई हृदयङ्गम गरी असल आचरण भएको मानिसको मतलाई अनुमोदन गरी निर्वाचन प्रकृयाद्वारा प्रतिनिधित्व गर्न पठाइने परम्परा थियो । अहिले समाजसेवाको पिताम्बर ओढेर धेरै दस्युपतिहरू शासनारुढ हुँदै गएका हुनाले सही के हो र को हो भन्ने कुरा छुट्टाउनै धौ धौ पर्नथालिरहेको छ । देखिएको त छ तर मुख खोलेर केही भन्नसकिएको छैन । टाउको गनेर शासन गर्ने विधि स्थापित भएपछि स्यालको भए पनि सुँगुरको भए पनि गणनामा आउनसक्ने टाउको भएपछि पुग्ने रहेछ ।

शासन विवेकले हैन टाउकाको गणनाले गर्न थालेपछि लिखितमका कुराहरू बकितम उक्लने र बकितमका अपाहिज कुराहरू स्थापित हुँदै जाने नजिरले थिच्दै लगेपछि अचेतन अवस्थामा पनि मेरो लाटो विवेक बर्बराउन थाल्छ । वृत्तिविकासको माध्यम मात्र नभएर कुनै दिन शिक्षा व्यक्तिविकासको शौर्यको, ज्ञानको, विवेकको, करुणाको, दयाको, मायाको प्रतिविम्बको रूपमा चम्कँदै आएको थियो । शोधार्थीहरू आयलाई भन्दा पनि आचरणलाई, इमानलाई आधारको पहिलो खुड्किलो मानी शिक्षार्जन

गर्ने गर्दथे । यही परमम्पराबाट निसृत धेरै मनीषिहरू मन्त्रद्रष्टा ऋषिका रूपमा स्थापित भएर यसको सर्वोपरि महत्त्व र गरिमालाई सार्वभौम तुल्याएर चम्किएका थिए । हुन त शिक्षा अहिले पनि विकसित अवस्थामा छ तर तेत्तिस प्रतिशतको तघाराले थिल्थिल्याएर धेरै प्रतिभाशालीलाई अधमरो, अधकल्चो र अपाहिज बनाउने काम गरिरहेको छ एकातिर भने अर्कातिर यसले मानिस हैन फगत मेसिन जन्माउने, हुर्काउने र बढाउने काम गरिरहेको छ !

हाम्रो विधि लुते हुनुको दिव्य कारण पनि यही हो । हाम्रो नीति खुकुलो हुनुको कारण पनि यही हो । हाम्रो नियति निम्सरो हुनुको कारण पनि यही हो । तेत्तिसले नब्बेसँग हैन पचाससँग पनि प्रतिस्पर्धा गर्नसक्तैन । झन तेत्तिसमुनिका छिचिमिराहरूले त प्रतिस्पर्धाको कल्पना पनि गर्नसक्तैनन् । कालान्तरमा तिनै तेत्तिसमुनिका तागाधारीहरू, दलितहरू, आदिवासीहरू, जनजातिहरू भनौं असक्षम र अपाहिजहरू प्रतिनिधिको पगरी गुतेर सिंहाशनारुढ हुन पुग्दै छन् र विशिष्ट श्रेणीमा उत्तीर्ण हुने क्षमतावान्हरूलाई दलेर, जोतेर, रगडेर बुर्कुसी मारिरहेका छन् !

शिक्षा अहिले स्वाभिमानमुखी हुनुभन्दा पनि व्यवसायमुखी, मुनाफामुखी आयको आवश्यक अङ्ग बन्दै गइरहेको छ । यहाँ प्रत्येक इमान्दार मानिस असल सन्तति जन्माउनु हुर्काउनुभन्दा पनि डाक्टर, इन्जिनियर, पाइलट अथवा माननीय मन्त्री बनाउने चेष्टा गर्दछ । प्राज्ञ, प्रध्यापक कसैले बनाउन खोज्दैन किनभने प्राज्ञ, प्राध्यापकले अतिरिक्त आय गर्नसक्तैनन् । उनीहरू सधैं छक्कापञ्जाविहीन तरिकाले मियोमा बाँधेको गोरुजस्तै एउटै वृत्तमा नलीखुट्टीको मासी नगलुन्जेल फनफनी घुमिरहनछन् र गल्नथालेपछि विनाफिराद घर्लक्क एकै ठाउँमा थेचारिन पुग्छन् । मान्छेलाई मान्छे बनाउने दिव्यज्ञान र चेतना उनीहरूमा भए पनि सन्ततिलाई सातपुस्तासम्म सुकुलगुण्डा बनाउन पुग्ने धनार्जन गर्ने दिव्यदृष्टि हुँदैन । त्यसैले पनि प्रत्येक बाबु आफ्नो छोरोलाई भन्सारको, करको, यातायातको सके हाकिम नभए परिचर बनाउने चेष्टा गर्छ तर असल शिक्षक बनाउन खोज्दैन ।

प्राविधिक तह र राजनीतिमा अकुत आयआर्जन गर्नसक्ने सम्भावनाको धरोहर त्यसैको पार्श्वछायामा हरहमेसा उभिइरहेको हुन्छ । मुटु मिचेर आयआर्जन गर्नसक्ने विकल्पका धेरै नाकाहरू त्यहाँ मौज्दात हुन्छन् । कालो, निलो, पहेँलो, सेतो माध्यम पनि हुन्छ । अवैधानिकरूपले हत्याएको रकमलाई वैधानिकरूपमा चोख्याउनसक्ने शक्ति, सामर्थ्य र स्रोत पनि हुन्छ । अदनाको रगतमा पौडन यिनीहरू सजिलै सक्छन् । असहायको आलो रगतले आचमनी गरेर उग्राउन उनीहरूलाई बेरै लाग्दैन । उनीहरू त्यही शिक्षामा दीक्षित भएर आएका हुनाले उनीहरूको हृदय नै पाषाण भइसकेको हुन्छ । नभए पनि पार्दै लैजान्छन् । यो शिक्षाको मौलिक विशेषता भनेको नै यही हो ।

सतहमा देखिने र त्यसको अन्तर्यमा

मौज्दात हुने बेलगाम व्यभिचारको कुरूप आकृतिको असली स्वरूप छुट्याउन नजानेर हो कि नसकेर हो यसको पिरो खारले अन्तरमनलाई नै भष्म पार्ने खालको ज्वाला भित्रभित्रै भकभक उम्लन थाल्छ । कुनै पनि कुरा बुझ्केर, जानेर, सिकेर नसकिने रहेछ । अधुरो जीवनमा आकाङ्क्षाहरू पनि अधुरै छोडेर चोला बिसाउन पुग्नुपर्ने रहेछ । यस्तो गतिछाडा परम्परालाई अनुशरण गरी अघि बढ्न स्वाभिमान भनाउँदो जिनिस पटक्कै मान्दैन । जहिले पनि यही विन्दुमा टेकेपछि मेरा लुला खुट्टा धर्मराउन थाल्छन् । अनि एक्कासि मुटुमा गाँठो पर्छ र भक्कानिन पुग्छु ।

❑ कविता

सिंह गर्जेको सुनिएकै छैन

❖ खडकराज गिरी

कति भयो, भयो
सिंह गर्जेको सुनिएकै छैन
जब सिंह गर्जिन्थ्यो
वनै चानोमानो पर्थ्यो
आज सिंह गर्जेको छैन
कोकोहलो छ वनैभरि
वन भन्छन्
मासिइसक्यो
गर्जनको साटो
सुस्केरा आइरहन्छ
मेरा आँखाअधि
लम्पसार परेको वन
भित्रभित्रै दन्किरहेछ
सखाप पार्छ कि क्या हो
एउटा बिउ भए पनि सिंहको
खोज्नुपर्ने सोच्दै छु
दिनोदिन धौ धौ पऱ्यो सास फेर्न
नयाँ जमात
चुनिएकै छैन
कति भयो, भयो
सिंह गर्जेको सुनिएकै छैन ।

भारत

❑ संस्मरण

सन्तवीरको ज्यादती र कमरेड मोहनको अन्त्य

❖ केदार सापकोटा

अघि वि.सं. २०१७ सालतिरको एक दिन इलाम बजारमा तत्कालीन बडाहाकिम सन्तवीर लामाका विरुद्ध विरोध जुलुस हुँदै थियो। म आज मामासँग जुलुसमा भाग लिन आएको थिएँ । मैले देखेको र भागै लिएको पहिलो जुलुस ठुलै त भन्नुपर्ला बजारैभरि मान्छे नै मान्छे देखिन्थ्यो। त्यो दिन सन्तवीर इलामको दोस्रोपटक बडाहाकिम भएपछिको पहिलो आगमन रहेछ।

सन्तवीरलाई लोकप्रिय र विकासप्रेमी प्रशासक पनि भनिदोरहेछ तथापि जिल्लाका एकजना सामन्तको ज्यादतीविरुद्ध उभिएका स्थानीय जनतालाई बडाहाकिम स्वयम् त्यही एक्लो सामन्तको पक्षपोषणमा लागेर जनतालाई कम्युनिस्टको रङ दल्दै दुःख दिने गरेको र बडाहाकिमकै पहलकदमीमा तत्काल निर्माणाधीन राजदुवाली पुल निर्माणार्थ घरलौरी सङ्कलित चन्दा रकमको हिसाबकिताब पारदर्शी बनाउन माग राख्दै गरिएको त्यस दिनको विरोध जुलुसको अग्रभागमा पाटी नेता कमरेड ज्ञानीराम भट्टराई हुनुहुन्थ्यो भने अन्य सहभागिहरूमा धेरैजसो सोयाङ र नामसालिङका स्थानीय नेताहरू महेश्वर चापागाईं, रुद्रप्रसाद चापागाईं, रोमनाथ नन्दीकेशर सञ्जेल, काशीनाथ भट्टराई, खड्गबहादुर कठेत, रविलाल ढुङ्गेल मधुशूदनमोहन चापागाईं, तिलविक्रम ढकाल, अम्बरबहादुर घिमिरे र हस्तबहादुर तामाङलगायत मैले चिनेका र नचिनेका धेरै महिला र पुरुष सहभागी हुनुहुन्थ्यो। महिला नेत्री दुलालनी आमैको सक्रियता हेर्नलायक देखिन्थ्यो।

जुलुसको लर्को निकै लामै थियो । चोकबजारलाई केन्द्रभागमा राखेर लाँकुरी चौतारो, बन्दव्यवसाय हुँदै उँभोबाट मालापथ परिक्रमा गर्दै चोकबजारमा आएर आठदशपटक जति बजारभित्रै घुमिरह्यो । एकडेढ घण्टाको नाराजुलुसपछि त्यो दिनको कार्यक्रम सकिएछ । सबैले आआफ्नो व्यवसाय समाल्दै बसे पनि विक्रीबट्टा थिएन, बजार ग्राहकशून्य देखिन्थ्यो।

हेर्दाहेर्दै बजारमा महिला र केटाकेटी मात्रै देखिन थाले, धेरैजसो नेताकार्यकर्ता पाटी अफिसतिर छिरेछन्। पहिला इलाम त्यसपछि झापा र अन्त्यमा झापा र इलाम दुबै जिल्ला हेर्नेगरी दुबै जिल्लाको बडाहाकिम हुन सफल सन्तवीर यो सफलतासँगै दुबै जिल्लाका कम्युनिस्ट ताछ्नसक्ने गरी सजिलो तर्क र बहानाका साथ ठुलै शक्ति प्रदर्शन गर्न इलाम आउँदै गरेका भनिएका बडाहाकिम लामालाई

विरोध जनाउन त्यो दिनको विरोध र्‍यालीको आयोजना गरिएको रहेछ ।

झापाबाट बडाहाकिम आउने, आइपुग्ने लागे, मान्छेहरू खासखुस खासखुस गर्नलागे । हामी धेरैजसो बडाहाकिम हेर्न लालायित थियौँ । सन्तवीर पहिलोपटक बडाहाकिम भएर इलाम आउने दिन पनि म हेर्न आएको थिएँ, यद्यपि त्यो दिन ठुलो भिडभाड र दुर्घटनासमेतका कारण थाती रहेको बडाहाकिम हेर्ने चाहना आज पूरा हुने भएपछि म त त्यत्तिकै खुसी छँदै थिएँ ।

आयो ! आयो ! मसिनो हल्ला चल्यो । गाडी देख्नासाथ म पनि हत्तपत्त रतन चौधरीको पेटीमा चढेँ । त्यो वेला पनि यो पेटी त्यस्तै थियो, अहिले पनि त्यस्तै छ ! गाडीको ताँती हाम्रै अगाडिबाट विस्तारै अगाडि बढ्यो । सन्तवीर बिचको गाडीमा रहेछन् चिनाइराख्नै नपर्ने । उनको ज्यानैले चिनियो सन्तवीर भन्ने । मैले त त्यस्तो मान्छे देखेकै थिएन त्यति वेलासम्म ! अति ठुलो टाउको, त्यस्तै ठुलो अनुहार, ढाड र काँध पनि एउटैजस्तो रातो न रातो आगोको डल्लोजस्तो लाग्यो मलाई सन्तवीर ! गाडी अगाडि बढ्यो हामी बजारभित्रै छरियौँ ।

बडाहाकिमको गाडी दरबारतिर लागेको एक घण्टै भएको थिएन होला, टाट्नाका भाटाजस्ता एकपट्टि तिखा पारिएका काँचा भाटा बोकेका खाकीधारी पुलिसहरू बजारभरि जताततै कुद्न थाले, हामी चेपचापमा छलिएर हेर्नथाल्यौँ । पुलिसले जसलाई पायो त्यसलाई तान्न, समाउन र हिर्काउन थाल्यो !

गाउँले व्यापारीका दाल, चामल र चिउरासहितका डाला र थुन्सेहरू जतासुकै लडाइए ! बजार सिलिङबिलिङ भयो । मेरा मामा कता लाग्नुभयो पत्तै भएन । मजस्ता धेरैका अभिभावक बेपत्तै थिए । बजार आएका सबैजसो हिँडनथाले, म पनि अरूसँगै हिँडेँ । बेलुका घर पुगियो मामा धेरै राति मात्र आइपुग्नुभएछ । भोलिपल्ट मात्रै सबै कुरा थाहा भयो हिजो इलाममा के के भयो भन्ने ।

बडाहाकिम आएको केही बेरमै बजारभरि पुलिस कुदेका, जथाभावी मान्छे समातेर लछारपछार गरेको त हामीले बजारमै देखेकै थियौँ । त्यही वेला पुलिस अफिसनजिकै रहेको नेकपाको अफिसभित्रै पसेर धरपकड सुरु गरेछ । भित्रै कुटाकुट, कुदाकुद, लछारपछार र भागदौड हुँदा धेरैजसो नेता, कार्यकर्ता त पुलिस पन्साउँदै छलेर उम्कन सफल भएछन् । अफिसभित्रै रहेका नेता कमरेड ज्ञानीराम भट्टराई, कमरेड खड्गबहादुर कठेत, कमरेड मधुशूदन र मोहन चापागाईं तथा अम्बरबहादुर घिमिरेलाई पुलिसले लगेछ ।

प्रतिपक्षी पाटीका पराजित सांसदजस्तो नेतालाई भेटसम्म नदिई बर्बरतापूर्वक यातना दिइएछ । नेता ज्ञानीरामका सबै दाँत हल्लिनेगरी कुटियो रे ! सबैभन्दा पाका नेता खड्गबहादुर कठेतलाई दुबै घुँडाका पाङ्ग्रा बाहिरै झुन्डिने गरी कुटिएछ ! पक्राउ परेका सबैभन्दा कम उमेरका बलिया र बाङ्गा जबानहरू अम्बरबहादुर घिमिरेका अगाडिका सबै दाँत झारिएछ ! बाइस-पच्चिसका

भर्भराउँदा युवक अम्बरबहादुरजी थोतै हिँडेको देखिन्थ्यो, सायद उहाँ अझै थोतै हुनुपर्छ क्रित्रिम दाँत नलगाइएको भए । अन्य दुई दाजुभाइ मधुशूदन र मोहन चापागाईंमध्ये मोहनको बाहिरी चोटपटक नदेखिए पनि निकै दिनसम्म हिँडडुल गर्ने नसक्नेगरी कुटिएछ भने कुटाइ खाएरै पनि मधुशूदनको बाहिरी चोटपटक केही देखिएन रे ।

इलाम घटनाको केही दिनपछिको एक बिहान मेरा सहपाठी साथी खुलाल मगर (खगेन्द्रजी) उहाँ अहिले मगर समुदायको पुरेत्याइँ गर्नुहुन्छ, त्यो बिहान खेतमा काम गर्दै गरेका साथी खुलालका दाइ अगम र भाउजूलाई चिया लिएर खेतमा पुग्नुभएछ । पहिला त्यतातिर नदेखिएको एउटा डुलुवा कुकुर उहाँले देख्दादेख्दै दाजु अगमको पिँडौलामा झुण्डिएछ ! तीनैजनाले हा ..हा हो ..हो गर्दै भाटा, लाठाले हिर्काएपछि दाँत गाडेको पिँडौला छोडेर दौडिएको कुकुर हेर्दाहेर्दै डोकोभरि मलको भारी बोकेर खेततिर झर्दै गरेका मोहन चापागाईं त्यहींको कुटी (मन्दिर)नजिक पुग्नुहुँदा दौडिँदै आएको त्यही कुकुर मोहनको पाखुरामा दाँत गाडेर झुण्डिन पुगेछ ! भरखरैको पुलिसकुटाइबाट तङ्ग्रिइनसकेका मोहन आत्तिँदै मलको भारी फ्याँकेर कुकुर छुटाउने प्रयास गर्दा पनि कुकुरले नछाडेको देखेपछि नजिकै रहेका खुलाल दाजुभाइ र भाउजूसमेत तीनैजना लाठा, भाटासँगै दौडँदै गएर हिर्काएर कुकुर भगाएपछि सबै मिली कुकुर लखेटेर मारेर त्यतैतिर गाडेछन् । दाइहरू अगम र मोहन दुबैलाई एउटै बिहान एउटै कुकुरले टोकेको र त्यो कुकुर मारी, गाडी गर्ने भुक्तभोगी साथी खगेन्द्रजी अहिले पनि वेलामौकामा त्यही दिनको स्मरण गराउँदै त्यतैतिर देखिनुहुन्छ । उहाँका अनुसार दाइ अगमले के के जडीबुटी खाएर हो त्यत्तिकै आराम हुनुभयो भने त्यही कुकुरले एकै छिनपछि टोकिएका मोहन चापागाईं दुईतीन दिनदेखि बिमारी बढ्दै गएर अन्त्यमा एक दिन सन्तवीरका पुलिसको कुटाइको पीडाबाट राम्रो मुक्ति नपाउँदै भुस्याहा कुकुरको टोकाइसमेतको पीडा थपिएपछि कुटाइको उनन्चालिसौं दिनमा मृत्युभएको खबरले उहाँका आफन्तजनहरू पाटीका सहकर्मीबिच आखिर मर्ने पर्ने रहेछ, कम्तीमा चार दिनअगाडि नै मरिदिएको भए कानुनी उपचार त पाइन्थ्यो र अपराधी भोटेको पनि दोहोलो काडिन्थ्यो भन्दै हिँडेको सुनिन्थ्यो ।

आज पनि यो घटनालाई जीवित राख्दै मोहनकी पत्नी क.इन्दिरा चापागाईं उहाँलाई सहिद घोषणा गराउन प्रयत्नरत रहेको व्यहोरा वेलाबखत चर्चामा आउने गरेको भए पनि यस घटनाका जानकार प्रत्यक्षदर्शी हामीजस्ता फुच्चे एकदुई बाँकी भए पनि पाटीभित्र जिम्मेवार कोही नभएकै कारण उहाँको माग कार्यान्वयनमा आउननसकेको यथार्थ कसले बताउने ? हिजोको त्यो कालरात्रि सम्झिँदा र अहिले भोगिरहेको लोकतन्त्र सम्झिँदा एउटा बडाहाकिम जो कर्मचारी मात्र थियो त्यसको ज्यादतीका विरुद्धमा प्रदर्शन गर्दा पाएको यातनाकै कारणले होनहार व्यक्तित्वको ज्यानै गयो तर आज लोकतन्त्रमा प्रधानमन्त्रीको पनि विरोध त गर्न पाइन्छ नि । मेरो मनमा लोकतन्त्र र निरङ्कुशतन्त्रबिचको फरक यसैगरी मडारिइरहन्छ ।

❑ गीत

❖ **विश्व सिग्देल**

गीत

भाँडा पखाल्ने भाइ, ए टेबुल पुछ्ने दाइ
खकालिदेऊ न, पुछिदेऊ न
हामी सुकिलाको दिमागलाई ।

मान्छेले छुँदा दाग लाग्लाभनेँ गर्ने हामी मान्छे
दिमाग-ढल छोप्न अत्तर छर्ने हामी मान्छे
लुट्न छैनौं पिट्न छैनौं, कोही कत्तै पछि
आफैंलाई विवेकीको उपमा भर्ने हामी मान्छे

गाली बेर्थै कुकुरलाई, हुँडार र ब्वाँसोलाई
तिनलाई जित्ने दाउपेचमा, अघि सर्ने हामी मान्छे
श्रम गर्नेले बोकेको छ देशको अभिभारा
हामी सुकिला आफैं बेचिन पछि नपर्ने मान्छे ।

गीत

आँसुको भयो पोखरी, आँसुको भयो पोखरी मनभरि
आँसुको भयो पोखरी, केही छैन लौ न लौ ओखती

काली बग्न सम्म रोज्न्या, कर्णाली नि सम्मै
मैले बाँच्न सम्म रोज्याँ, भयो भताभुङ्रै
खालि भो मायाको टोकरी, खालि भो मायाको टोकरी
आँसुको भयो पोखरी, केही छैन लौ न लौ ओखती

खास्टो ओढाइ न्यानो दिइन्, त्यो तातो काखैमा
दुःख मिच्थिन् छातीभित्र, यी सुक्खा पाखैमा
सुख दिन्छु सोच्थेँ गरेर नोकरी, आमा गरेर नोकरी
आँसुको भयो पोखरी, केही छैन लौ न लौ ओखती !

बनेपा, काभ्रे

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

– शब्द-संयोजन परिवार

❖ निरन्तर...

एक पसर उज्यालो लिन आएँ

❖ वासुदेव अधिकारी

पहाड चढ्दै आएँ
हिमाल हेर्दै आएँ
शैलुङ ! तिमीसँग
मनको बह बिसाउन आएँ ।

बाटाको धुलो तलै झार्रै
जिउको थकाइ बाटोमै फाल्दै
गुराँस हाँगा समाउँदै
गुराँस मुस्कानमा आफूलाई भुलाउँदै
तिम्रो अवस्थिति हेर्न आएँ
शैलुङ, प्रकृतिसँग रमाउने
आफ्नै धोको फेर्न आएँ ।

तिमी दूरीमा
म अव्यवस्थाको हुरीमा
कतै सुनेको थिएँ
तिम्रो समृद्ध मन
थुम्कै थुम्काको निक्षेपण
र भव्य प्राकृतिक गाथा
सुस्तरी सुस्तरी
म त्यो वैभव हेर्न आएँ

शैलुङ !
म तिम्रा चुलीहरू गन्न आएँ ।

मैले बुद्ध भेटेको छैन
तर बुद्ध हिँडेको बाटो
खुब मन पर्छ मलाई
मैले महादेव भेटेको छैन
तर महादेवको शिवत्व
खुबै मन पर्छ मलाई
अन्त पनि हिँडे होलान् बुद्ध
अन्त पनि चहारे होलान् महादेव
तिनीहरूको शैलुङ पदचाप स्वादिलो लाग्छ ।

शैलुङ !
म किम्बदन्तीको फेर समाउँदै आएँ
गाथाहरूमा रमाउँदै रमाउँदै आएँ
असिनाले चुटिएको मलाई
हिउँ हेर्ने रहर थियो
सेताम्य हिउँ छुने रहर थियो
हिउँमा लडिबुडी गर्ने रहर थियो
हिमाल पुग्न नसकेरै
तिमीसामु आएँ ।

शैलुङ !
धक फुकाएर हिउँ छुन आएँ
म अब तिम्रो हुन आएँ
हिमाल बिर्साउने हिउँ
फाँट बिर्साउने चौर
चौंरी डाक्ने घाँस
डाँफे नचाउने मौसम
कसले दियो तिमीलाई ?
कसले निर्देशन दियो
वैभव च्यापी चूपचाप एकान्तमा बस्न ?

शैलुङ !
म तिम्रो उरको
वैभव हेर्न आएँ
समृद्धिका केही हरफ

कविता कोर्न आएँ
पुराना पुराना धामहरू
अठोटका बलिया थामहरू
गुफा/ढुङ्गामा कुँदिएका इतिहास
मन मनमा अभिलिखित सौन्दर्यले
धपक्क बलेका छौ तिमी
वैभवको लटरम्म हाँगा फलेका छौ तिमी !

शैलुङ !
म त्यै उज्यालो लिन आएँ
उन्मुक्त प्रकृतिसँग लहसिन धाएँ
प्रकृति साँच्चै दानी छ
दानीले दियो भन्दैमा
कति थाप्न सकेको तिमीले ?
निलो आकाश
सेताम्य हिउँ
चराका चिर्बिर
कुहिराको फेटा
सबै सबै तिमीसँग
सधैँ सधैँ तिमीसँग !

शैलुङ !
म वैभव थाप्ने अञ्जुली चिन्न आएँ
आफ्नो सङ्कीर्णता निफन्न धाएँ

शैलुङ !
गोल्मा राजा, गोल्मा रानी
लोकथामा साउती गर्थे
लोकथामै पिरती गाँस्थे
जडीबुटीको बास्ना सुँघ्दै
तिनको प्रीति सुसेली सुन्न आएँ
म तिम्रो समृद्धिबाट
एक पसर उज्यालो लिन आएँ ।
तिमी दूरमा छौ
अटल ध्यानमुद्रामा छौ
स्वार्थमा रङ्मगिएका आफन्त
तिमीलाई नचिनेजस्तो गर्छन्
तथापि मुग्धता बाँडिरहन्छौ
कुहिरोले अँगालो हाले पनि
उज्यालोको गीत गाइरहन्छौ !

शैलुङ !
म पनि मन पराउँछु
उज्यालोको गीत
कर्मशील जीवन
म तिमीसँग त्यही गीत सिक्न आएँ
म एक पसर आशावादिता लिन आएँ
तिमी घाममा मुस्कुराउँछौ
तिमी जूनमा पुलकित हुन्छौ
शीतले भिज्छौ
कुहिरो ओढ्छौ
हिउँको तन्ना ओछ्याउँछौ
र गाइरहन्छौ जीवनगीत ।

प्रिय शैलुङ !
तिमीले भोगेको जीवनको
उज्यालो, अँध्यारो अंश हेर्न आएँ
सकस र रोमाञ्चको चित्र कोर्न आएँ
एक पसर उज्यालो लिन आएँ
(लेखिँदै गरेको लामो कविताको अंश)

१७ चैत ०७८

बजारमा कृति

कृति : निगालझाप्राका सुसेली
विधा : कविता/गीतसङ्ग्रह
लेखक : गङ्गाप्रसाद ढकाल
प्रकाशक : सीताराम पदमकुमार फाउन्डेसन
मूल्य : –
प्रकाशन वर्ष : २०७८



बजारमा कृति

कृति : साबिती बयान
विधा : संस्मरणसङ्ग्रह
लेखक : राम विनय
प्रकाशक : भुँडी पुराण प्रकाशन, काठमाडौँ
मूल्य : ३९०।–
प्रकाशन वर्ष : २०७८

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा कवि गोष्ठी आयोजित

२०७८ चैत्र ७ । नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य (पद्य/काव्य) विभागद्वारा विश्व कविता दिवस (मार्च २१) का अवसरमा कवि गोष्ठीको आयोजना गरियो ।

प्रज्ञा-प्रतिष्ठानका साहित्य (पद्य/काव्य) विभाग प्रमुख प्रा.डा. हेमनाथ पौडेल सभाध्यक्ष रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति गङ्गाप्रसाद उप्रेतीले विश्व कविता दिवसका अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो भने प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव प्रा.जगत्प्रसाद उपाध्यायले स्वागत मन्तव्यसहित कार्यक्रममाथि प्रकाश पार्दै यो वर्षको विश्व कविता दिवसको नारा 'विश्वको भौतिक विकास, आन्तरिक प्रबोधन र प्राचीन भाषाहरूको संरक्षणमा कविताको भूमिका' रहेको जानकारी दिनुभएको थियो ।

डा.बेन्जु शर्मा, सुलोचना मानन्धर, मातृका पोखरेल, श्रवण मुकारुङ, नर्मदेश्वरी सत्याल, ईश्वरचन्द्र ज्ञवाली, विश्वविमोहन श्रेष्ठ, राजेन्द्र सलभ, दयाकृष्ण राई, नरनाथ लुइटेल, नन्दकृष्ण जोशी, मित्रलाल पंज्ञानी, सीता शर्मा, वासुदेव अधिकारी, डा. नेत्र एटम, प्रभा भट्टराई, डा. रामप्रसाद ज्ञवाली, गङ्गा सुवेदी, शोभा दुलाल, रमेश पोखरेल, लक्ष्मण गाम्नागे, गोविन्द घिमिरे 'वेदमणि', वैरागी जेठा, विना थिङ, जयन्ती सत्याल, हेमन्त विवश, अयोध्यानाथ चौधरी, सन्तोष पोखरेल, राम विनय र हरिकला उप्रेतीले कविता सुनाउनुभएको थियो ।

कार्यक्रममा प्राज्ञ परिषद् सदस्य डा.देवी नेपालले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन प्राज्ञ सभा सदस्य एवम् सञ्चार तथा डायास्पोरा संयोजक शशी लुमुम्बूले गर्नुभएको थियो ।

साहित्य सन्ध्यामा 'साहित्यमा अध्यात्मवाद र भौतिकवाद' विषयक परिचर्चाका साथ कविगोष्ठी सम्पन्न

साहित्य सन्ध्याको नियमित मासिक ४२६ औँ शृङ्खला चैत्र ५ गते अपराह्न १ बजे **जुम एप**को माध्यमबाट प्रविधिमैत्री गोष्ठीको आयोजना गरी सम्पन्न गरियो । सन्ध्याका अध्यक्ष **राम विनय**को अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा प्रमुख अतिथिका रूपमा दार्शनिक चिन्तक **प्राज्ञ विष्णु प्रभात** उपस्थित हुनुहुन्थ्यो भने अतिथिका रूपमा युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका उपाध्यक्ष डा.फणीन्द्रराज निरौला, डा.देवी दुलाल क्षेत्री, डा.नारायण चौलागाईं, डा.हरिप्रसाद सिलवाल, डा.हिरण्य ज्ञवाली, शेषमणि आचार्य, गायत्री चापागाईं, कृष्ण बाउसे, सीताराम पद्मकुमार फाउन्डेसनकी उपाध्यक्ष विन्दु अधिकारी ढकाल, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'वेदमणि' अग्रज स्रष्टाहरू डम्बर पहाडी, तारा गाउँले उपस्थित हुनुहुन्थ्यो ।

साहित्य सन्ध्याका उपाध्यक्ष रमेश पोखरेलको प्रविधि व्यवस्थापन तथा कोषाध्यक्ष गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न भएको उक्त गोष्ठीमा प्रमुख अतिथि **प्राज्ञ विष्णु प्रभात**ले '**साहित्यमा अध्यात्मवाद र भौतिकवाद**' विषयमा विशद चर्चा गर्नुभएको थियो ।

गोष्ठीमा डम्बर पहाडी, खेमराज निरौला, तारा गाउँले, गणेश घिमिरे 'मार्मिक', प्रमोद स्नेही, गोविन्द घिमिरे वेदमणि, विन्दु अधिकारी ढकाल, गायत्री चापागाईं, भावना न्यौपाने, डा.हरिप्रसाद सिलवाल, गङ्गा कमाचार्य पौडेल, उर्मिला पन्त पाण्डेय, गायत्री लम्साल, भगतदास श्रेष्ठ, तारक धिताल, शेषमणि आचार्य, कृष्ण बाउसे, रमेश पोखरेल र राम विनयले आआफ्ना कविता, गीत, एलाक वाचन गर्नुभएको थियो भने वाचित सिर्जनामाथि **डा.देवी दुलाल क्षेत्री** (**इलाम**)ले टिप्पणी गर्नुभएको थियो ।

❑ अनुभूति

अवैज्ञानिक कुरामा विश्वास गर्नु वैज्ञानिक चेतनामूलक ज्ञानको कमी हो

❖ गोपीरमण उपाध्याय

'**पूर्वीय दर्शन र भौतिकवाद**'जस्तो गहन विषयमा बोल्ने जिम्मेवारीका साथ एउटै यन्त्रबीकेसमा देशैभरिबाट सबैजना अटाएर कविताको श्रवण गर्ने साहित्य सन्ध्याको आजको यो विशेष समारोहमा उपस्थित हुने अवसरले मलाई अत्यन्तै आनन्दानुभूति भएको छ । पूर्वीय वाङ्मयअन्तर्गत वैदिक साहित्य, उपनिषद, वेद, पुराण पर्दछन् । यी सबैमा दर्शन कहाँ कहाँ छ त ? भनेर चिन्तन गर्ने काम गर्दै पुष्पलालले 'आदिम युगमा मातृसत्तात्मक समाज' शीर्षकको निबन्ध २०२७/२८ सालतिर लेख्नुभएको छ । २०३० सालमा युद्धप्रसाद मिश्रको अध्यक्षतामा 'नेपाली जनवादी सांस्कृतिक सङ्घ' स्थापना भयो र नेपाली जनवादी संस्कृति कस्तो हुनुपर्छ भन्ने विशद धारणा प्रस्तुत गर्दै हाम्रो समाजमा पुर्पुरो, परमेश्वर, पुनर्लोक, पुनर्जन्म र परम्पराजस्ता पाँचओटा अन्धविश्वासयुक्त कारणले समाज परिवर्तन गर्न कठिन भएको हुँदा प्रगतिशील चेतना र वैज्ञानिक शिक्षाका माध्यमबाट जडताको अन्त्य गर्नसकिन्छ भन्ने मान्यता अघि सार्नुभएको छ ।

यो जीवनजगत् कसले बनायो ? यो जीवनजगत् कसरी बन्यो ? भन्ने यिनै दुइटा पश्नको उत्तरसँगै दुइटा फरक फरक धार छुट्टिन्छन् । कसले बनायो भन्दा ईश्वरले भन्नेहरू अध्यात्मवादी र कसरी बन्यो भनी विज्ञानसम्मत खोजी गर्नेहरू भौतिकवादी मानिन्छन् । अर्थात् हाम्रो समाजमा कर्तृत्ववादी र कारणतावादी दुई अलग शिविर रहेका छन् । पहिलोले विचारअनुसार संसार परिचालित हुन्छ भन्छ भने अर्कोले भौतिक परिस्थितिले विचारको निर्माण हुन्छ भन्ने मान्यता राख्छ । यो चाहिँ पश्चिमाहरूले राख्ने मान्यता हो । यथार्थमा मानव चिन्तन र चेतना चाहिँ पूर्वको पश्चिमको जताको भए पनि गम्भीर चिन्तनमनन गरी समाजोपयोगी पार्नुपर्छ भन्ने नै वैज्ञानिक मान्यता हो । समाजमा भौतिक उत्पादनसँगै सांस्कृतिक उत्पादन पनि हुन्छ । विज्ञानले वस्तुगत सत्य र नियमलाई खोज्छ भने अध्यात्मले सृष्टिको आदर्श कुरा गर्छ । आदिम युग, दास युग, सामन्तवादी युग, पुँजीवादी युग र समाजवादी युग भएजस्तै दर्शन पनि त्यहीअनुसार विकसित हुँदै समाजवादी युगमा आइपुग्दा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादसम्म पुगेको छ । पवित्रताका लागि होइन समस्याको समाधान खोज्ने प्रयत्न नै वैज्ञानिक आधार हो । समाज र चेतना सँगसँगै जानुपर्छ । प्राणीको रूपमा मानवविकास तीन करोड वर्ष पहिले भएको मानिन्छ तर समाजविकासमा मानवको उत्पत्ति चाहिँ धेरै पछि मात्र भयो । सम्पत्तिको विभाजन सुरु भएपछि वर्ग विभाजन भएको हो । वेदमा पनि यज्ञाग्नि र गृहाग्नि भनेर वर्णन गरिएको छ । यज्ञाग्निमा गणसमाजको चर्चा छ तर पछिल्ला समयमा वेद भनेको मर्दा शुद्ध पार्ने मन्त्रका रूपमा मात्र लिइयो । अवैज्ञानिक कुरामा विश्वास गर्ने भनेकै वैज्ञानिक चेतनामूलक ज्ञानको कमीले हो । पूर्वीय दर्शनका अन्धविश्वासयुक्त कुरा छाडेर वस्तुगत र प्रामाणिक पक्षलाई ग्रहण गर्नुपर्दछ ।

रमेश पोखरेल *(साहित्य सन्ध्याको ४२२ औं शृङ्खलामा चिन्तक गोपीरमण उपाध्यायले व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*